# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

पाठ्यक्रम एउटा व्यवस्थित शैक्षणिक योजना हो । पाठ्यक्रम शैक्षिक क्षेत्रको निर्दिष्ट लक्ष्यसम्म पुग्ने माध्यम हो । पाठ्यक्रम विधार्थी, शिक्षक तथा शिक्षासँग सरोकार राख्ने जो कोही व्यक्तिका निम्ति आवश्यक योजना हो । मूलत. यो शिक्षण सिकाइका माध्यमबाट विधार्थीहरूलाई गन्तव्य स्थानसम्म पुऱ्याउन सहयोग गर्ने महत्त्वपूर्ण योजना हो । यसको निर्माण गर्नेसन्र्दभमा विधार्थीको आवश्यकता, रूचि स्तर, भाषिक पृष्ठभूमि, उमेर, सामाजिक एवम् साँस्कृतिक अवस्था आदिलाई सचेतनार्पूवक तयार पारिएको हो । यसमा भाषिक सिप आर्जनका निम्ति पूर्व संङ्गठित रूपमा व्यवस्थित गरिएको हुन्छ ।

पाठ्यक्रम अँग्रेजी भाषाको 'करिकुलम' शब्दबाट नेपालीमा रूपान्तरण भएको हो । 'करिकुलम' शब्दको उत्पत्ति ल्याटिन भाषाको कुरेर बाट भएको हो जसको शाब्दिक अर्थ दौडको मैदान भन्ने बुझिन्छ (पौडेल, २०६७: १) । पाठ्यक्रमलाई शिक्षाको उद्देश्य पुरा गर्नका लागि बनाइएको समग्र कार्यक्रमका रूपमा लिने गरिन्छ । पाठ्यक्रमले विद्यालय तथा महाविद्यालयका कुनै तहको कार्यक्रमलाई प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रमभित्र विधार्थी समाज तथा राष्ट्रका अपेक्षाहरूको समुचित रेखाङ्कन हुन्छ । पाठ्यक्रमले निर्धारण परिधिभित्र रहेर शिक्षण प्रक्रियामा विधार्थी र शिक्षकलाई अध्ययन अध्यापनका लागि सजिलो पार्न तयार पारिएको सहायक सामग्री पाठ्यपुस्तक हो । पाठ्यपुस्तक पाठ्यक्रमले निर्धारित गरेका उद्देश्य तथा उपलब्धि प्राप्तिका लागि तयार पारिन्छ ।

पाठ्यक्रमभित्र तहगत, कक्षागत विषयगत एवम् पाठगत उद्देश्यहरू निर्धारित गरिएका हुन्छन् । शिक्षण गर्दा आवश्यक पर्ने शैक्षिक सामग्री, शिक्षण विधि एवम् मूल्याङकन प्रविधि समेत प्रत्येक सिपका लागि स्पष्ट रूपले निर्धारण गरिएको हुन्छ (वाग्ले, २०५५: ९) । पाठ्यक्रम एक बृहत योजना हो । पाठ्यक्रमले राष्ट्रिय धरातलमा उभिएर राष्ट्र एवम् समाजको आवश्यकतालाई ख्याल गरी उपयुक्त जनशक्ति उत्पादन गर्ने आधुनिक तथा समसामायिक उत्पादन गर्न सहयोग पुऱ्याउँछ । पाठ्यक्रमले सिकारूको आवश्यकता र चाहनालाई ख्याल गरी सामाजिक परिवेश अनुकूल नवीन ज्ञान दिन सहयोग गर्दछ ।

पाठ्यक्रम एक शैक्षिक योजना भएकाले यसले शैक्षिक कार्यक्रममा विभिन्न उमेर तथा क्षमताका विधार्थीका लागि भाषिक सिप हासिल गराउन सम्पुर्ण शैक्षिक क्रियाकलापको पुर्व योजना निर्माण गर्दछ । पाठ्क्रमले शैक्षिक उपलब्धि हासिल गराउनका लागि महत्त्वपुर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

वैज्ञानिक र दार्शनिक विधिहरूको प्रयोग गरेर सम्बन्धित क्षेत्रका समस्याहरू सामाधान गर्ने उद्देश्यले सञ्चालन गरिएको एक व्यवस्थित खोजकार्य नै अनुसन्धानहो । भाषाका सम्बन्धमा नयाँ कुराको खोजी गर्ने, भाषाको इतिहास पत्ता लगाई भाषाको प्रयोग पक्ष र उपलब्धिवारे व्याख्या, विश्लेषण गरी नयाँ तथ्य पत्ता लगाउनु नै भाषिक अनुसन्धान हो । प्रस्तुत शोधकार्य 'कक्षादशको नेपाली पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण' शीर्षकमा रहेको छ । जसमा कक्षा दशको नेपाली पाठ्यक्रमको निर्माण प्रक्रिया कस्तो रहेको छ । विधार्थीहरूमा पाठ्यक्रमका प्रयोजनपरक कुराहरूमा समस्या देखिएको छ । त्यस्ता पक्षहरूलाई ध्यानकेन्द्रित भई पाठ्यक्रम विषयवस्तुका उद्देश्यहरूका रूपमा अभिप्रायका रूपमा निर्माण गरिनुपर्ने कुरा आवश्यक देखिन्छ । त्यस्ता पक्षहरूलाई विधार्थीले सहजै स्विकार्न सक्दछन् त्यसैले प्रस्तुत शोधमा कक्षा दशको नेपाली पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्री निर्माणसम्बन्धी अनुसन्धानात्मक कार्य गर्ने प्रयत्न गरिएको हो ।

## १.२ समस्याकथन

समस्या नै अनुसन्धानको मुख्य तत्त्व हो । गर्न लागेको अनुसन्धानमा समस्याको छनोटलाई एक महत्त्वपूर्ण कार्य भनिन्छ । समस्याको पहिचान गरी अनुसन्धानलाई प्रभावकारी बनाउन उद्देश्य र सीमाभित्र रहेर अगाडि बढ्न सकेमात्र अनुसन्धान कार्य प्रभावकारी र तथ्यपूर्ण बन्दछ । कक्षा दशको नेपाली पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीनिर्माण नैयस अध्ययनको समस्याका रूपमा रहेको छ । त्यसका साथै प्रस्तुत शोध निम्नलिखित समस्यामा केन्द्रित रहेको छः

(क) कक्षा दशको नेपाली पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्री निर्माण गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्यक्रमको मेरुदण्ड उद्देश्य हो । उद्देश्यले नै कार्यक्रमलाई गन्तव्यमा पुग्न मार्गनिर्देश गर्ने भएकाले उद्देश्य स्पष्ट रूपमा किटान गरिनुपर्छ । कुनै पनि शोधकार्यको उद्देश्य सम्बद्ध शोध समस्याहरूको प्रामाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । यसरी प्रस्तुत शोधकार्यको उद्देश्यले समस्याकथनमा उठान गरिएका विषयवस्तुको चुस्त दुरुस्त उत्तर पत्ता लगाउनु रहेको छ, जुन निम्न अनुसार रहेको छ :

(क) कक्षा दशको नेपाली पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण गर्नु,

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

कुनै पनि अध्ययन, अनुसन्धान, खोजकार्य आफैमा महत्त्वको विषयमा आधारित भएर पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण गर्नु आफैमा एक महत्त्वपूर्ण कार्य हो । भाषिक सीप प्रदान गर्नका लागिदक्ष र तालिम प्राप्त शिक्षकका साथ साथै उपयुक्त सन्दर्भ सामग्री पनि आवश्यक मानिन्छ । सन्दर्भ सामग्रीको सहायतावाट शिक्षण सिकाइ गरेमा सिकाई रूचिपुर्ण, उद्देश्यपुर्ण, व्यावहारिक र प्रभावकारी हुन्छ । त्यसकारणले भाषा विकास गर्न अनिवार्य आवश्यकता पर्दछ । भाषा शिक्षण गर्दा परम्परागत रूपमा गरियो भने लक्ष्य प्राप्त गर्न सकिँदैन । शिक्षण पनि मुर्त, प्रभावकारी रूचिपुर्ण हुँदैन । त्यसर्थ, भाषा सिकाइलाई चिर स्थायी, रुचिपुर्ण र प्रभावकारी वनाउन सन्दर्भ सामग्री प्रभावकारी हुन्छ । भाषालाई जिवन्तता प्रदान गर्न र प्रभावकारी वनाउन सन्दर्भ सामग्रीको महत्त्व रहेको छ ।

त्यसैगरी भाषालाई व्यावहारिक वनाउन, भाषाको जग बलियो वनाउन, भाषा दक्ष बनाई सिकाइलाई सरल र रोचक वनाउन, सन्दर्भ सामग्रीको प्रयोग विना शिक्षण गरे भाषिक सिप सिकाइ निरस हुने, लक्ष्य प्राप्त गर्न नसकिने हुँदा सन्दर्भ सामग्रीको प्रयोग आवश्यक छ । पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माणमा शोधकार्यले विद्यालयमा सन्दर्भ सामग्री निर्माण गर्नका लागि अभिभावक, विद्यालय परिवार, विधार्थी, शिक्षाप्रेमी आदिलाई सहयोग पुऱ्याउने भएकाले यस सन्दर्भ सामग्रीको निर्माण शोध कार्य औचित्यपुर्ण रहेको छ ।

## १.५ शोधको परिसीमा

प्रस्तुत शोधकार्यको शीर्षक कक्षा दशको नेपाली पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण रहेको छ । शोधकार्यमा आइपर्ने आर्थिक, भौतिक तथा समय अभावका कारणले गर्दा प्रस्तुत शोधकार्य निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत शोधकार्यमा कक्षा दशको नेपाली पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माणमा मात्र सीमित रहेको छ ।

(ख) पाठ्यक्रम विकास केन्द्रद्वारा २०६३ मा प्रकाशित कक्षा दशको नेपाली पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माणलाई आधार मानिनेछ ।

(ग) वर्तमान कक्षा दशको पाठ्यपुस्तकलाई आधार मानी पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित वनाउनका लागि विभिन्न अध्याय र त्यसअन्तर्गत शीर्षक र उपशीर्षक दिएर संरचित गरी शोधपत्रको रूपरेखा निर्माण गर्न सकिन्छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्नाअनुसार रहेको छ :

अध्ययन एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तीन : शोधविधि र प्रक्रिया

अध्याय चार : पाठ्यक्रम निर्माणसँग सम्बन्धित पक्षको विश्लेषण,

अध्याय पाँच : कक्षा दशको नेपाली पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण

अध्याय छ : साराशं, निष्कर्ष र उपयोगिता

शोधपत्रको अन्त्यमा सन्दर्भसामग्री सूची, परिशिष्ट र व्यक्तिवृत राखी शोधपत्रको पूर्ण रूप तयार गरिएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानकर्ताले गर्न लागेको अनुसन्धानसँग सम्बन्धित त्यस समयभन्दा पहिले के कस्ता पुस्तकहरू, अनुसन्धानहरू भए भनेर गरिने अध्ययन नै पूर्वकार्यको समीक्षा हो । सम्बन्धित विषयसँग सम्बन्धित पहिले गरेका कार्यहरूको अध्ययन नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यकोसमीक्षा गर्नाले अनुसन्धानकर्ताले गर्न लागेको विषय नदोहोरिनुका साथै गन्तव्यपहिचान गर्न सरल र सम्यक बनाउँदछ । यसभन्दा अगाडि लेखिएका पुस्तक, गरिएका शोधकार्य, लेख, शोधप्रबन्धक आदिमा उल्लेख गरिएका तथ्य. प्रर्माणका आधारमा समीक्षा गर्नु जरूरी हुन्छ । पूर्वकार्यको समीक्षाले यसअघि के कति कार्य भएका छन् र अब के कार्य गर्न बाँकी छ भन्ने जानकारी दिनुका साथै सबल पक्षको अनुसरण गर्दै र दुर्बल पक्षबाट बच्ने गरी आफ्नो शोधकार्यलाई अगाडि बढाउन सकिन्छ ।

### २.१.१ पुस्तक समीक्षा

शर्मा एन्ड शर्मा (२०६६) द्वारा लिखित पाठ्यक्रम र मूल्याङ्कन पुस्तकमा पाठ्यक्रमको परिचय, पाठ्यक्रम निर्माणका तत्त्वहरू, पाठ्यक्रम विकास प्रक्रिया, पाठ्यक्रम ढाँचाका रूपहरू, विद्यालय तहका पाठ्यक्रमको संरचना, राष्ट्रिय पाठ्यक्रमको खाका आदि पक्षहरू चर्चा गरिएको छ । पाठ्यक्रमको सैद्धान्तिक अवधारणा के हो ? पाठ्यक्रम निर्माण र विकास प्रक्रियाहरू के के हुन ? पाठ्यक्रमको प्रयोजनपरक पक्ष कस्तो हुनुपर्दछ ? कस्तो पाठ्यक्रम निर्माणले विधार्थीको आवश्यकतालाई पूरा गर्न सक्दछ भनी जानकारी दिइएको सो पुस्तक प्रस्तुत शोधकार्यका लागि महत्त्वपूर्ण हुने देखिन्छ ।

पौडेल (२०६७)द्वारा भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षा पद्धति नामक पुस्तक प्रकाशित भएको छ । सो पुस्तकमा भाषा पाठ्यक्रम निर्माणका सामान्य सिद्धान्त र वर्तमान पाठ्यक्रम, भाषा पाठ्यक्रम निर्माण वा सिद्धान्त र प्रक्रिया, भाषा पाठ्यवस्तुको छनोट र स्तरण, भाषा पाठ्यक्रमको अध्ययन, विश्लेषण, र निर्माण प्रक्रियाका आधार एवम् प्रक्रिया भाषा पाठ्यपुस्तकको अध्ययन, भाषा पाठ्यपुस्तकका विशेषता र पूरक सामग्रीको अध्ययन, भाषा पाठ्यक्रम सामग्रीका समस्या, भाषा पाठ्यपुस्तकको अध्ययन, विश्लेषण, र योजना तर्जुमा, नेपाली भाषा शिक्षणको परम्परागत पृष्ठभूमि र वर्तमान स्थिति र भाषा शिक्षणका

केही पद्धतिहरूको अध्ययन लगायतका दशवटा एकाइमा विभाजन गरिएको छ । सो पुस्तकको पुनरावलोकनले प्रस्तुत शोधप्रस्तावका लागि विश्लेषणका आधार सामग्री सङ्कलन लगायत सैद्धान्तिक आधार लिइनेछ ।

भट्ट (२०६७) द्वारा लिखित पाठ्यक्रम सिद्धान्त पुस्तकमा पाठ्यक्रमको अवधारणा, पाठ्यक्रमका ज्ञानका क्षेत्रहरू, पाठ्यक्रम विकास, पाठ्यक्रमकाआधारहरू, पाठ्यक्रम कार्यान्वयन, पाठ्यक्रम मूल्याङकनका उद्देश्यहरू आदि पक्षहरूको चर्चा गरिएको छ । जसले गर्दा विधार्थीहरूमा पाठ्यक्रमको सैद्धान्तिक ज्ञान, पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माणगर्दा ध्यान दिइएका ज्ञानका क्षेत्रहरू र कार्यान्वयन प्रक्रिया र निर्मित पाठ्यक्रमको लेखाजोखा आदि पक्षको जानकारी गराउने हुदा प्रस्तुत शोध सम्पन्न गर्नका लागि यो पुस्तक सान्दर्भिक र औचित्यपूर्ण रहेको छ ।

पौडेल (२०६९) द्वारा लिखित प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरूनामक पुस्तकमा पाठ्यक्रमको अध्ययनबारे चर्चा गरिएको छ । विद्यालय भित्र वा बाहिरको परिवेशमा भाषा शिक्षणका अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने विभिन्न प्रयासहरूलाई पाठ्यक्रम भनिन्छ । भने पाठ्यक्रमका उद्देश्यहरू भाषिक सिपसँग सम्बन्धित हुन्छन् र सुन्ने, बोल्ने, पढने र लेख्ने सिप, लेखन कला हासिल गराउनमा केन्द्रित हुने विषयवस्तु, शिक्षण प्रक्रियालाई क्रमिक रूपमा मिलाएर पाठ्यक्रमको निर्माण गरिएको पाइन्छ । शिक्षण प्रक्रियाभाषा पाठ्यक्रममा श्रव्य, दृश्य, स्पर्श, भाषा पाठ्यक्रमहरूको निर्देशन गरिएको पाइन्छ । भाषा पाठ्यक्रमको मूल्याङकन भाषिक उपलब्धि प्रावधानमा सहायक र सबलीकृत अध्ययनमा केन्द्रित हुने गर्दछ आदि भाषा पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीकोनिर्माण प्रक्रियाहरूको चर्चा सो पुस्तकमा गरिएको हुनाले सो पुस्तक प्रस्तुत शोधमा उल्लेख गर्दा उपयोगि हुनेछ ।

निउरे (२०६१) द्वारा पाठ्यक्रम अभ्यास पुस्तक प्रकाशित भएको छ । सो पुस्तकलाई ६ वटा अध्यायमा विभाजन गरिएको छ । जसअन्तर्गत पाठ्यक्रमको धारणा, पाठ्यक्रम विकासको व्यवस्थापन, मापदण्डमा आधारित पाठ्यक्रम, पाठ्यक्रम विकासका नमुनाहरू, पाठ्यक्रमको प्रवोधिकरण र कार्यान्वयन र नेपालमा पाठ्यक्रम विकास र कार्यान्वयनको अभ्यास रहेका छन् । सो पुस्तकको पुनरावलोकनले पाठ्यक्रम विकासका नमुनाहरूको अध्ययन लगाएर पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्री निर्माणको सैद्धान्तिक अवधारणा लिनको लागि सो पुस्तक सान्दर्भिक र औचित्यपूर्ण रहेको छ ।

### २.१.२ शोधपत्रको समीक्षा

ढकाल (२०७१) द्वारा 'कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तकका लागि नमुना पाठ निर्माण' शीर्षकमा स्नाकोतर शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा चारको नेपाली भाषा पाठ्यक्रमअनुरूप पाठ्यपुस्तकमा समाविष्ट हुन सक्ने पाठहरूको छनोट गर्नु, उक्त पाठलाई व्यवस्थित ढङ्गले निर्माण र स्तरण गर्नु, निर्मित पाठ्यक्रममा आधारित नमुना अभ्यास निर्माण गर्नु उद्देश्यहरू रहेका छन । सो उद्देश्यलाई परिपूर्ति गर्नका लागि पुस्तकालयीय अध्ययन प्रक्रिया अवलम्बन गरिएको छ । सो शोधपत्र तयार गर्दा प्राथमिक र द्वितीयक स्रोतबाट साम्रगी संकलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत पाठ्यक्रम (२०६५) लाई लिइएको छ र द्वितीयक सामग्रीका रूपमा शोधपत्रहरू, सन्दर्भ पुस्तक, पत्रपत्रिका, साप्ताहिक, मासिक बार्षिक पत्रिकामा प्रकाशित भएका रचना आदिलाइ लिइएको छ । प्रस्तुत शोधमा साहित्यका कविता, कथा, निवन्ध, जीवनी र संवाद पाँचवटा विधालाई समावेश गरी प्रत्येक पाठको पछाडि अभ्यास राखिएको छ । भाषाका आधारभुत सिपहरूलाई सन्तुलित रूपमा समावेश गरी सिर्जनात्मक सिपको विकास गराउन प्रस्तुत शोधको निष्कर्ष रहेको छ । प्रस्तुत शोधपत्रको पुनरावलोकनले प्रस्तुत शोधकार्यका लागि पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्री निर्माणको सैद्धान्तिक आधार लिइनेछ ।

काफ्ले (२०७२) द्वारा 'कक्षा दशको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण 'शीर्षकमा स्नाकोतर शोधपत्र तयार पारिएको छ । उक्त शोधमा कक्षा दशको नेपाली भाषा पाठ्यक्रमअनुसार उपयुक्त हुने नमुना पाठ छनोट गर्नु, निर्धारित विधिबाट नमुना पाठहरूमा आधारित नमुना अभ्यास निर्माण गर्नु उद्देश्यहरू रहेका छन् सो उद्देश्यलाई परिपूर्ति गर्नका लागि पुस्तकालय अध्ययन प्रक्रिया अपनाइएको छ । उक्त शोधमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत कवि सिद्धिचरण श्रेष्ठद्वारारचित 'वसन्त' कविता, हरि शर्माद्वारा रचित 'कोइरालाको शत्रु' कथा र डा. कृष्णहरि बरालद्वारा रचित 'महान वैज्ञानिक अल्वर्ट आइन्स्टाइनको जीवनी' र 'विधार्थी जीवन'नामक निबन्धलाई लिइएको छ, त्यस्तै द्वितीयक सामग्रीका रूपमा नेपाली विषयका पाठ्यपुस्तक, शोधपत्र, पाठ्यपुस्तक सन्दर्भ सामग्रीलाई लिइएको छ । प्रस्तुत शोधमा विधा छनोट गर्दा साहित्यका चारओटा सिपलाई ध्यान दिइएकोमा थप सिर्जनात्मक अभ्यास राखी यसबाट विधार्थीमा सिर्जनात्मक अभ्यासको विकास गराउनु यस शोधको निष्कर्ष रहेको छ ।

सो शोधपत्रको पुनरावलोकनले लागि प्रस्ताबित शोधकार्यका लागि सैद्धान्तिक आधार लिइनेछ ।

थापा (२०७२) द्वारा 'कक्षा चारको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण ' शीर्षकमा स्नातकोतर शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा चारको नेपाली पाठ्यपुस्तकका लागि नमुना पाठ छनोट गर्नु, कक्षा चारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट हुने पाठहरू स्तरण गर्नु, कक्षा चारको नेपाली पाठ्यपुस्तकका लागि नमुना अभ्यास गर्नु उद्देश्यलाई परिपूर्ति गर्न पुस्तकालय अध्ययन प्रक्रिया अवलम्बन गरिएको छ । उक्तशोधमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा निर्देशित कक्षा चारको पाठ्यक्रम र प्रस्तुत अध्ययनका पाठहरू, सम्बन्धित बालसाहित्यिक पुस्तकलाई लिइएको छ । भने द्वितीयक सामग्रीका रूपमा विभिन्न शोधमा कविता, कथा, चिठी, प्रबन्ध र जीवनीलाई विधाका रूपमा समावेश गरिएको छ । अभ्यास निर्माण गर्दा भाषाका चारवटै सिपलाई ख्याल गरिएको छ । विधागत रूपमा शिक्षण कार्यकलाप समावेश गरिएको छ । सिर्जनात्मक अभ्यास र व्याकरण शिक्षणका माध्यमबाट शुद्ध लेखन र प्रयोग तर्फ उत्प्रेरित गर्ने उद्देश्य राखिएको छ । सैद्धान्तिक पृष्ठभूमिको प्रयोग उन्मुख बिषयमा आधारित रहनु यस शोधको निष्कर्ष रहेको छ । यस पूर्वकार्यको समीक्षाले उद्देश्यको निर्धारण, सामग्री सङ्कलन सामग्रीको विश्लेषणको विधि तथा पहिचान गर्न सहयोग पुग्नेछ ।

लामिछाने (२०६३) द्वारा'कक्षा पाँचको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण' शीर्षकको स्नातकोतर शोधपत्र तयार पारिएको छ । सो शोधपत्रमा कक्षा पाँचको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट हुने विधाहरू छनोट र स्तरण गर्नु, कक्षा पाँचको नेपाली विषयको लागि पाठ्यपुस्तकमा आद्यारित नमुना अभ्यास निर्माण गर्नु उद्देश्य रहेका छन । सो उद्देश्यलाई परिपूर्ति गर्नका लागि पुस्तकालयीय अध्ययन प्रक्रिया अबलम्बन गरिएको छ । सामग्री सङ्कलन प्राथमिक स्रोत र द्बितीयक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर, पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रबोधिकरण सामग्री कक्षा पाँच, २०६६ शिक्षक निर्देशिका कक्षा पाँच २०६७ (पुन मुद्रण २०६९) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ लाई लिइएको छ भने द्वितीयक स्रोतका रूपमा विभिन्न पाठ्यपुस्तकहरू, पत्रपत्रिका, जर्नलहरू, विभिन्न व्यक्तिका समीक्षा टिप्पणी, पूर्वकार्यहरू अध्ययन प्रतिवेदन शोधपत्रहरूर नमुना पाठहरूलाई लिइएको छ । प्रस्तुत शोधमा विधा

छनोटका रूपमा कविता, कथा, निबन्ध र चिठीलाई समावेश गरी भाषाका चारवटा सिपलाई मध्यनजर गरिएकोछ । विधार्थीको उमेर स्तर, रूचि र क्षमतालाई ध्यानमा राखी पाठ्यवस्तु छनोट गरिएको छ । भाषाका चारवटै सिपलाई मध्यनजर गरि अभ्यासात्मक कार्यकलापहरू समावेश गरिएका छन् । विधा छनोटमा समावेशी पक्षलाई समेत ख्याल गरी नमुना प्रश्नहरू निर्माण गर्नु यस शोधको निष्कर्ष रहेका छन् । सो शोधपत्रको पुनरावलोकनले प्रस्तुत शोधपत्र पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्री निर्माणसँग सम्वन्धित पक्षकातत्त्वहरूको विश्लेषण प्रक्रिया र सैद्धान्तिक आधार लिन सहयोग पुग्नेछ ।

सापकोटा (२०७३) द्वारा'कक्षा तीनको नेपाली बिषयको नमुना पाठ्यपुस्तक निर्माण 'शीर्षकमा स्नाकोतर शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधमा कक्षा तीनको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट हुने विधाहरू छनोट र स्तरण गर्नु, कक्षा तीनको नेपाली विषयका लागि पाठ्यपुस्तकमा आधारित नमुना अभ्यास निर्माण गर्नु उद्देश्य रहेका छन । सो उद्देश्य परिपूर्ति गर्नका लागि प्राथमिक स्रोतअन्तर्गत पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरद्वारा निर्देशित कक्षा तीनको पाठ्क्रम र प्रस्तुत अध्ययनका नमुना पाठहरू छनोटका लागि ल्याइएका बाल साहित्यक पुस्तकहरू रहेका छन् भने द्वितीयक स्रोतका रूपमा शोधपत्र, कक्षा तीनको वर्तमान पाठ्पुस्तक, खोजमुलक रचनाहरू रहेका छन् । सो सामग्रीलाई पुस्तकालय अध्ययन प्रक्रियाद्वारा विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा विधा छनोट गर्दा कविता, कथा, निबन्ध र जीवनीलाई समावेश गरी भाषाका चारवटै सिपलाई अभ्यास निर्माणमा राखिएको छ । शब्दभण्डार शीर्षक दिएर विधार्थीहरूलाई व्याकरणमा अभ्यस्त गराइ व्याकरण सिकाउनु खोजी पाठ्यपुस्तकको स्तर निर्धारण गरी विधार्थीहरू माझ परीक्षण गर्नु यस शोधको निष्कर्ष रहेको छ । सो शोधपत्रको पुनरावलोकनले प्रस्तुत शोधकार्यका लागि पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्री निर्माणको सैद्धान्तिक आधार लिइनेछ ।

शिक्षाको लक्ष्य हाँसिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई नै पाठ्यक्रम भनिन्छ भने भाषा शिक्षणको लक्ष्य हासिल गर्न बनाएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रमले विधार्थीलाई भाषिक सिपसम्बन्धी ज्ञान हाँसिल गराइपुर्णता दिने भएकाले पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्री निर्माण गर्दा विधार्थीको क्षमता, आवश्यकतालाई मध्यनजर राखी निर्माण गर्नुपर्ने हुन्छ । विधार्थीका कक्षागत र तहगत ज्ञानलाई मध्यनजर गरी पाठ्यक्रम सन्दर्भ सामग्री निर्माण गर्दा शिक्षण सिकाइ

क्रियाकलापलाई प्रभावकारी बनाउन सकिन्छ । त्यसैले प्रस्तुत कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण शीर्षकको शोधकार्य गर्दा उपयुक्त हुनेछ ।

## २.२ सैद्धान्तिक अवधारणा

कुनै पनि तहको औपचारिक अध्ययनको प्रमुख दस्तावेज नै पाठ्यक्रम हो शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई नै पाठ्यक्रम भनिन्छ । पाठ्यक्रम शब्द अङ्ग्रेजी करिकुलम शब्दको नेपाली रूपान्तरण हो । करिकुलम शब्दबाट आएको हो । जसको अर्थ टु रन भन्ने हुन्छ । यहाँ दौडको मैदान रन वे भन्ने हुन्छ । यहाँ दौडको मैदान भन्नाले शिक्षा लिनुलाई 'दौडको रूपमा' र पाठ्यक्रमलाई 'मैदानको रूपमा' लिएको बुझिन्छ । अर्को शब्दमा भन्दा विद्यार्थीले शिक्षारूपी दौडलाई पाठ्यक्रमरूपी मैदानमा दौडाएर आफ्नो गन्तव्य स्थानमा पुग्न सफल हुन्छ । अर्थात् पाठ्यक्रम त्यो बाटो हो जसमा हिँडेर विद्यार्थी आफ्नो लक्ष्य प्राप्तिमा सफल बन्दछ (शर्मा एन्ड शर्मा, २०६६ : ३) । पाठ्यक्रम औपोचारिक शिक्षाको एउटा यस्तो दस्तावेज हो जसले शिक्षाको लक्ष्य हासिल गर्नका लागि विद्यार्थीलाई निश्चित गन्तव्यसम्म पुऱ्याउँछ । पाठ्यक्रम शैक्षिक क्रियाकलापको त्यस्तो सङ्गठित ढाँचा हो । जसमा विद्यालयभित्र र विधालय बाहिरका समेत क्रियाकलापहरू समावेश भएको हुन्छ । पाठ्यक्रमभित्र विद्यार्थी, शिक्षक र समाजका इच्छा चाहनाहरू समावेश भएका हुन्छन् । पाठ्यक्रमले के कसरी र कहिले शिक्षा प्राप्त गर्ने भनी निर्देशन गर्दछ । पाठ्यक्रमभित्र सामाजिक र राष्ट्रिय आवश्यकता पुरा गर्न शिक्षक र विद्यार्थीद्धारा विद्यालयमा गरिने सम्पुर्ण कार्यलाई समावेश गरिएको हुन्छ । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य पुरा गर्ने पाठ्यांश मिल्दो अध्यापन विधी, शैक्षिक क्रियाकलाप, शैक्षिक सामग्री र मुल्याङ्कन विधिहरू समेत विस्तृत रूपमा उल्लेख गरिएको हुन्छ । त्यसकारण पाठ्यक्रम त्यस्तो सशक्त कार्ययोजना हो जसले सम्पुर्ण शैक्षिक क्रियाकलापको नेतृत्व प्रदान गर्दछ (शर्मा एन्ड शर्मा, २०६३:३) । पाठ्यक्रमले विद्यार्थीले हासिल गर्नुपर्ने उद्देश्य तोकेको हुन्छ, उद्देश्य अनुसारका क्रियाकलापहरूको निधो गरेको हुन्छ । उपयुक्त क्रियाकलापका लागि आवश्यक विधीहरूको निर्धारण गरेको हुन्छ र प्रत्येक विद्यार्थीमा प्राप्त भएका ज्ञान र सिपहरूको व्यावहारिक लेखाजोखा पार्ने तरिकासमेत समावेश गरेको हुन्छ । समग्रमा भन्दा कुनै पनि शैक्षिक कार्यक्रमलाई सङ्गठित र

योजनावद्ध ढङ्गले उद्देश्य प्राप्ति गर्न तयार पारिएको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ ।

भाषा शिक्षणको लक्ष्य हासिल गर्न वनाइएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ (पौडेल, २०६७:६) । भाषा पाठ्यक्रमले विद्यार्थीलाई भाषिक सिपसम्वन्धी ज्ञान हासिल गराई पूर्णता दिने काम गर्दछ । भाषा पाठ्यक्रम भन्नाले भाषा शिक्षणका क्रममा सुनिश्चित उद्देश्यसम्म पुग्ने एउटा व्यापक र विस्तृत एवम् व्यावहारिक गोरेटो हो भन्ने कुरा स्पष्ट हुन जान्छ । भाषाका सुनाई, वोलाई, पढाई र लेखाइजस्ता आधारभुत सिप वा कलासँग सम्वन्धित कार्यकलापहरूमा आधारित गराएर तयार गरिएको एउटा विस्तृत योजनावद्ध रूपलाई नै भाषा पाठ्यक्रम भन्न सकिन्छ (पौडेल, २०६९:२२६) । भाषा पाठ्यक्रम भनेको भाषिक सिपहरू हासिल गराउन विद्यार्थीलाई सही मार्गनिर्देश गर्ने एउटा कार्ययोजना हो ।

भाषिक सिपहरूको प्राप्तिको उद्देश्य राखी वनाईएको शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रमले सिकाइको वोध र अभिव्यक्तिको विकासका निमित्त सम्पुर्ण क्रियाकलापलाई मार्गनिर्देश, नियन्त्रण र निर्देशन गर्दछ । भाषा पाठ्यक्रममा पनि विद्यार्थीमा ल्याउन खोजिएको परिवर्तनको अपेक्षा प्राप्त गर्ने माध्यम (पाठ्यवस्तु) तिनीहरूको प्रस्तुतिक्रम र उद्देश्य प्राप्त गर्न उपयोगमा ल्याउन सकिने साधनहरू (शैक्षिक सामग्री) सामग्रीका सहायताले शिक्षक र विद्यार्थीले गर्ने कार्यकलाप (शिक्षण विधी) र अपेक्षा पुरा नभएको वस्तुपरक रूपले लेखाजोख ागर्ने उपाय (मुल्याङ्कन) समेतलाई स्पष्ट रूपमा सुझाएको हुन्छ (ढकाल, २०६९/०७० :५) । पाठ्यक्रम निर्माण गर्दा शैक्षिक कार्यक्रमलाई सङ्गठित र योजनावद्ध ढङ्गले उद्देश्य प्राप्ति गर्न तयार पारिएको विस्तृत योजना पाठ्यक्रम हो । पाठ्यक्रमका उद्देश्य पुरा गर्नका लागि शैक्षिक सामग्री, शिक्षण विधी र मुल्याङ्कन आदिलाई सही तरिकाले व्यवस्थापन गर्नुपर्दछ । पाठ्यक्रम निर्माण गर्दा चाहिने आवश्यक वस्तुलाई पाठ्यक्रमका तत्वहरू भनिन्छ । पाठ्यक्रम निर्माण प्रक्रियालाई व्यवस्थित र सङ्गठित रूपमा अन्तरसम्वन्धित पार्ने काम पाठ्यक्रमका तत्वहरूले गर्दछ । यसरी पाठ्यक्रम निर्माण गर्दा नभइ नहुने तत्त्वहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

समग्रमा भन्दा पाठ्यक्रम शव्द अङ्ग्रेजी करिकुलम शव्दको नेपाली रूपान्तरण हो । करिकुलम शव्द ल्याटिन भाषाको कुरिरे शव्दवाट आएको हो जसको अर्थ टु रन भन्ने हुन्छ । शैक्षिक उद्देश्य प्राप्तिका लागि जुनजुन क्रियाकलापहरू गरिन्छ त्यसलाई व्यवस्थित पार्ने निर्देशनको माध्यम नै पाठ्यक्रम हो । पाठ्यक्रम भन्नाले उद्देश्य, लक्ष्य, विषयसुची, स्रोत

मुल्याङ्कनको साधन आदिको वोध हुन्छ, जुन विधालयभित्र र वाहिर कक्षाकोठाको शिक्षण तथा सम्वन्धित कार्यक्रमद्धारा पुरा गर्ने योजनावद्ध रूपले लागु गरिएको दस्तावेज भन्ने वुझिन्छ ।

### २.२.१ सन्दर्भ सामग्रीको परिचय

सन्दर्भ सामग्री भन्नाले पाठ्यक्रम, पाठ्यपुस्तकलाई अझ बढी प्रस्ट्याउन विशेष ज्ञान प्राप्त गर्न, थप ज्ञान सूचना र तथ्याङ्कबारे जानकारी प्राप्त गर्न सहयोगी सामग्रीलाई सन्दर्भ सामग्री भनिन्छ । प्रभावकारी शिक्षणका लागि शिक्षकका लागि शिक्षण स्रोत सामग्री पनि आवश्यकता पर्छ । ज्ञान र विज्ञानका क्षोत्रमा आएका नवीनतम कुराहरु, शिक्षण सिकाइ, विद्यार्थी, मूल्याङ्कन, कक्षा व्यवस्थापन, विभिन्न स्रोत सामग्रीको आवश्यकता पर्छ । शिक्षण सिकाइ क्षेत्रमा आएका समसामयिक सूचना स्रोत सामग्रीबाट उपलब्ध हुन्छन् । शिक्षक योग्य, आदर्श र अनुभवी हुनका लागि उसँग भएका ज्ञान, सीपमात्र पर्याप्त हुँदैनन् । शिक्षण सिकाइसँग सम्बन्धित समस्या तथा कठिनाइहरु निराकरण गर्न र प्राप्त सूचनाको विश्लेषण गरी निष्कर्ष निकाली कक्षाकोठामा तिनको उपयोग र शिक्षण स्रोत सामग्री अति महत्वपूर्ण मानिन्छ । यसरी शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन प्रयोग गरिने विभिन्न सामग्रीलाई सन्दर्भ सामग्री भनिन्छ ।

पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा निर्धारित विषयवस्तु विद्यार्थीलाई दिन र पाठ्यक्रममा अस्पष्ट भएका कुरालाई प्रस्ट्याउन सन्दर्भ सामग्री प्रभावकारी मानिन्छन् । तसर्थ पाठ्यक्रममा र पाठ्यपुस्तकबाट स्पष्ट नभएका कुरा आवश्यक सूचना र तथ्याङ्क दिन यस्ता सामग्रीको प्रयोग अनिवार्य हुन्छ । शिक्षकले आफूले पढाउने विषयवस्तुका बारेमा स्पष्ट र पूर्ण हुनका लागि विभिन्न सन्दर्भ सामग्रीको अध्ययन गर्नु पर्दछ । यस्ता सन्दर्भ सामग्रीको मूलतः सम्बन्धित विषयवस्तुका बारेमा थप ज्ञान सीप प्राप्त गर्न सघाउँछन् । पाठ्यपुस्तकमा सबै विषयवस्तु, नअटाउने र केबल सूचनात्मक रुपमा मात्र दिइएको हुन्छ भने थप ज्ञान प्राप्त गरेर त्यसमा पूर्ण हुनका लागि सन्दर्भ सामग्रीको आवश्यक हुन्छ ।

### २.२.२ पाठ्यक्रमका तत्त्वहरू

पाठ्यक्रम त्यस्तो शैक्षिक योजना हो जसले विद्यार्थीहरूको उमेर, क्षमता, आवश्यकता र चाख अनुसारका ज्ञान र सिप हासिल गराउन निर्देश दिनछ । विद्यार्थीहरूलाई आवश्यक ज्ञान र सिप प्रदान गरी सर्वाङ्गीण विकास गराउने एक महत्त्वपुर्ण शैक्षिक

कार्यक्रम वा दस्तावेज नै पाठ्यक्रम हो । भाषा शिक्षणको लक्ष्य हासिल गर्न वनाइएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ ।

भाषा सिकाइअन्तर्गत कुनै पनि खास कक्षा वा स्तरमा दिइएको शव्दज्ञान, व्याकरण ज्ञान, मौखिक एवम् लिखित रचना, कौशल, वोध एवम् अभिव्यक्ति संवाद, भाषण तथा अभिनय आदि जस्ता सिकाइ कार्यहरूको सम्मिश्रण र यथोचित रखाई प्रक्रियावाट भाषा पाठ्यक्रमलाई निर्माण गर्नुपर्दछ (ढुङ्गेल र दाहाल, २०६२: १४) ।

भाषा सिकाइ वा सिपसँग सम्वन्धित सम्पुर्ण पक्षहरूलाई ख्याल गरेर वा विद्यार्थीको आवश्यकता र रुचिलाई मध्यनजर गरी तयार पारिएको भाषा पाठ्यक्रम हुन आवश्यक छ । यसरी भाषा पाठ्यक्रम निर्माण गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ जो यसप्रकार रहेका छन् :

### २.२.२.१ उद्देश्यहरू

भाषा पाठ्यक्रम निर्माण तथा विकासको पहिलो र महत्त्वपुर्ण तत्त्वका रूपमा उद्देश्यलाई लिइन्छ । यसले पाठ्यक्रमका अन्य तत्त्वहरू -पाठ्यवस्तु शैक्षिक सामग्री, शैक्षिक क्रियाकलाप, मुल्याङ्कन) निर्धारणमा पनि आवश्यक सहयोग पुऱ्याउँदछ । पाठ्यक्रममा तोकिएका विषयहरूको अध्ययनपछि वालवालिकाले यस्ता ज्ञान र सिपहरू प्राप्त गर्न सक्नेछन् भनी पठ्यक्रमले किटान गरेको हुन्छ । यस्ता किटान गरिएका व्यवहारहरूलाइ उद्देश्य भनिन्छ (शर्मा एन्ड शर्मा, २०६६: ४०) । उद्देश्यले शैक्षिक कार्यक्रममा जोड दिनुपर्ने पक्षवारे जानकारी, पाठ्यवस्तु र सिकाइ अनुभवहरूको छनोट र सङ्गठनका लागि निर्देशनहरू प्रदान गर्ने र उपलव्धि मूल्याङ्कन गर्ने कुराको निर्देश गर्ने भएकाले यो पाठ्यक्रमको महत्त्वपुर्ण तत्वका रूपमा रहेको छ । उद्देश्यलाई दुई प्रकारमा विभाजन गरिएको छ :

#### (क) साधारण उद्देश्य

कुनै पनि विषयको पठनपाठनमा सवै विद्यार्थीहरूले ज्ञान र सिप प्राप्त गर्ने वृहत् उद्देश्यलाई साधारण उद्देश्य भनिन्छ । यस्तो उद्देश्यलाई साधारण उद्देश्य भनिन्छ कि जरामा विशेष पक्षको किटान गरिएको हुँदैन र सबैलाई समेट्ने गरी व्यापक उद्देश्य राखिएको हुन्छ ।

(ख) **विशिष्ट उद्देश्य**

कुनै पनि विषय वा पाठको सिकाइ पश्चात् निश्चित रूपमा यो-यो र यस्ता यस्ता ज्ञान र सिपहरू प्राप्त गर्न सक्ने गरी किटान गरिएको उद्देश्यलाई विशिष्ट उद्देश्य भनिन्छ । व्यावहारिक रूपमा मापन गर्न सकिने अवलोकन गर्न सकिने उद्देश्यलाई विशिष्ट उद्देश्य भनिन्छ ।

### २.२.२.२ **विषयसुची**

शिक्षण सिकाइ प्रक्रियामा शिक्षकले केही कुरा कसैलाई सिकाउने गर्दछ । यस प्रक्रियामा कसै कसै भन्नाले विद्यार्थी भन्ने बुझिन्छ र केही कुरा भन्नाले विषयसुची भन्ने वुझिन्छ । विषयसुचीलाई ज्ञान, सिप, प्रवृत्ति र सिकाइको मूल्यका रूपमा लिइन्छ । अर्थात पाठ्यक्रमलाई विभिन्न विषयमा विषयसँग सम्वन्धित विषयवस्तुहरूका क्रमवद्ध सङ्गठनअनुसार निर्माण गरिन्छ (शर्मा एन्ड शर्मा, २०६६: ४६) । विषयसुची वा विषयवस्तुको निर्माण व्यक्तिको वौद्धिक क्षमता, सिप प्रवृत्ति र मूल्यको विकासका लागि गरिएको हुन्छ । विषयसुची पाठ्यक्रमको त्यस्तो सवल र प्रभावकारी पक्ष हो जसले विद्यार्थीको वौद्धिक स्तरको मापन गर्दछ । अतः विद्यालयका विभिन्न विषयहरूको सम्भाव्य व्यावहारिक पक्षलाई ध्यानमा राखी तयार पारिएको शिक्षण सिकाइको सङ्गठनात्मक पक्षलाई त्यस विषयको विषयसुची भनिन्छ ।

### २.२.२.३ **सिकाइ अनुभव**

उचित किसिमका सिकाइ अनुभवहरूको न त विद्यार्थीहरूले तोकिएका विषयवस्तु सिक्न सक्छन् न त शिक्षकले नै सही ढङ्गले ती विषयवस्तु सिकाउन सक्छन् त्यसकारण पाठ्यक्रम निर्माताहरूले सिकाइ अनुभवहरू छनोट गर्दा त्यस्ता सिकाइ अनुभवहरूो छनोट गर्नुपर्दछ जसले सिकारुलाई निश्चित कार्य सम्पादन गर्ने अवसरहरू प्रदान गरुन् । यसका अलावा छनोट गरिएका सिकाइ अनुभवहरू उचित तरिकाले प्रयोगमा ल्याउन सकिने हुनुपर्दछ । त्यसैगरी छनोट गरिएका सिकाइ अनुभवहरूले विद्यार्थीहरूमा रचनात्मक व्यवहारको निर्माण गर्न मद्धत पुऱ्याउनु पर्दछ । यी विविध कुराहरूलाई ध्यान दिई सिकाइ अनुभव छनोट गर्न सकेको खण्डमा अपेक्षित उद्देश्य प्राप्तिका लागि यस्ता सिकाइ अनुभवहरू वढी उपयोगी हुन्छन् (निउरे, २०७१ : १५२) ।

विद्यार्थीहरूलाई सिकाइ सिकाउने वा शिक्षा प्रदान गर्ने गराउने जिम्मेवारी घरपरिवार, समाज, विद्यालय र शिक्षकको मानिन्छ । शिक्षा प्रदान गर्ने यस्ता विभिन्न निकायहरूका सिकाइका सिकाइवाट विद्यार्थीहरूले प्राप्त गरेका अनुभवहरूलाई सिकाइ अनुभव भनिन्छ ।

### २.२.३ मूल्याङ्कन

पाठ्यक्रमले विभिन्न किसिमका ज्ञान र सिपहरू सिकाउने उद्देश्य राखेको हुन्छ । अतः विद्यार्थीले के कस्ता सिपहरू सिकी के-कस्ता व्यवहारहरू निर्माण गर्न सफल भए विद्यार्थीमा आएका यस्ता व्यवहारको मापन कसरी गरियो त्यस्ता व्यावहारिक परिवर्तनको व्याख्या कस्तो हुन्छ र विद्यार्थीमा आएका व्यावहारिक परिवर्तनका कमीकमजोरी के के भए भनी पाठ्यक्रममा आवश्यक सुधार समेत गर्न सक्नुलाई पाठ्यक्रमको मुल्याङ्कन भनिन्छ ( शर्मा एन्ड शर्मा, २०६६: ४९) । मूल्याङ्कनले विशेषतः निर्धारण गरिएका उद्देश्यहरू के कति मात्रामा प्राप्त भए ? सञ्चालन गरिएको कार्यक्रम के कति प्रभावकारी भयो ? कार्यक्रमका सबल र दुर्वल पक्षहरू के के देखिए ? आदि प्रश्नहरूको लेखाजोखा गरी शैक्षिक कार्यक्रमलाई निरन्तरता दिने सो कुराको निर्णय गर्न समेत सहयोग गर्दछ त्यसकारण मूल्याङ्कन पाठ्यक्रमको एक महत्त्वपुर्ण तत्त्वका रूपमा रहेको छ ।

समग्रमा भन्दा पाठ्यक्रम निर्माण गर्दा सर्वप्रथम त त्यो पाठ्यक्रम निर्माण के प्रयोजनका लागि गर्ने कुन आवश्यकता परिपूर्ति गर्नका लागि गर्ने भनेर आवश्यकताको निर्धारण गरिन्छ सो आवश्यकता परिवर्तन गर्नका लागि उद्देश्यको निर्धारण गरिन्छ । उद्देश्यले सम्पुर्ण पाठ्यक्रमलाई निर्देशित गर्ने काम गर्दछ । उद्देश्यको निर्माण पश्चात उद्देश्य र आवश्यकतालाई परिपुर्ति गर्नका लागि विषयवस्तुको छनौट गरिन्छ । उद्देश्यको गरिएका विषयवस्तुलाई सम्वन्धित क्षेत्रमा कार्यान्वयन गर्नका लागि सम्वन्धित क्षेत्रको सिकाइ अनुभवको आवश्यकता पर्दछ सो अनुभवलाई कार्यान्वयन गर्ने शिक्षण सामग्रीको निर्माण गर्नुपर्दछ । आवश्यकताको पहिचान पश्चात पाठ्यक्रमको खाका निर्माण गर्दा त्यस्तो पा्यक्रमले तोकिएका उद्देश्यहरू के कति मात्रामा पुरा भए, पाठ्यक्रमको सान्दर्भिकता कस्तो रह्यो भनेर लेखाजोखा गर्नको लागि मूल्याङ्कन गरिन्छ ।

शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई नै पाठ्यक्रम भनिन्छ । पाठ्यक्रम शब्द अङ्ग्रेजी करिकुलम शव्दको नेपाली रूपान्तरण हो । करिकुलम शव्द ल्याटिन भाषाको कुरिरे शव्दवाट आएको हो जसको अर्थ टु रन भन्ने हुन्छ त्यसैले करिकुलम शव्दको अर्थ दौडको मैदान भन्ने हुन्छ । विद्यार्थीले शिक्षारूपी दौडलाई

पाठ्यक्रमरूपी मैदानमा दौडिएर आफ्नो गन्तव्य स्थानका पुग्न सफल हुन्छ अर्थात पाठ्यक्रम त्यो वाटो हो जसमा हिँडेर विद्यार्थी आफ्नो लक्ष्य प्राप्तिमा सफल वन्दछ । यसरी ज्ञानका आधारभुत सिप वा कलासँग सम्वन्धित कार्यकलापहरूमा आधारित गराएर तयार पारिएको एउटा विस्तृत योजनावद्ध रूपलाई पाठ्यक्रम भनिन्छ ।

प्रस्तुत शोधलेख पाठ्यक्रमको स्वरूपसँग सम्वन्धित अनुसन्धानात्मक लेख हो । जसमा पाठ्यक्रमका तत्वहरूको अध्ययन गर्नु र तिनीहरूको विश्लेषण गर्नु यसको उद्देश्य रहेको छ । यो उद्देश्य परिपुर्ति गर्नका लागि पुस्तकालय तथा गुणात्मक विधिको प्रयोग गरिएको छ । विभिन्न पुस्तक, शोधपत्रवाट सामग्री सङ्कलन वा सिद्धान्तको अध्ययन गरिएकाले यसमा व्याख्यात्मक विधि अपनाएर विश्लेषण गरिएको छ । पाठ्यक्रम निर्माण गर्दा कुन कुन तत्वहरूमा आधारित हुनुपर्दछ र ढाँचालाई कसरी व्यवस्थित गरेर राख्न सकिन्छ भनेर अध्ययन गरिएको छ । पाठ्यक्रमका स्वरूप अन्तर्गत चारवटा तत्वहरू रहेका हुन्छन् । जसमा उद्देश्य पाठ्यक्रमको मुख्य तत्व हो जसका आधारमा विषयवस्तुको निर्माण गरिन्छ । विषयवस्तुलाई सही मार्गनिर्देशन गर्नका लागि शिक्षण विधि, सामग्री निर्माण गरिन्छ र विद्यार्थीले माथिका क्रियाकलापहरूवाट के कति उपलव्धि हासिल गर्न सक्यो भनी लेखाजोखा गर्न मुल्याङ्कनको आवश्यकता पर्दछ । यसरी पाठ्यक्रम निर्माण प्रक्रियामा त्यसका आधारभुत तत्वहरूलाई ख्याल गरेर निर्माण गर्नुपर्ने हुन्छ ।

### २.२.४ भाषा पाठ्यक्रमको परिचय

पाठ्यक्रम कुनै पनि शिक्षण कार्यको औपचारिक अध्ययनको प्रमुख दस्तावेज हो । यसले शिक्षणलाई उद्देश्यमूलक बनाउँदछ । भाषा पाठ्यक्रम भनेको भाषा शिक्षणका अपेक्षित उद्देश्यसम्म पुग्ने एउटा व्यापक व्यवस्थित तथा योजनाबद्ध गोरेटो हो (पौडेल, २०६९ : २२८) । यसले सुनिश्चित कार्यकलाप र प्रक्रियाहरू अँगालेर भाषा शिक्षणका अपेक्षित उद्देश्य हासिल गराउन सहयोग गर्दछ । भाषा स्वयम्मा सिपमूलक विषय भएकाले भाषा पाठ्यक्रम पनि सिपमूलक र अभ्यासमा केन्द्रित रहेको छ । यसका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता आधारभूत सिपको विकास गर्न सकिन्छ ।

पाठ्यक्रम शैक्षिक कार्यक्रमको बृहत् एवम् सम्पूर्ण योजना हो । यसले शैक्षिक लक्ष्य प्रापितको लागि निर्देशित गोरेटो प्रदान गर्दछ (भण्डारी र अन्य, २०६८ : १६४) । भाषा पाठ्यक्रम सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपको विकास गर्ने ध्येयले बनाइएको हुन्छ । भाषा पाठ्यक्रमका उद्देश्य पूरा गर्नका लागि भाषा पाठ्यपुस्तकको निर्माण गरिन्छ ।

भाषा विचार विनिमयको साधन भएकाले भाषा पाठ्यक्रम भाषिक सिप र सम्प्रेषणका लागि आवश्यक पर्दछ । भाषाका आधारभूत सिपमा निपूर्णता हासिल गराउन पाठ्यक्रमलाई व्यवस्थित गरिएको हुन्छ । भाषा पाठ्यक्रमका आधारमा भाषा पाठ्यपुस्तक र भाषिक सिप विकास गराउने पुरक सामग्री तथा सन्दर्भ सामग्रीहरू तयार पारिएका हुन्छन् । भाषाका बोध र अभिव्यक्तिका माध्यमबाट भाषिक क्षमताको अभिवृद्धि हुन्छ ।

भाषा पाठ्यक्रममा भाषिक सिप विकासका लागि भाषा शिक्षणका बृहत् र स्पष्ट कार्यक्रमहरूको व्यवस्थित रूपमा खाका प्रस्तुत गरिएको हुन्छ । यसमा साधारण उद्देश्य, विशिष्ट उद्देश्य, विषयवस्तु, सिकाइ सहजीकरण प्रक्रिया, मूल्याङ्कनका लागि क्षेत्र र अङ्क निर्धारित विशिष्टीकरण तालिका विभिन्न विधाका क्षेत्र र क्रम अभ्यासात्मक प्रकृति आदि महत्त्वपूर्ण कुराहरूलाई विस्तृत रूपमा स्पष्ट निर्देशन गरिएको हुन्छ । भाषा पाठ्यक्रममा विविध विधाका माध्यमबाट विषयवस्तुलाई आधार मानी भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्ने ध्येय राखिएको हुन्छ । यसका अतिरिक्त भाषिक सुझको अभिवृद्धि गर्न सकिन्छ । यसले विद्यार्थीको रुचि, क्षमता, स्तर र समय सापेक्षतालाई समेत ध्यान दिइएको हुन्छ । समग्रमा भाषा पाठ्यक्रम भाषिकको विकास गर्ने शिक्षणका लागि उचित गोरेटो तय गर्ने एउटा व्यवस्थित भाषिक कार्यक्रम हो ।

### २.२.५ भाषा पाठ्यपुस्तकको परिचय

कुनै पनि पाठ्यपुस्तकहरू सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्य अनुरूप तयार गरिएका हुन्छन् । भाषा पाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरूप तयार गरिन्छ । भाषा पाठ्यक्रमका अपेक्षा अनुरूपका भाषिक पाठ्यवस्तुलाई विद्यार्थीहरूको स्तर, अनुभव र सिकाइ आवश्यकतालाई ख्याल गरी सङ्गठित रूपमा प्रस्तुत गरिएको हुन्छ (पौडेल, २०६९ : २६३) ।

भाषा पाठ्यपुस्तक शिक्षण सिकाइको एउटा सहयोगी सामग्री हो । भाषा पाठ्यपुस्तकद्वारा निर्धारित उद्देश्य र विषयवस्तुको प्रस्तुत गर्ने एउटा महत्त्वपूर्ण साधनका रूपमा भाषा पाठ्यपुस्तकको प्रयोग गरिन्छ । यसै कारणले गर्दा भाषालाई साध्य होइन एउटा साधनका रूपमा मात्र लिनुपर्दछ । विद्यार्थीहरूका निम्ति भाषा मात्र सम्पूर्ण साधन भने होइन यसलाई भाषा सिकाइको सहयोगी माध्यमका रूपमा लिन सकिन्छ । भाषा पाठ्यपुस्तक निर्माण गर्दा भाषा पाठ्यक्रमका उद्देश्य, विषयवस्तु, विद्यार्थीहरूको आवश्यकता, रुचि र पूर्वज्ञानलाई आधार बनाउनुपर्दछ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ विधि

कुनै पनि कार्य पुरा गर्नका लागि अपनाइने तौरतरिका ढङ्ग ढाँचालाई अध्ययन विधि भनिन्छ । तोकिएका उद्देश्य परिपूर्ति गर्नका लागि र अध्ययनको स्वरूप हेरेर अध्ययन गर्ने तरिकाको निर्धारण गर्नुपर्दछ । प्रस्तुत शोधकार्य सैद्धान्तिक प्रकृतिको भएकाले यसलाई सम्पन्न गर्नका लागि पुस्तकालयीय अध्ययन प्रक्रियालाई अबलम्बन गरिने छ । पुस्तकालय अध्ययबाट सङ्कलित सामग्रीलाई व्याख्यायात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरेर निष्कर्षमा पुगिएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

### ३.२.१ सामग्रीको स्रोत

प्रस्तुत अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि अनुसन्धानलाई व्यवस्थित वस्तुनिष्ट र प्रामाणिक बनाउनका लागि प्राथमिक र द्वितीयक सामग्रीको उपयोग गरिएको छ ।

(क) **प्राथमिक स्रोत**

प्रस्तुत अध्ययन कार्य वा पाठ्यक्रमका आधारमा सर्न्दभ सामग्रीको निर्माणका लागि कक्षा दशको नेपाली पुस्तकको पाठ्यक्रम २०६३ लाई प्राथमिक स्रोतका रूपमा लिईएको छ ।

(ख) **द्वितीयक स्रोत**

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि द्वितीयक सामग्रीका रूपमा पाठ्यक्रम, सन्दर्भपुस्तक, शोधपत्र, पत्रपत्रिका लेख रचनालाई द्वितीयक सामग्रीका रूपमा लिईएको छ ।

### ३.२.२ सामग्री सङ्कलन विधि र प्रक्रिया

प्रस्तुत शोधकार्यका लागि विभिन्न पाठ्यपुस्तक, शोधपत्र, सन्दर्भपुस्तक, पाठ्यक्रमको अध्ययनबाट सिद्वान्तसम्बन्धी सैद्वान्तिक जानकारी भने कक्षा दशको नेपाली पाठ्यक्रमका

आधारमा सन्दर्भ सामग्रीको निर्माण, पाठ्यपुस्तकको तालमेल र विधार्थी अनुरूपताको विश्लेषण गरी पुस्तकालय अध्ययन प्रक्रियाद्वारा सङ्कलन गरिएको छ ।

## ३.३ सामग्रीको व्याख्या विश्लेषण

पाठ्यक्रम वा भाषापाठ्यक्रमसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, पत्रपत्रिका, लेखरचनाबाट पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माणसम्बन्धी सैद्वान्तिक जानकारी लिइएको छ । सोका आधारमा कक्षा दशको नेपाली भाषा विषयका विधा वा क्षेत्रलाई सङ्कलन गरेर ती विधा वा क्षेत्रहरू विधार्थी अनुकुलका छ कि छैनन् र कस्ता विधावा पाठहरूले विधार्थीका ज्ञान, बोध, सिप आदि पक्षहरूलाई फाइदा पुग्नेछ भनी विभिन्न तहका पाठ्यक्रम र निर्माण प्रक्रियाका आधारमा पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण गरिएको छ ।

## एकाइ चार

## पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण

### ४.१ विषय प्रवेश

कक्षा दशको नेपाली विषयको पाठ्यक्रमको आधारमा सन्दर्भ सामग्री निर्माण अन्तर्गत निर्धारित विधाका रूपमा कथा, कविता निबन्ध र जीवनीलाई लिइएको छ ।

### ४.१.१ पाठ एक : कविता

#### कवि परिचय



सिद्धिचरण श्रेष्ठ (वि.सं. १९६९- २०४९) नेपाली साहित्य संसारमा युगकविका रूपमा प्रख्यात हुन् । आफू बाँचेको युगका पीडा र मर्मलाई उनले ज्यादै सशक्त ढङ्गमा व्यक्त गरेका छन् । उनका कविताहरूमा प्रकृतिप्रेम र सौन्दर्यचेतनाका साथै क्रान्तिकारी भावना व्यक्त भएको पाइन्छ । यसका साथै अटल देशभक्तिको भावना र समानका दिनदुःखी तथा गरिबहरू प्रतिको प्रेम पनि उनका कवितामा पाइने भएकाले उनलाई स्वच्छन्दतावादी कवि पनि भन्ने गरिन्छ । उनका कृतिहरूमा पाइने युगबोधले हामीलाई हाम्रो सामाजिक स्थिति प्रति सचेत गराउँछ । कोमल शब्दहरू प्रयोग गर्नु र कसिलो मधुर भाषाद्वारा भावलाई सिँगार्नु उनको कृतिगत विशेषता हो । उनका कृतिहरूमा उर्वशी, कोपिला, मेरो प्रतिबिम्ब, कुहिरो र घाम, तिरमिर तारा, बाँचिरहेको आवाज आदि प्रसिद्ध छन् । उनका कविताहरूमा मेरो प्यारो ओखलढुङ्गा मेरो प्रतिबिम्ब, तिम्रो बासित पैसा छैन आदि लोकप्रिय छन् । वंशस्थ छन्दमा रचिएको बसन्त कवितामा पनि प्रकृतिको मनमोहक चित्रण गरिएको छ । उनी नेपाल प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य थिए । उनले २०२७ सालको त्रिभुवन प्रज्ञा पुरस्कार र २०४७ सालको पृथ्वी प्रज्ञा पुरस्कार समेत प्राप्त गरेका थिए ।

प्रस्तुत कवितामा कवि सिद्धिचरण श्रेष्ठको बसन्त ऋतुको बडो मार्मिक तारिकाले वर्णन गरेका छन् । उक्त वसन्त ऋतु रितुहरूको राना भएकाले बसन्त ऋतुको वर्णन गर्दै प्रकृतिको सुन्दर चित्रण गरेको छन् ।

## कविता

## बसन्त

समस्त माधुर्य लिएर साथमा
छरेर सौन्दर्य विशाल विश्वमा ।
वसन्त मेरो हितमा निमग्न भो
अहो ! छ कस्तो रसराग युक्त यो । (४)

नवीनता नाग्दछ पुष्पपुञ्जमा
कुहूकुहू कोकिल बोल्छ कुञ्जमा
प्रमोदले हत्तल पार्छ शीतल,
वसन्त मेरै हितमा छ तत्पर । ८।

नचाई चारैतिर पल्लबी द्रुम,
बिछ्याई नानाथरिका नयाँ तृण
वसन्त मेरै कति गर्छ स्वागत,
अहो ! अहो ! सुन्दर यो सजावत । १२।

**शब्दार्थ**

माधुर्य- मधुरता

निमग्न- तल्लीन, तन्मय

रसराग- अनुराग, आनन्द

नवीनता- नयाँपन

पुष्पपुञ्ज- पुष्पराशि, फूलको गुच्छा

कोकिल- कोइली

कुञ्ज- लहरा आदिले बनेको छाँयादार ठाउँ, लतागृह

प्रमोद- आनन्द, हर्ष

हत्तल- भित्री मन हृदय

पल्लवी- नयाँ पालुवा लागेको

द्रूम - कख, वृक्ष

तृण- जमिनमा उम्रने दुबो, घाँस, आदि

सजावट- सजाउने वा सिँगाने काम, सजधनज

**अभ्यास**

**सुनाइ**

१ पाठको पहिलो र दोस्रो श्लोक सुन्न्होस र कविको विचारसँग तपाईंको के के कुरामा सहमति छ भन्नु होस् ।

२. पाठको तेस्रो श्लोकको श्रुति लेखन गर्नुहोस् ।

**बोलाइ**

३. तल दिइएका शब्दहरूको शुद्धसँग उच्चारण गर्नुहोस्

तृण, द्रुम, पुष्पपुञ्ज, प्मोद, समस्त हुत्तल

४. तलका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् ?

द्रुम, हृत्तल, तप्पर, पल्लवित, प्रमोद, निमग्न

५. कविताको दोस्रो र तेस्रो श्लोक वाचन गर्नुहोस् ।

**पढाइ**

६. पाठको कविता पालैपालो गति, यति र लय हालेर वाचन गर्नुहोस् ।

७. पाठ पढी तल सोधिएका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् ।

क) कविले वसन्तलाई किन रसरागयुक्त भनेका हुन् ?

ख) पुष्पपुञ्जमा नवीनता नाच्दछ' भन्नुको अर्थ के हो ?

ग) वसन्तमा मान्वहृदय के ले शीतल हुन्छ ?

घ) वसन्तले कवितालाई कसरी स्वागत वर्दछ ?

८. लेखक कस्तो चिन्तन बोकेका व्यक्ति हुन भन्ने कुरा अनुमान गर्नुभयो, पाठका आधारमा लेख्नुहोस् ।

**लेखाइ**

९. कविताबाट मुख्य मुख्य बुँदा टिपी सार लेख्नुहोस् ।

१०. तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

क) कविले वसन्त ऋतुको चित्रण कसरी गरेका छन् ?

ख) कवितामा प्रकृति र मानवका बीच कस्तो सम्बन्ध देखाइएको छ ?

ग) 'बसन्त' कविताको मुख्य भाव के हो,

घ) कवितालाई वसन्त ऋतस मन पर्नुका कारण के हुन् ?

११. कवितामा कविले वसन्त र आफूबीच कस्तो सम्बन्ध देखाइएका छन् ? कविताका आधारमा लेख्नुहोस् ।

१२. व्याख्या गर्नुहोस :

क) नवीनता नाच्दछ पुष्पपुञ्जमा
कुछूकुछ कोकिला बोल्छ कुञ्जमा

ख) नचाई चारैतिर पल्लवी द्रम,
विछाई नानाथरीका नयाँ तृण ।

बसन्त मेरै कति गर्छ स्वागत

अहो ! अहो ! सुन्दर यो सजावट ।

१३ . पाठबाट दीर्घ ईकार लागेका शब्दहरू टिप्नुहोस् ।

**व्याकरण**

१. तल 'खा' धातुबाट बनेका विभिन्न काल र पक्षका वाक्यहरू दिइएको छ । त्यसरी नै तपाई पनि 'लेख', 'बोल' र सुन् धातुबाट तिन ओटै कालका सबै पक्षका वाक्यहरू बनाउनुहोस् ।

- रामले खाजा खाए । (सामान्य भूत) रामले खाजा खाँदै थिए (अपूर्ण भूत) रामले खाजा खाएका थिए । (पूर्ण भूत) रामले खाजा खान्थे । (अभ्यस्त भूत) रामले खाजा खाएछन् (अज्ञात भूत)
- रामले खाजा खान्छन् । (सामान्य वर्तमान), रामले खाजा खाँदै छन् । (अपूर्ण वर्तमान) रामले खाजा खाएका छन् (पूर्ण वर्तमान)
- रामले खाजा खाने छन् । (सामान्य भविष्यत्)

  रामले खाजा खाँदै हुने छन् । (अपूर्ण भविष्यत्)

  रामले खाजा खाएका हुने छन् । (पूर्ण भविष्यत्)

२. तल 'जा' धातुबाट बनेका विभिन्न लिङ्ग, वचन, पुरुष र आदरका वाक्यहरू दिइएको छ त्यसरी नै गर वस धातुबाट वाक्यहरू बनाउनुहोस् :

- अमृत जान्छन् । (पलिङ्ग), अमृता जान्छिन् । (स्त्री लिङ्ग)
- अमृत जान्छ, अमृता जान्छे । (एक वचन)
- अमृत र अमृता जान्छन् । (बहुवचन)
- म जान्छु । हामी जान्छौँ । (प्रथम पुरुष)
- तिमी जान्छौँ । उ जान्छ, उनीहरू जान्छन्, । (तृतीय पुरुष)
- तँ जान्छन् (अनादरवाची)

- तिमी जान्छौँ । (सामान्य आदरार्थी)
- तपाइँ जानुहुन्छ । (उच्च आदरार्थी)

३. कोष्ठकमा दिएका धातु र संकेतका आधारमा वाक्य पुरा गर्नुहोस ।

क) हामी रमाइला बाल कविता ...... । (पढ्) सामान्य वर्तमान

ख) हामी परीक्षमा राम्ररी ...... । (लेख, अपूर्ण वर्तमान)

ग) विद्यार्थीहरूले शिकका कुरा ..... र (सुन, पूर्ण वर्तमान)

घ) किसानले खेतमा धान .... । (काट् सामान्य भूत)

ङ) ऊ भोकगित .... । (गाउ अपूर्ण भूतकाल)

४. खा, गर्, सुन्, हेर देख्, जा,। बस, आउ, जस्ता धातुको प्रयोग गरी कतै घुम्न जाँदाको वर्णन गर्नुहोस् ।

५. कविताबाट शब्दको सुरुमा ह्रस्व इकार हुने शब्दहरू टिप्नुहोस्:

**सिर्जनात्मक अभ्यास**

'वसन्त' कविताको ढाँचामा 'शरद ऋतु' शीर्षकमा एउटा कविता लेख्नुहोस् ।

**कविता**

## कति खोजेँ देश मैले (कविता)

- कालिप्रसाद रिजाल

कविको परिचय : नामथर : कालिप्रसाद रिजाल, जन्म वि.सं. १९९६, जन्मस्थान : धरान, कोशीअञ्चल, शिक्षा : एम.ए. अर्थशास्त्र । सेवा : धनकुटा कलेजमा प्राचार्य हुँदै नेपाल सरकारका सहसचिव । प्रकाशित कृति : ज्वारभाटा (कविता सङ्कलन, २०१९), रिजालका केही कविता (२०२५), के छ र जिन्दगी विताइदिन्छु (कवितासङ्ग्रह २०३६), आँखा छोपी नरोउ भनी (गीत सङ्ग्रह), यो प्रश्न कोसित सोधौँ, केही कविता केही गजल (२०५५), गीत गजल (२०५५), गीत गजल (२०५५), आदि कालीप्रसाद रिजाल कवि तथा प्रसिद्ध गीतकार हुन् । उनका रचनाहरूले पाठहरूको हृदयमा  गहिरो प्रभाव पार्छन् । उनका कविता र गीतमा राष्ट्रलाई माया गर्न सुन्दर विचार सजिएको हुन्छ । सामाजिक जागरण र राष्ट्रिय चेतनाको सन्देश उनका रचनामा पाइने मुख्य वस्तु हो ।

### कति खोजेँ देश मैले

कति खोजेँ देश मैले बोकी मानचित्र

आखिरमा देश रै' छ आफ्नो छाती भित्र ।

मेची महाकाली कोसी कर्णालीका तीर

आफ्नै नसा बगेजस्तो आफ्नै मुटुनिर

देश हर्न लेक बँसी तराई सबै धाएँ

भरे भने देश हरे ! आफैँसित पाएँ ।

जुन दिन छातीभित्र देश मैले भेटेँ

डाँडाकाँडा जताततै देशैदेश देखेँ

नेपाल पनि आफै भएँ आफैँ म नेपाली

कागडाको घाउ दुख्यो मलाई यसपालि

पहाड मदेश हिमाल सबै मेरो घरबार

चार जात छत्तीस वर्ण मेरो परिवार

नेपालीको आँसु थोपाथोपा मलाई दुख्छ

बिर्सँ भने देश मैले देशले मलाई थुक्छ ।

कति खोजेँ देश मैले बोकी मानचित्र

आखिरमा देश रै' छ आफ्नै छातीभित्र ।

**शब्दार्थ**

ढलोटको मूर्ति : धातुको मूर्ति

मानचित्र : पृथ्वीका सम्पूर्ण महादेश तथा महासागरको नक्सा चित्र

कागडा : नेपाल राज्यको विस्तारका क्रममा पश्चिमी किल्ला रहेको ऐतिहासिक ठाउँ र हाल भारतमा पर्ने एक स्थान

धाउनु : कुनै काम गर्न पूरा गर्न पटकपटक जानु, टाढाको बाटो आउनु वा जानु

कागडाको घाउ दुख्नु : कागडासम्मको भूभाग गुमाउनुको चोट अनुभव हुनु

नसा : शरीरका अङ्गप्रत्यङ्गमा रगत सञ्चालन हुने तन्तु

तीर : नदी वा खोलाको दुईतिरको किनारको तट, नदी तीर

**अभ्यास**

**सुनाइ**

१. 'कति खोजेँ देश मैले' कविता शिषकबाट सुन्नुहोस् र त्यसैअनुसार सामूहिक रूपमा सस्वर वाचन गर्नुहोस् ।

२. कविताको तेस्रो र चौथो श्लोकको श्रुति लेखन गर्नुहोस् ।

**बोलाइ**

३. तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् :

मानचित्र, कर्णाली, हिमाल, कोसी, आखिरमा

४. तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) 'कति खोजेँ देश मैले' कविताका रचनाकार को हुन् ?

(ख) कविले के बोकेर देश खोजे ?

(ग) उनी देश हर्न कताकता धाए ?

(घ) देशलाई बिर्सियो भने के हुन्छ ?

(ङ) कविलाई यसपाली के को घाउ दुख्यो ?

**पढाइ**

५. गति, यति र लय मिलाई कविता वाचन गर्नुहोस् ।

६. कविता मौन पठन गरी तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) नेपालीको के कुरा कविलाई दुख्छ ?

(ख) कविले कसलाई आफ्नो परिवार मानेका छन् ?

(ग) देशले हामीलाई कति बेला थुक्छ ?

(घ) आफ्नै छातीभित्र देश भेटेपछि कविलाई कस्तो लाग्यो ?

७. पाठको पहिलो र दोस्रो श्लोक पढी छोटो उत्तर आउने दुईवटा प्रश्न निर्माण गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**लेखाइ**

८. कविताको तेस्रो र चौथो श्लोकबाट मुख्य मुख्य बुँदा टिपी सार लेख्नुहोस् ।

९. तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) कविले कसलाई आफ्नो परिवार मानेका छन् ?

(ख) देशले हामीलाई कति बेला थुक्छ ?

(ग) आफ्नै छातीभित्र देश भेटेपछि कविलाई कस्तो लाग्यो ?

(घ) यस कविताको मुख्य भावार्थ के हो ? प्रष्ट पार ।

१०. व्याख्या गर्नुहोस् :

कति खोजेँ देश मैले बोकी मानचित्र

आखिरमा देश रैँ छ आफ्नो छातीभित्र ।

११. पाठबाट दीर्घ ईकार लागेका शब्दहरू टिप्नुहोस् ।

## व्याकरण

१. उदाहरणमा दिए जस्तै गरी तलका शब्दहरूको पर्यायवाची शब्द लेख्नुहोस् ।

आगो- अग्नि, पावक, अति - असाध्यै, धेरै

कक्षा - वर्ग / दर्जा / कडा - साह्रो, चाम्रो । कष्ट - दुःख, पीडा

अति, केश, ईश्वर, आनन्द, आमा, पिता, उपहार, ऐश, कोसिस, क्रोध, गरिब, दास, देवालय, थुप्रो, पोखरी, गगन, अवसर, खुट्टो, खोक्रो, ठन्डा, हात, दाम

२. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् ।

(क) उनीहरूले राम्रो काम ........... । (गर् : पूर्ण वर्तमान)

(ख) हाम्रा भाइहरू त कता .......... । (जाः अज्ञात भूत)

(ग) सीता भात ........... । (खाः सामान्य भविष्यत्)

(घ) रीता काठमाडौँ ........... । (जाः सामान्य वर्तमान)

(ङ) उसले गीत ........... । (गाउः अपूर्ण भूत)

३. कविताबाट शब्दको सुरुमा ह्रस्व इकार हुने शब्दहरू टिप्नुहोस् :

## सिर्जनात्मक अभ्यास

१. 'स्वदेशको माया' शीर्षकमा एउटा कविता लेख ।

२. आफूलाई मनपर्ने शीर्षकमा लोकलयमा एउटा कविता लेखेर कक्षामा सुनाऊ ।

### ४.१.२ पाठ २ : मेरो देश (निबन्ध)

मेरो देशको नाम नेपाल हो । नेपाल एक भूपरिवेष्ठित राष्ट्र हो । नेपालले विश्वको ०.०३ भूभाग ओगटेको छ । नेपालमा १४ अञ्चल र ७७ जिल्ला छन् । नेपाललाई भौगोलिक दृष्टिले तिन भागमा बाँडिएको दृष्टिले तिन भागमा बाँडिएको छ ती हुन् हिमाल, पहाड र तराई । नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो । नेपाल प्राकृतिक सुन्दरतटा र सांस्कृतिक सम्पदा आदि विविधतायुक्त भएकाले मेरो देश (नेपाल) को आफ्नै गरिमा रहेको छ । विभिन्न प्राकृतिक सुन्दर हिमशृङ्खला, वनजङ्गल साथै विविध धार्मिक तीर्थस्थल, मठमन्दिरहरू रहेका छन् । मेरो देश आकृतिमा सानो भए तापनि विश्व बह्माण्डको मुटु हो, मेरो हृदयको ढुकढुकी हो ।




विविध भौगोलिक विविधता र प्राकृतिक सुन्दरतायुक्त विशेषताले ओतप्रोत मेरो देश (नेपाल) विश्व मानचित्रमा अंकति छ । हिमाल, पहाड, र तराईका समथर फाँटहरू, सर्वोच्च शिखर सगरमाथा, गौरी शङ्कर कञ्चनजङ्गा जस्ता हिमशृङ्खलाहरू तथा अनेकौं राष्ट्रिय निकुञ्ज एवम् एक सिँगे गैंडा आदि प्राकुतिक र राष्ट्रिय सम्पदाले गर्दा पर्यटकीय स्थलका रूपमा पनि उत्तिकै महत्त्वपुर्ण देखिन्छ । विभिन्न ठाउँ र देशका मानिसहरूको प्राकृति मनोरस प्राप्त गर्ने एक प्राकृतिक पर्यटकीय देशका रूपमा समेत नेपाललाई लिन सकिन्छ । यसका अतिरिक्त मेरो देशमा विविध कलकारखाना, उद्योग धन्दा सञ्चालन गरी देश विकास गर्न सक्ने प्रबल सम्भावनायुक्त ठाउँहरू पनि रहेका छन् । मलाई लाग्छ मेरो देश शान्तिका प्रतीक बद् जन्माउने देश, अनि आदर्श नारी सीतालाई जन्माउने देश, हिमालको सेतो पगरी गुथेर सर्वोच्च शिखरमा टाल्किएको सगरमाथाको देश भनी विश्व मानचित्रमा चिनाउने, नेपाली हो मेरो देश विविध झरनाहरू र नदीहरूको आवाजसँगै मिसिएर आएको डाँफे, मुनाल र कोकिलको समधुर आवाज एवम् बासुरी, सारङ्गी र विनायोबाट निस्केका सुरिला धुनले गितारलाई लछारिदैं पछारिदै मेरो हृदयमा स्वर्णिम आनन्दले दीपावली मनाउँछ । मेरो देश धार्मिक सहिष्णुताको प्रतीकका रूपमा रहेको छ । मेरो देश (नेपाल) मा कुने एक जात,

धर्म भाषाले अर्को जातु, धर्म र भाषालाई कदर गरेको पाइन्छ । यहाँका प्रत्येक कलाकौशल र मेची देखि महाकालीसम्म प्राकृतिक सम्पदाले कुदेको शालीकग्रामले यहाँको संस्कृतिलाई झल्काएका छन् । प्रत्येक प्राकृतिक दृश्यले मानव हृदयको मृगतृर्ष्णा भेटाएका छन् । मेरो देशको वीरवीराङ्गनाहरू जन्माएको छ । म नेपाली छु भनी हर्षोल्लासको स्वास फर्न पाएको छु त्यसैले मेरो देश नेपाललाई प्राणभन्दा प्यारो ठानेको छु । अन्त : मेरो देश विविध भाषा, कला, साहित्य, सांस्कृतिक, सभ्यता, सद्भावना र एकताले भरिपूर्ण भएको छ ।

यसरी मेरो देश सम्पूर्ण पक्षले युक्त हुँदाहुँदै पनि नेपाल एक भुपरिवेष्ठित देश भएको हुनाले यहाँ विभिन्न समस्याहरू पनि रहेका छन् । नेपाल अल्पविकसित देश भएकाले विकासका पूर्वाधारहरू सबे ठाउँक्षेत्र, वर्ग र समुदायमा पुऱ्याउने कठिन परेको छ । राष्ट्रविकासका निम्ति विविध सम्भावना भए तापनि सीमित साधन, स्रोत, दक्ष जनशक्ति मानव संशोधन र पहुँचको अभाव देखिन्छ । भौगोलिक, आर्थिक, राजनीतिक आदि समस्याले गर्दा मेरो देशको सम्मोन्नत विकास हुन सकेको छैन । बेरोजगारका कारणले गर्दा रोजगारीको सिलसिलमा धेरै जनशक्ति विदेश पलायन भएका छन् । नेपाल कृषि प्रदान देश भए तापनि यहाँ आधुनिक तरिकाले खेती गर्ने प्रविधिको विकास भएको छैन । त्यसैले आर्थिक संकट पनि देखिन्छ । विश्वमा जलस्रोतको दोस्रो धनी मुलुक भए तापनि विद्युत् उत्पादनमा समस्या छ । सबैमा चेतनाको कमीका कारणले विविध प्राकृतिक, सांस्कृतिक सम्पदाहरूको सही तरिकाले उपयोग गर्न र संरक्षण एवम् संवदुर्न गर्नै सकेको छैन । विविध कारणबाद विकासित मुलुकमा जान सकेको छैन । प्राकृतिक प्रकोप राजनीतिक अस्थिरता, बन्द हडताल, नाकाबन्दी, प्रदेश सीमाको चटारो, संविधानको जालोजस्ता अन्य विविध अवस्थामा मेरो देशका आम जनताले आधारभूत आवश्यकता समेत पूर्ति गर्न धौ धौ पर्छ जुन एक चुनौतिका रूपमा रहेको छ ।

अन्तः उक्त चुनौतीलाई सही ढङ्गले समाधान गर्न सकेको मेरो देश (नेपाल) एक विकिसत राष्ट्रका रूपमा विश्व मानचित्रमा कोर्न सकिन्छ । शान्त, सुन्दर, स्वाभिमानी, समगरमाथा, साहित्य, भाषा, संस्कृतिक, सद्भाव एवम् अनेकतामा एकता भएको सार्वभौमसत्ता युक्त छ मेरो देश ।

**शब्दार्थ**

पगरी : शिरमा बेरेर लगाइने लामो कपडा फेटा ।

शालिग्राम : काली गण्डकी नदीको बगरमा पाइने एक प्रकारको ढुङ्गो जसलाई विष्णुको स्वरूप मानेर पूजा गरिन्छ ।

शिखर : पहाडको सबभन्दा उच्च भाग, चुचुरो, टाकुरो

सभ्यता : सभ्य व्यक्तिमा हुने गुण, शिष्टता, भद्रता, भलादमीपन, सत्य चाला, मिजासिलो पन

सार्वभौमसत्ता : राष्ट्रको सर्वोच्च शक्ति, सम्प्रभुता, सार्वभौमिकता

साहित्य : विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति, काल्पनिक, भावात्मकता तथा आलङ्कारिक प्रकृतिको स्वतन्त्र रचना

सहिष्णुता : सहिष्णुता हुने गुण, धीरता, धैर्य

सगरमाथा : नेपालको सोलुखुम्बु जिल्लाको उत्तरी क्षेत्रमा पर्ने संसारको सबभन्दा अग्लो हिम शिखर, झ्यामोलोङ्मा, एभरेष्ट

स्वर्णिम : सुन जस्तो सुनौलो

हिम शृङ्खला : हिमालका शिखरहरूको ताती, हिम शिखरको श्रेणी, हिमाली शृङ्खला

भूपरिवेष्ठित : जमिनले घेरिएको, समुद्रसँग सिमाना नजोडिएको

दीपावली : बलेका बत्तीहरूको लहर, दीपमाला

मृगतृष्णा : जलभ्रम, मरीचिका, मृगजल, मरुभूमिमा सूर्यका प्रकाशले बालुवा टल्किँदा मृगलाई हुने पानीको भ्रम, कुनै विषयप्रतिको अतीव तिर्खा

अल्पविकसित : कम विकास भएको, थोरै मात्र प्रगति भएको

आधारभूत : आधारको रूपमा रहेको, आधार वा जग बनेको महत्त्वपूर्ण, नभई नहुने मूलभूत, मुख्य, प्रमुख

## अभ्यास

### सुनाइ

१. पाठको पहिलो र दोस्रो अनुच्छेद सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् ।

(क) नेपाललाई भौगोलिक दृष्टिले तिन भागमा बाँडिएको छ ।

(ख) नेपाल, बहुजाति, बहुभाषी, बहुधार्मिक, बहुसांस्कृतिक र सार्वभौमसत्ता सम्पन्न राष्ट्र होइन ।

(ग) नेपाल प्राकृतिक सुन्दर हिमशृङ्खला, वनजङ्गल, पहाड, नदीनाला, झरना, मठमन्दिरहरू रहेका छन् ।

(घ) प्रत्येक प्राकृतिक दृश्यले मानव हृदयको मृगतृष्णालाई मेटाएका छैनन् ।

(ङ) म नेपाली हुँ भनी हर्षोल्लासको स्वास फेर्न पाएको छु ।

२. पाठको तेस्रो अनुच्छेद सुन्नुहोस् र त्यसको सार भन्नुहोस् :

### बोलाइ

३. तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् :

चेतना, प्राकृतिक, सम्पदा, मानव संसाधन, मनोरम, गौरीशङ्कर, बहुभाषी ।

४. तलका शब्दको अर्थ भन

पहुँच, बेरोजगार, पगरी, निकुञ्ज, सार्वभौमसत्ता, स्वाभिमानी

५. मेरो देश निबन्धमा कुन कुन समस्याले गर्दा देशको विकास हुन सकेको छैन । आफ्ना तर्कद्वारा पुष्टि गर्नुहोस् ।

### पढाइ

६. पाठका अनुच्छेदहरू पालैपालो पढ्नुहोस् र हरेक अनुच्छेद पढ्न कति समय लाग्यो, भन्नुहोस् ।

७. पाठको दोस्रो अनुच्छेद पढी नेपाललाई कुन कुन प्राकृतिक र राष्ट्रिय सम्पदाले गर्दा पर्यटकीय स्थलका रूपमा चिनिन्छ बताउनुहोस् ।

८. पाठको पहिलो, दोस्रो, तेस्रो अनुच्छेद पढी प्रत्येकबाट मुख्य मुख्य बुँदाहरू टिप्नुहोस् ।

९. तलको अनुच्छेद पढी सारांश लेख्नुहोस् :

स्वावलम्बनले मानिसलाई असल बनाउने मूल साध्य भने कर्मेन्द्रिय र ज्ञानेन्द्रिय हुन् । त्यसैले मानव जीवनमा कर्मेन्द्रिय र ज्ञानेन्द्रियको जति महत्त्व छ त्यति नै मानवलाई वर्स गुण सम्पन्न बनाउन, असल बनाउन स्वावलम्बनको महत्त्व छ । मानिसले प्रकृतिक प्रदत्त रूपमा प्राप्त गरेका दुई आँखालाई सत्य कुरा हर्न, हात कर्म गर्न, गोडा गन्तव्यमा हिँड्न, मुख सत्य कुरा बोल्न, मस्तिष्क चिन्तन गरी सामाजिक राष्ट्रिय र मानवीय स्वार्थ पूरा गर्न प्राप्त गरेको हो । मानिस हेर्न बेलामा अरूले हेरिदियोस्, खाने बेलामा अरूले खाइदेओस् भन्दैन । त्यसैले मानिसले सत्य कुरा बोल्ने र हेर्न बेलामा, हिँड्ने बेलामा, कर्म गर्ने बेलामा पनि अरूको आश्रय नलिई आफैँमा सक्षम बन्न सक्नुपर्दछ । यसरी मानिसलाई सधैँ उन्नति प्रगति गर्न नवनव दिशातिर गतिशील र सिर्जनाशील भई अगाडि बढ्नका लागि स्वावलम्बनको महत्त्व छ । आफूले गर्न सक्ने काम अरूबाट गराउनु, अरूको बुई चढी अगाडि बढ्नु, अरूको सोचाइमा जीवनपथमा अग्रसर हुनु मानवीय स्वभाव होइन र ती स्वावलम्बनका गुण पनि होइनन् । त्यो त पराबलम्बन हुनु मात्र हो । पराबलम्बनले मानिसको मस्तिष्कमा सात पत्रको दुःसी लाग्दछ भने हातमा खिया लाग्दछ त्यस्तै गोडा कुँजो बन्दछ । यस्तै हुनबाट जोगिनु मानवीय धर्म हो ।

**लेखाइ**

१०. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

चेतना, प्राकृतिक, सम्पदा, मानव संसाधन, मनोरम, गौरीशङ्कर, बहुभाषी

११. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नेपालले विश्वको कति प्रतिशत भूभाग ओगटेको छ ?

(ख) नेपाल कुन कुन प्राकृतिक र राष्ट्रिय सम्पदाले गर्दा पर्यटकीय स्थलका रूपमा चिनिन्छ ।

(ग) बासुरी, सारङ्गी र विनायोबाट निस्केका धुनले केलाई पछार्छन् ?

(घ) राष्ट्र विकासको निम्ति के के अभाव देखिन्छ ?

१२. प्रत्येक प्राकृतिक दृश्यले मानव हृदयको मृगतृष्णालाई मेटाएका छन् । विवेचना गर्नुहोस् ।

१३. व्याख्या गर्नुहोस्

(क) विविध भौगोलिक विविधता र प्राकृतिक सुन्दरतायुक्त विशेषताको ओतप्रेत मेरो देश (नेपाल) विश्व मानचित्रमा अंकित छ ।

**व्याकरण**

१. रेखाङ्कित पदमा नाम, सर्वनाम र विशेषण शब्द छुट्याउनुहोस् ।

(क) केही वर्षअघि यो क्षेत्र घना <u>वन</u>ले गर्दा <u>सुन्दर</u> क्रीडास्थल जस्तो देखिन्थ्यो ।

(ख) सौतेनी <u>आमा</u>को हातमा परेका भँगेराका बच्चाहरूको <u>दुर्दशा</u> उनको मनमा रातदिन खड्किरह्यो ।

(ग) तिमीलाई कसले दोबाटोबाट <u>कंकार</u> स्वरले बोलाइरहेछ ।

(घ) आफ्नो <u>भाग्य</u>मा लेखेको कुरा कसैले मेटेर मेटिन्छ ।

(ङ) तिनीहरू दैनिक दश <u>किलो</u> चामल पकाउँछन् ।

२. तलको अनुच्छेदबाट नाम, सर्वनाम, विशेषण र क्रियापद छुट्याउनुहोस् :

संसारको सर्वोच्च शिखरको नाम सगरमाथा हो । यो सोलुखुम्बु जिल्लामा पर्छ । यसको उचाइ ८८४८ मिटर छ । संसारको सबैभन्दा अग्लो शिखर भएकैले संसारभरका साहसी मानिसहरू सगरमाथाको शिखर चुम्न चाहन्छन् । सगरमाथाको आरोहण मानिसहरूका लागि इज्जत, प्रतिष्ठा, गौरव र आत्मसन्तुष्टिको विषय बन्छ । त्यसैले बर्सेनि सयौँ मानिसहरू सगरमाथा आरोहणका लागि जान्छन् । तेन्जिङ नोर्गे र एडमन्ड हिमाली पहिलो सगरमाथा आरोही हुन् । उनीहरूले वि.सं. २०१० (सन् १९५३) मा सगरमाथाको चुचुरोमा पुगी कीर्तिमान कायम गरे । यसपछि थुप्रै मानिसहरू सगरमाथाको शिखरमा पुगेका छन् । जापानकी जुन्को ताबेई पहिलो महिला सरमाथा आरोही हुन् । उनी संसारका साहसी महिलाकी प्रतीक हुन् । पासाङ ल्हामु शेर्पा सगरमाथा शिखर चुम्ने पहिलो नेपाली महिला हुन् । विभिन्न क्षेत्र, वर्ग, समुदाय, पेसा, उमेर, समूह आदिका मीनसहरूले सगरमाथा आरोहणको कीर्तिमान राखेका छन् । त्यस्ता कीर्तिमानहरूमा नेपालको उल्लेख्य

स्थान रहेको छ । हालसम्म (२०७२) सबैभन्दा धेरै पटक सगरमाथाको सफल आरोहण गर्ने विश्व रेकर्ड राख्ने साहसी आरोही नेपालकै आत्पा शेर्पा हुन् ।

३. तल दिएका विशेषणलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

चङ्ख, यहाँ, बेस, काँठे, बिचरा, टीको, डोल्पाली, धर्के, सजीव, दिव्य, बिखर्ची, चुइयाँ, विचलित, विवश, हिंस्रक, हजारौँ, देखेको, सम्पूर्ण, जस्तो, पुरानो, कन्जुस, कोही ।

**सिर्जनात्मक अभ्यास**

(क) 'नेपालको प्राकृतिक सांस्कृतिक सम्पदा' शीर्षकमा १५० शबदको निबन्ध लेख ।

(ख) आफूलाई मनपर्ने कुनै एक शीर्षकमा एउटा निबन्ध तयार पार ।

## निबन्ध : विद्यार्थी जीवन



विद्यार्थी शब्द विधा र आर्थी मिलेर बनेको हो । 'विधा' भनेको पढेर प्राप्त हुने ज्ञान हो भने 'आर्थी भनेको इच्छा वा चाहना राख्ने व्यक्ति हो । यसरी 'विद्यार्थी' शब्दले ज्ञान वा विधाको चाहना राख्ने व्यक्तिलाई बुझाउँछ । विधा आर्जनका लागि शिक्षालयमा गएर पढ्ने वा अध्ययन अनुसन्धान गर्ने । जुनसुकै तह वा उमेरको व्यक्तिलाई जनाउँछ । विद्यार्थी जीवन भनेको व्यक्तिले शिक्षा आर्जन गर्ने समय हो । विद्यार्थी जीवन भन्ने वितिकै विद्यालयमा अध्ययन गर्ने छात्रछात्राको जीवन भन्ने बुझिन्छ । अध्ययन गर्ने छात्रछात्राको जीवन भन्ने बुझिन्छ । जीवनको यो समय एकाग्र भएर ज्ञान आर्जन गर्ने महत्त्वपूर्ण समय हो । आर्यहरूले हाम्रो जीवनको आयुलाई सालाखाला सय वर्ष बाँडेर सुरुको पच्चीस वर्णलाई ब्रह्मचर्चा श्रम भनेका छन् ।

ब्रह्मचर्या श्रमका आठ वर्षको उमेरदेखि नै गुरुकुलमा गएर शिष्यहरूलाई बेद, पुराणजस्ता शास्त्रहरूको अध्ययन गर्न लगाइन्थ्यो । मानिसको उमेरको ८ बर्ष देखि २५ वर्षसम्मको समयलाई छात्र जीवन मानिएको पाइन्छ । आधुनिक युगमा यस्ता मान्यताहरूमा फेरबदल आइसकेको छ । गुरुकुलमा रहेर होइन आधुनिक छात्राबासमा बसेर वा विद्यालयमा गएर सुखसुविधापूर्वक शिक्षा लिने परिपाटी हुर्किरहेको छ । मानिसले अक्षराम्भ गरेदेखि उसको जीवन रहेसम्म शिक्षार्थी वा विद्यार्थीका रूपमा रहन सक्छ भन्ने मान्यता स्थापित भइरहेको छ । त्यसकारण विद्यार्थी जीवनको निश्चित अवधि तोक्नु अत्यन्त अव्यवाहारिक र अवैज्ञानिक कुरा हो । प्राचिन कालमा विद्यार्थी जीवन निकै कडा अनुशासनमा बाँधिएको हुन्थ्यो । त्यो समयमा विद्यार्थीहरूले गुरुको आश्रममा गएर अनुशासित भई पढ्नु पर्थ्यो । ब्रह्मचर्य आश्रमका नियमहरू कडा हुन्थे । जप, ध्यान, सात्विक जीवन शैली, एकाग्रचिन्तन साना केटाकेटीका लागि निकै कष्टकर क्रियाकलाप हुन् । आधुनिक शिक्षा मनोविज्ञानले

बालसुलभ चञ्चललाई सहज र स्वभाविक मान्दछ । तिनीहरूमा रोक लगाउँदा संवेगात्मक कुण्ठा पैदा हुन्छ भन्ने आधुनिक शिक्षा शास्त्रीहरूको मत छ । यस परिप्रेक्ष्यबात हेर्दा प्राचित कालका विद्यार्थीहरू खेलका माध्यमले सिक्छन् गीतका माध्यमले सिक्छन् र घ्मेर छलफल गरेर र रमाएर सिक्छन् । अनुभव गरेर सिक्ने आजकलका विद्यार्थीहरूको जीवनशैली नै बनिसकेको छ ।

विद्यार्थी जीवन साह्रै रमाइलो जीवन पनि हो । बाल्यकालका विद्यार्थीहरूमा त खेलकुद र मनोरञ्जनप्रति निकै रुचि हुन्छ । बाल्यकालदेखि किशोरकालसम्म विद्यार्थीहरू खेलकुद नाचगान र घमफिरमा निकै रुचि राख्दछन् । व्यवहारिक जीवनका अप्ठेरा र झमेलाहरूले विद्यार्थीलाई छोइसकेको हुँदैन । दाम्पत्यजीवन र पारिवारिक जीवनको बोझले नसताएको विद्यार्थी जीवन चिन्तामुक्त हुन्छ । यस बेला जोस, उमङ्ग र रहरले जीवनलाई उर्जा दिइरहेको हुन्छ । अनुशासनलाई विद्यार्थी जीवनको प्राण बचाउने अक्सिजन मानिन्छ । अनुशासन भएका भने समाजलाई बाटो देखाउने विद्यार्थी वर्गप्रति समुदायको विश्वास घट्दछ । जोस मात्र होइन विद्यार्थीमा होस पनि हुनुपर्दछ । विद्यार्थीहरूले समाजमा रहेका विकृति विरुद्ध विरोध मात्र होइन, सुझाव पनि दिन सक्ने नागरिकका रूपमा विद्यार्थीहरूको आफ्नो व्यक्तित्व निर्माण गर्नुपर्दछ । अमर्यादित, उच्शृङ्खल र अनुशासनहीन आचरणले विद्यार्थीको इज्जत समाप्त पार्दछ । आत्मसंयम र विवेक भएको विद्यार्थीले मात्र समाजको र राष्ट्रको नेतृत्व गर्ने सक्छ । आजका विद्यार्थी भोलिका देश हाँक्ने सात्थी भएकाले गर्दा विद्यार्थी जीवनमा शिक्षक, अभिभावक, छरछिमेकी सबैको महत्त्वपुर्ण भूमिका रहेको पाइन्छ । विद्यार्थी जीवन उज्जवल भविष्यको जग हो । जग बलियो बनाएर मात्र भवन बलियो हुन्छ । विद्यार्थी जीवनमा आर्जन गरिएका ज्ञानलाई व्यवहारमा उतादै अघि बढ्नुपर्छ । विद्यार्थी जीवन मानव जीवनकै प्रारम्भिक प्रयोगशाला हो । यसलाई जीवनको निर्माणकाल पनि भनिन्छ । एउटा सफल जीवन निर्माणका लागि चाहिने मानवीय गुणहरूको विकास यसै समयमा गर्नुपर्दछ ।, धैर्य, आत्मसंयम, आशावादी दृष्टिकोणजस्ता सद्गुणहरूको विकास गर्ने सुन्दर समय विद्यार्थी जीवन नै हो । सिर्जनशील र सुन्दर जीवनको मुहार नै विद्यार्थी जीवन हो त्यसैले जीवनमा आइपर्ने, विभिन्न मोड र उतारचढाव मध्ये विद्यार्थी जीवनलाई सबैभन्दा महत्त्वपूर्ण जीवनका रूपमा लिइन्छ । यसमा कुनै मतभेद नै देखिदैन ।

**शब्दार्थ**

अध्याय अनुसन्धान - खोज्ने काम, कुनै नयाँ कुरा पत्ता लगाउने काम

आर्जन- प्राप्त गर्ने

परिपाटी - बन्दोवस्त

फेरबदल- उतारचढाव, हेरफेर

अव्यवहारिक- व्यहारमा प्रयोग नगर्ने किसिमको, अवैज्ञानिक

जप- मन्त्र ध्यान

कष्टकर- दुःखपूर्ण, कठिनाइ

एकाग्र चिन्तन- एक चित भएर गरिने काम

बाल सुलभ - बालबालिकामा हुने गुण

कृष्ठा- पिर चिन्ता

दमन- अत्याचार

झमेला - बोझिलो

अमर्यादित- मर्यादा भन्दा बाहिरी किसिमको मर्यादामा नरहेको

उच्दृङ्खला- नराम्रो किसिमको अगुवाइ, नेतृत्व गर्ने

नेतृत्व- प्रतिनिधित्व

उज्ज्वल - उज्यालो

आशावादी - आशा लाग्दो

निर्माणकाल- निर्माण गर्ने, उत्पादन गर्ने समय

अभ्यास

सुनाइ

१. निबन्धको पहिलो अनुच्छेद सुन्नुहोस् र विद्यार्थी जीवन भनेको के हो, भन्नुहोस् ।

२. निबन्धको दोस्रो अनुच्छेद सुन्नुहोस र तलका प्रश्नको उत्तर दिनुहोस् ।

क) कवि वर्षसम्मको समयलाई छात्र जिवन मानिएको पाइन्छ ?

ख) ब्रह्मचर्य आश्रमका नियमहरू कस्ता हुन्थे ।

३. निबन्धको तेस्रो अनुच्छेद सुन्नुहोस र त्यसको सारांश भन्नुहोस् ।

बोलाई

४. तलका शब्दको शुद्धसँग उच्चारण गर्नुहोस् :

ब्रह्मचर्याश्रम, अव्यवहारिक, एकाग्र, उज्ज्वल, उच्द्दृङ्खला, नेतृत्व, कष्ठकर, आत्मसयम

५. तलका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् ।

कुष्ठा, अध्ययन अनुसन्धान, साहानुभूति, अनुशासनहीन, उच्श्रृङ्खला जीवन निर्माण, आशावादी

६. तेस्रो अनुच्छेद सस्वर वाचन गर्नुहोस् र ती अनुच्छेद पढ्न तपार्यलाई कति समय लाग्यो साथीबाट सुन्नुहोस् ।

७. विद्यार्थी जिवनप्रति हजुरको धारणा कक्षामा सुनाउनुहोस् ।

पढाइ

८. पाठका अनुच्छेदका पालैपालै सस्वर वाचन गर्नुहोस् ।

९. निबन्ध पढी तल सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्:

क) विद्यार्थी शब्दको निर्माण कसरी भएका पाइन्छ ?

ख) विद्यार्थी जीवनलाई किन महत्त्वपुर्ण जीवनका रूपमा हेरिन्छ ?

ग) प्राचिन जीवनलाई किन महत्त्वपुर्ण जीवनका रूपमा हेरिन्छ ?

१०. पाढ पढेपछि तपाई लेखकका कुन कुन विचारमा सहमत वा असहमत के हुनुहुन्छ आफ्नो धारणा लेख्नुहोस् ।

**लेखाइ**

११. पाठाका दसौँ अनुच्छेदबाट मुख्य मुख्य पाँच बुँदा गरी सारांश लेख्नुहोस् ।

१२. पाठबाट तपाइले थाहा पाएका मुख्य नयाँ कुराहरू के के हुन् लेख्नुहोस् ।

१५. व्याख्या गर्नुहोस् :

क) विद्यार्थी जीवन एक उज्जवल भविष्यको जग हो ?

ख) अनुशासन विद्यार्थी जीवनको प्राण बचाउने अक्सिजन मानिन्छ ।

१६. विद्यार्थी जीवनमा शिक्षक, अभिभावक र विद्यार्थीको के कस्तो भूमिका हुन्छ ? विवेचना गर्नु होस् ।

१७. विद्यार्थी जीवनमा अनुशासनको महत्त्व शीर्षकमा एउटा अनुच्छेद रचना गर्नुहोस् ।

**व्याकरण**

१. पाठबाट 'स' को प्रयोग भएका आठ ओटा शब्द छानेर लेख्नुहोस् ।

२. पाठबाट शब्दका सुरुमा स्वर वर्ण भएका सात ओटा शब्द छानेर लेख्नुहोस् ।

३. निम्नलिखितन शब्दमा आएका अक्षरहरूको सरचना देखाउनुहोस् :

व्यञ्जन, प्रक्रिया, विश्वविद्यालय

४. तलको अनुच्छेदका रेखाङ्कित शब्दहरू द्वित्व हुन् तिनलाई अभ्यास पुस्तिकामा सार्नुहोस्

म सानैदेखि मनमनै पढ्ने गर्थें । मैले यसरी पढेको मेरी आमालाई चित्त बुझ्दैन्थ्यो । यहाँ मलाई खाली पढ्पढ् मात्रै भनिरहनुहुन्थ्यो । भाइ चाहिँ घरघरै डुलिहिड्ग्यो । उ साना साना केटाकेटी जम्मा गरेर बारीका कान्लैकान्ला हामफाल्यो । बाँदर रुखरुखै दौडेको देखेर ऊ जिल्ल पर्‍यो । भात खाने बेलामा ऊ सागसाग झिकेर पहिल्यै भूइमा राख्यो । सानासाना मलाई सेतासेता कपडा मन पर्‍यो तर अहिले भने

राताराता कपडा बढी मन पर्छ । भाइ चाहिँ सेता कपडा देख्यो कि घ्यार घ्यार च्यातिदिन्थ्यो ।

५. पाठबाट पाँच ओटा समस्त शब्द

६. तलका समस्त शब्दलाई विग्रह गर्नुहोस् :

शिक्षामन्त्री, छात्रछात्रा, भोलिपर्सि, बाटाखर्च, आमाबाबु, पशुपन्छी

७. उदाहरणमा दिए जस्तै गरी तलका शब्दको लघुतावाची (सानो बुझाउने) शब्द बनाउनुहोस :

उदाहरण : पानी-थोपा, अचार- पित्को

कोदालो- थाल, डालो, लौरो, नाङ्लो, गेडो,


**सिर्जनात्मक अभ्यास**

२१ औ शताब्दिमा इन्टरनेटको महत्त्व विषयमा २०० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।

### ४.१.३ पाठ ३ : जीवनी

## अल्बर्ट आइन्स्टाइन

कृतिकार परिचय



२०१० पौष २१ गते सिन्धुलीमा जन्मेका श्री बराल नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्राध्यापनरत हुनुहुन्छ । नेपालीमा एम.ए, बी. एड तथा पी.एच.डी गरी लामो समयदेखि शिक्षण क्षेत्रमा लागि परेका श्री बराल भाषा तथा साहित्यमा क्षेत्रमा लागि परेका श्री बराल भाषा तथा साहित्यका क्षेत्रमा क्रियाशील हुनुहुन्छ । फुटकर समालोचना एवम् गीत- गजलका साथै उहाँ 'भाषाविज्ञान र नेपाली भाषा', एक फूल : अनेक पत्र', 'सदृष्टि', 'उपन्यासको विश्लेषण', 'उपन्यास-सिद्धान्त र नेपाली उपन्यास', 'रजनीमाला', 'माध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास', 'निम्नमाध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास', सचित्र बाल व्याकरण' भाग १-५, 'सरल निम्नमाध्यमिक व्याकरण' कक्षा ६-८, 'सरल माध्यमिक व्याकरण' कक्षा ९-१०, 'कवि भूपि : विश्लेष्ण र मूल्याङ्कन,' 'अनिवार्य नेपाली', (१०+२ प्रमाणपत्र स्नातक) 'गीत : सिद्धान्त र इतिहास तथा 'वस्तुपरक समालेचना' जस्ता पुस्तकाकार कृतिहरूका साथै 'नेपाली दीपका' (क देखि ७) पुस्तकहरू पनि प्रकाशितट छन् । चलचित्रहरूमा प्रशस्त गीत लेखिसकेका जी बरालका २५० भन्दा बढी गीतहरू रहेकर्ड भइसकेका छन् भने 'रिसाइदेऊ वा बिन्ती', 'सफलतम्', 'हुल्लाहरू', पहिलो भेट', 'माया बैगुनी', 'कि त तिमी मन पछ्यौ', 'बसाइँ तथा विम्ब' जस्ता क्यासेट एल्मबहरू आइसकेका छन् । उनले २०४९ सालको 'इन्हुरेड' को कविता प्रतियोगितामा प्रथम पुरस्कार, २०५५ सालमा नइ कलानिधि सङ्गीत पुरस्कार, २०५६ को छिन्नलता गीत पुरस्कार, २०५६ को छिन्नलता गीत पुरस्कार तथा २०५७ को दोथान प्रतिभा-सम्मान लगायत थुप्रै पुरस्कारहरू प्राप्त गरेका छन् भने उनले 'रजनी' त्रैमासिकका सम्पादक तथा प्राकशसमेत भएका छन् ।

महान वैज्ञानिक अलबर्ट आइन्स्टाइन भौतिक विज्ञानका क्षेत्रमा अभूतपूर्व प्रतिभा मानिने अल्बर्ट आइन्स्टाइनको जन्म सन् १९७९ मार्च २४ तारिखका दिन जर्मनीको उल्म नगरमा भएको थियो । यहुदी परिवारमा जन्मिएका आइन्स्टाइन पछि म्युनिख सहरमा बसाइँ सरेका थिए । सानैदेखि लजालु र एकान्तप्रेमी स्वभाव भएका उनी गणित र विज्ञानका कुरामा अत्यान्त रुचि राख्दथे ।

आइन्स्टाइन पन्ध्र वर्षका हुँदा उनको परिवार इटालीमा बसाइ सरेको थियो । त्यसको केही समयपछि उनी आफ्नो उच्च अध्ययनका लागि स्विट्जरल्याण्डको ज्युरिच विश्वविद्यालयमा गएका थिए तर भविष्यका ती मानव वैज्ञानिक प्रवेश परीक्षका क्रममा गणित विषयमा नै असफल भए । एक वर्षको अथक प्रयासपछि उनी विश्वविद्यालयमा भर्ना पाउन सफल मात्र भएनन् त्यहाँ जेहेन्दार विद्यार्थीका रूपमा अध्ययनरत पनि रहे । कुनै पनि समस्याको खोजी गरी तार्किक ढङ्गले त्यसको निराकरणका उपाय पत्ता लगाउनमा दत्तचित्त रहने आइन्स्टाइनको सनु १९०५ मा ज्युरिक विश्वविद्यालयबाटै पिएच.सी. को उपाधि प्राप्त गरे । त्यस अनुसन्धानबाट नै उनको बहुचर्चित सापेक्षतावादको सिद्धान्त प्रतिपादन भएको हो ।

सापेक्षतावादको सिद्धान्त ($E = mc^2$) का आधारमा नै पदार्थलाई शक्तिमा रूपान्तरण गर्न सकिने हुँदा परमाणु बमको निर्माण सम्भव भएको हो । यसैका फलस्वरूप अमेरिकाले जापानमाथि सन् १९४५ मा परमाणु बम खसाली धनजनको व्यापक क्षति भएको देखेपछि आइन्स्टाइनले आफ्ना अनुसन्धानको दुरूपयोग भएको ठाने । त्यसपछि उनी परमाणूको शक्तिलाई विश्व शान्ति स्थापना र मानवकल्याणका लागि प्रयोग गर्नुपर्ने कुराको प्रवचन दिँदै हिँडे । सन् १९१६ मा उनले प्रकाशको विकिरणसम्बन्धी महत्त्वपुर्ण सिद्धान्त आयो । यस सिद्धान्त अनुसार विकिरण पनि पदार्थजस्तै हुन सक्छ । त्यसबाट नै आधुनिक लेजर प्रणालीको विकास भएको हो ।

यसरी विज्ञानका क्षेत्रमा चमत्कार देखाउने वैज्ञानिकलाई सन् १९२१ मा भौतिक शास्त्र विषयतर्फको नोबल पुरस्कारले सम्मानित गरियो । हिटलरको तानाशाही षड्यन्त्रबाट बच्नका लागि सन् १९३३ मा स्वदेश हाडेर उनलाई अमेरिका जान बाध्य हुन पऱ्यो । एक असाधारण अनुपम प्रतिशाशाली वैज्ञानिकका रूपमा विश्वमा आफ्नो नाम अमिट पारेका अल्बर्ट आइन्स्टाइनको अवसान सन् १९५५ अपूिल १८ का दिन अमेरिकाकै प्रिन्स्टन सहरमा भयो ।

**शब्दार्थ**

प्रतिभा- प्रतिभावान्, कलायुक्त

लजालु- लजाउने प्रकृतिको स्वभाव

एकान्तप्रेमी- एकान्तमा रमाउने प्रवृत्ति

अत्यन्त- अधिक, धेरै मात्रामा

अथक- अथाह, अत्यन्त, धेरै

जेहेन्दार- मिहिनेती

तार्किक- तर्क सङ्गत

समाधान- समस्याको पहिचान

दत्तचित- भित्रबाटै, मनैबाट

प्रतिपादान- उत्पादन, निर्माणाक

दुरूपयोग- राम्रोसँग प्रयोग नगरिएको

चमत्कार- चमत्कारपूर्ण अनौठो किसिमको

सम्मानित - सम्मान भएको

तानाशाही- निरकुश प्रवृत्तिको

असाधारण - साधारण भन्दा भिन्न किसिमको, अनौठो

प्रतिभाशाली- प्रतिभावान व्यक्ति खुबी भएको

अवसान- मृत्यु, अन्यष्ठी

**अभ्यास**

**सुनाइ**

१. पाठको पहिलो र दोस्रो अनुच्छेद सुन्नुहोस् र ठिक वेठिक छुट्याउनुहोस् :

क)  अल्बर्ट आइन्स्टाइनको जन्म सन् १७७९ मार्च २४ तारिखका दिन फिनल्याण्डमा भएको थियो ।

ख)  सानैदेखि लजालु र एकान्तप्रेमी स्वभाव भएका आइन्स्टाइन गणित र विज्ञानका कुरामा अत्यन्त रुचि राख्दथे ।

ग)  आइन्स्टाइन २० वर्षको हुँदा उनको परिवार फ्रान्समा बसाई सरेका थिए ।

घ)  महान वैज्ञानिक अल्बर्ट आइन्स्टाइन प्रवेश परीक्षाका क्रममा गणित विषयमा नै असफल भए ।

ङ)  अल्बर्ट आइन्स्टाइनले सन् १९०५ मा ज्युरिक विश्वविद्यालयबाटै पिएच.डी को उपाधि प्राप्त गरे ।

२.  पाठको दोस्रो अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।

३.  पाठको पहिलो र दोस्रो अनुच्छेद सुन्नुहोस र खाली ठाउँ भर्नुहोस् ?

क)  अलबर्ट आइन्स्टाइन ....... परिवारमा जन्मिएका थिए ।

ख)  अलबर्ट आइस्टाइन सानैदेखि लजालु र एकान्तप्रेमी स्वभाव भएका उनी ...... कुरामा अत्यन्त रुचि राख्थे ।

ग)  अलबर्ट प्रन्ध्र वर्षका हुँदा उनको परिवार ....... बसाइ सरेको थियो ।

घ)  अलबर्ट आइन्स्टाइनले सन् १९०५ मा ज्युरिक विश्वविद्यालय बाटै ...... को उपाधि प्राप्त गरेका थिए ।

४)  तल दिइएको अनुच्छेद सुन्नुहोस् र उत्तर दिनुहोस् :

शिक्षामा महिलाहरू पछि पर्नुमा आर्थिक तथा सामाजिक कारणहरू नै प्रमुख भए तापनि देशको भौगोलिक बनावट तथा विगतमा राजनीतिक कारण पनि रहेको थियो । शिक्षामा महिला सहभागिता कम हुनका आर्थिक सामाजिक कारणहरूका रूपमा आर्थिक विपन्नता, शैक्षिक चेतनाको कमी, परम्पपरागत सामाजिक धारणा विश्वास तथा रुढिवाद, छिटो विवाह, घरायसी काममा महिलाको बढी सलग्नता आदिलाई लिन सकिन्छट । अवस्थामा महिला शिक्षाको आदिलाई लिन सकिन्छ । अवस्थामा महिला शिक्षाको उपयुक्त विकासका लागि उल्लिखित कारणहरूलाई

ध्यानमा राखेर योजना कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । खास गरी महिला शिक्षाप्रति रहेका नकारात्मक धारणा, अन्ध विश्वास सामाजिक भेदभाव हटाई शैक्षिक चेतनामा अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरी सबैले पढ्न पाउने अधिकारको कदर गर्ने छोरीलाई स्कुल पठाउने कार्यमा समाजलाई अभिप्रेरित गरिने आवश्यक छ । त्यसै गरी भौगोलिक दृष्टिले विकट, र दुर्गम क्षेत्रहरूमा विद्यालय तथा अन्य शिक्षण संस्था खोल्ने कामलाई कार्यक्रम तथा उपयुक्त रोजगारीको अवसर सृजना गरिनु आवश्यक देखिन्छ ।

**प्रश्नहरू**

क) शिक्षामा महिलाहरू पछि पर्नुका कारणहरू केके हुन् ?

ख) शिक्षामा महिला सहभागिता कसरी गराउन सकिन्छ ।

ग) महिला शिक्षाको उपयुक्त विकासका लागि कस्ता योजनाहरू आवश्यक हुन्छन् ?

घ) यस अनुच्छेदलाई खुलाउने शीर्षक के हुन सक्छ ?

ङ) विपन्नता, संलग्नता, उपयुक्त र अन्ध विश्वास शब्दको अर्थ भन्नुहोस् ?

**बोलाई**

५. तलका शब्दहरू ठिकसँग उच्चारण गर्नुहोस् र उदाहरणमा देखाए जस्तै गरी लेख्नुहोस् :

विशिष्ट : /बि. सि स्.ट./

भूगोल : /भू. गोल्./

दुर्गम, वर्गीय, व्यापारिक, दार्जिलिङ, उपचार

६. अर्थ स्पष्ट हुने गरी वाल्यमा प्रयोग गर्नुहोस् र कक्षामा सुनाउनुहोस् :

एकान्त प्रेमी, महान् वैज्ञानिक, जेहेन्दार, दत्तचित, दुरूपयोग, तानाशाही, प्रतिभाशाली, सम्मानित, अवसान

७.	देशका दुर्गम गाउँमा विकासको मुहान फुटाउन कसले के गर्नुपर्छ ? आफ्नो विचार प्रकट गर्नुहोस् ।

८.	अल्बर्ट आइनस्टाइनको बाल्यकाल कस्तो रह्यो ?

**पढाइ**

९.	पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् ।

१०.	पाठको तेस्रो र चौथो अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क)	आइन्स्टाइनले कहिले र कुन सिद्धान्तको प्रतिपादन गरेका थिए ?

(ख)	आइन्स्टाइनलाई किन अमेरिका जान बाध्य पारियो ?

(ग)	आइन्स्टाइनको मृत्यु कहिले र कुन सहरमा भएको थियो ?

११.	पाठको दोस्रो अनुच्छेद मौन पठन गर्नुहोस् र चार ओटा मुख्य बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोसु ।

१२.	तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । सुदूरपश्चिमको सुर्खेत उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा उपत्यका, चितवन नवलपुर उपत्यका, काठमाडौँ उपत्यका, सिन्धुली माडी उपत्यका र अरू नदी किनारका अनेक उपत्यका छन् । भूगर्व वेत्ता विद्वानहरूको भनाइअनुसार यी उपत्यकामा पहिले जल भरिएको थियो र करिब अढाइ लाख वर्ष पहिले यी उपत्यकाबाट पानी निस्केर बाहिर गयो । सम्भवतः यी सबै उपत्यकाको पानी त्यसपछि नै खुल्यो । पानी बगेर गएपछि जहाँ जङ्गल भयो र जीवजन्तु पनि आफ्नो आहाराको खोजीमा यसतर्फ अग्रसर भए । त्यससपछि आदि मानव पनि आफ्नो जीवन निर्वाहका लागि यसतर्फ सिकार गर्न पस्यो । पहिले मानवको जीवन यायावरीय भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दशहजार वर्ष, पहिलेसम्म मानव पुरानै पाषाण युगको क्रममा थियो । तर इसापूर्व सात हजारदेखि पाँचहजार वर्षतिर आएर मानवले आफ्नो जीवन नव पाषाण युगमा पुऱ्यायो । यस समयमा मानवले कृषिकर्म अपनाउन थालिसकेको थियो ।

**प्रश्नहरू**

(क) नेपालका उपत्यकाहरूमा कति वर्ष पहिले जङ्गल उत्पन्न भएको थियो ?

(ख) आदि मानव यी उपत्यकामा पस्नुअघि यहाँ कस्तो वातावरण थियो ?

(ग) मानवले किन यायावरीय जीवन विताउनु पर्‍यो ?

(घ) मानवले कुन युगमा कृषिकर्म सुरु गर्‍यो ?

(ङ) ‘भूगर्व वेत्ता’ र ‘पाषाणयुग’ को अर्थ के हो ?

**लेखाइ**

१३. तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) अल्बर्ट आइन्स्टाइनको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) आइन्स्टाइनको स्वभाव कस्तो प्रकृतिको थियो ?

(ग) आइन्स्टाइन कति वर्षको हुँदा उनको परिवार बसाइ सरेका थिए ?

(घ) आइन्स्टाइनले कहिले र कुन सिद्धान्तको प्रतिपादन गरेका थिए ?

(ङ) आइन्स्टाइनले किन अमेरिका जान बाध्य पारियो ?

(च) आइन्स्टाइनको मृत्यु कहिले र कुन सहरमा भएको थियो ?

(छ) आइन्स्टाइनको जीवनीबाट हामीले लिन सकिने प्रेरणा के हो ?

१४. पाठको तेस्रो अनुच्छेदबाट मुख्य पाँच ओटा बुँदा टिप्नुहोस् ।

१५. भाव स्पष्ट पार्नुहोस् :

(क) अल्बर्ट आइन्स्टाइन एक महान् वैज्ञानिक हुन् ।

(ख) आइन्स्टाइनको जीवनीबाट हामीले केकस्तो प्रेरणा पाउन सकिन्छ स्पष्ट पार्नुहोस् ।

१६. पाठको चौथो अनुच्छेदबाट ‘श’ र ‘स’ को प्रयोग भएका शब्दहरू लेख्नुहोस् ।

१७. पाठको पहिलो अनुच्छेदबाट ह्रस्व इकार र दीर्घ ईकार लागेका पाँच पाँच ओटा शब्द लेख्नुहोस् ।

## व्याकरण

१. तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरू क्रियायोगी हुन् तिनलाई अभ्यास पुस्तिकामा सार्नुहोस् :

म हिजै तिमीलाई यहाँ भेट्न चाहन्थेँ तर निमी त उपत्यकाका बाहिर रहेछौ । हाम्रो भेट नभएको धेरै लामो समय भयो । अहिले म काठमाडौँ फर्केको छु । हिजो बिहान सबेरै आएको थिएँ । पढ्न भनेर विदेश गएको धेरै भयो । पढाइ पनि सिद्धियो । मेरो मनले त्यहाँ एक्लै बस्न मानेन । यहाँ आमाबाबाले तल, माथि, वर, पर, यता, उता, गर्दै चिटचिट पसिना बगाएर दिनरात काम गर्नुहुन्छ । उहाँहरूले जस्तै म पनि यहि देशको माटोमा आफ्नो सिप र श्रम खर्चन चाहन्छु । मेरो पहिलेदेखिको चाहना पनि यही हो । त्यसैले म छिटै फर्को । साथी । विदेशको जीवन निकै यान्त्रिक रहेछ । यहाँ बसेर टेलिभिजनमा हेर्दा त्यहाँका सबै कुरा धेरै राम्रा देखिन्छन् । मानिसहरू चिटिक्क परेर मुसुक्क हाँस्दै ढकमक्क फुलहरू फुलेको बगैँचामा घुमेका छन् । गुनगुन कुरा गर्दै रमाइला रमाइला दृश्य हेर्दै बाँचेका छन् भन्ने लाग्छ तर मित्र उनीहरूभित्र पनि पटक्कै शान्ति छैन । आफन्तलाई चटक्कै छाडेका छन् र यान्त्रिकताभित्र फनफनी फेरो मार्दै चसचस दुखेको छाती लिएर हिँडेका छन् । यस्तो ठाउँमा म जस्ताले सजिलै काम पाउन सक्ने कुरै भएन । त्यसैले स्वदेशमै केही गरौँ भन्ने उत्साह बोकेर म यहाँ फर्किएको छु । तिमी छिटो काठमाडौ आउ तिमीसँग मैले धेरै कुरा गर्नु छ ।

२. तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरू संयोजक हुन् तिनिहरूको पहिचान गरी अभ्यास पुस्तिकामा सार्नुहोस् :

हामी कर्णाली अञ्चलको रारा तालको भ्रमणमा निस्कियौँ र प्राकृतिक सौन्दर्यको चरम आनन्द लियौ । आहा रारा त साँच्चै प्रकृति सुन्दरी पो रहिछिन् । त्यसैले त यहाँ पर्यटकको ओइरो लाग्दो रहेछ । हामीले रारा तालको सौन्दर्यलाई आँखाभरि हे अनि रारासँगै आँफूलाई पनि क्यामरामा कैद ग । घनघोर जङ्गलका बिचमा रहेको रारा तालको सौन्दर्यको जादुले हामीलाई धेरै दिन त्यही राख्न चाहन्थ्यौ तर हामीसित समय कम थियो । म राराको आँगनमा छमछम नाँचूँ कि उन्मुक्त भएर

गीत गाऊँ । म साथीहरूसँग मिलेर रारासँगै फोटाहरू खिचूँ वा त्यहाँको सुन्दरतालाई कहिल्यै नमेटिने गरी हृदयमा सजाऊँ । म केही सोच्नै सक्ने अवस्थामा थिइनँ किनकी राराको प्रेममा म चुर्लुम्म डुबिसकेको थिएँ । मलाई रारारूपी अप्सराले मोहनी लगाएकी थिइन् । जब म राराको नजिकै पुगेँ तब राराका चपल वयसी आँखासँग मेरा आँखा जुहन पुगे । रारा मुसुक्क मुस्कुराएर मलाई स्वागत गर्न पुगिन् भने म पनि उनका अधरको मुस्कान र नयनको संसारमा रमाउन पुगेँ ।

३. तल दिइएका शब्दहरू पढ्नुहोस् र तालिकामा दिइए जस्तै गरी क्रियायोगी, नामयोगी र संयोजक छुटाएर अभ्यास पुस्तिकामा लेख्नुहोस्:

कपाकप, सरासर, छमछम, वर, पर, तल, सित, सँग, पर्यन्त, र, अनि, अनुसार, त्यसैले, माथि, ढक्कमक्क, चिटिक्क, चिटचिट, पढ्न, पढेर, हिजो, निम्ति, आज, भोलि, वा, अथवा, तर, तापनि, भने, भन्ने, गुनगुन, सम्म, साथ, भरि, तिर, प्रति, कि, कितकि, भित्र, पहिले, अहिले, गरेकाले, चसचस, चम्किए,

| क्रियायोगी | नामयोगी | संयोजक |
|---|---|---|
| वर, पर | सित, सँग | र अनि |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**सिर्जनात्मक अभ्यास**

तल दिइएका बँदाहरूका आधारमा जीवनी तयार पार्नुहोस्:

नाम: बालकृष्ण सम

जन्म: १९५९ माघ २४

जन्मस्थान: ज्ञानेश्वर, काठमाडौँ

शिक्षा: आई, एस्सी

प्रमुख साहित्यिक कृति:

खण्डकाव्य: आगो र पानी

महाकाव्य: चिसो चुल्हो

कविता सङग्रह: बालकृष्ण समका कविता

नाटक: मुटुको व्यथा, ध्रुव, मुकुन्द इन्दिरा, अन्धवेग, प्रेमपिण्ड ।

दर्शन: नियमित आकस्मिकता

योगदान: नेपाली नाटकमा आधुनिकता ल्याउने तथा कविता नाटक लेख्ने सर्वोच्च प्रतिभा

पुरस्कार: पृथ्वी प्रज्ञा पुरस्कार, त्रिभुवन प्रज्ञा पुरस्कार, साझा पुरस्कार, राजश्री स्वर्णपदक,

मृत्यु: वि.स. २०३८ साउन ६ गते पशुपति आर्यघाट ।

## प्रेरक व्यक्तित्व : साहित्यकार पारिजात (जीवनी)



साहित्यकार पारिजातको जन्म दार्जिलिङको लिङ्गिया चिया बगानमा वि.सं. १९९४ बैशाख महिनामा भएको थियो । उनका पिता डा.के एन. वाइवा र माता अमृता मोक्तानको गर्भबाट भएको हो । उनको न्वारानको नाम विष्णुकुमारी वाइवा भए तापनि उनलाई साहित्य जगतमा सुपरिचित गराउने नाम पारिजात नै हो । पारिजातको बाल्यकाल दार्जिलिङको सुन्दर प्रकृतिको काखमा लडिबुटि खेल्दै बितेको थियो । फ्रकभरि चापका कोपिला बटुलेर, नागबेलीका माला लगाएर, अँगालोभरि जङ्गली फूल र झारपात लिएर गट्टा र बल्ढ्याङ्गा खेलेर आफ्नो दिनचर्या रमाउँदै विताउँथिन् । उनले प्रारम्भिक शिक्षा दार्जलिङ्मै हासिल गरेकी थिइन् । वि.सं. २०११ मा नेपाल आएपछि पद्मकन्या विद्यालयबाट एल.एल.सी र पद्मकन्या कलेजबाट बी.ए. सम्मको शिक्षा हासिल गरिन् । आर्थिक अभावका कारणले गर्दा उनले पढ्ने इच्छा पुरा गर्न सकिनन् ।

पारिजात एक अत्यन्त स्वाभिमानी र स्वतन्त्रता प्रेमी नारी भएकाले आफ्नो काममा कसैले वाधा दिएको सहन सक्दिन थिइन् । उनी आफ्नो देशको माटो र जातिप्रति आघात प्रेम गर्थिन । उनी आफूलाई प्रवासी भनेको पटक्कै मन पराउँथिन । उनी सानैदेखि भावुक र कल्पनाशील भएकाले प्रकृतिको काखमा विचर गर्न असाध्यै मन पराउँथिन् । जङ्गली फुलहरू टिप्न जुनेली रातमा एकलै घुम्न, एकान्तमा बस्न मनपराउनुका साथै वर्ष ऋतु, गुराको फूल र हरियो रंग उनलाई विशेष मन पर्‍यो । पारिजात ज्यादै संवेदनशील अर्न्तमुखी स्वभावकी र कोमल हृदयकी भएकाले उनलाई स-साना घटनाले पनि गम्भीर प्रभाव पार्दथ्यो । उनमा दयालु र सहयोगी व्यक्तित्व पनि प्रवल रूपमै झल्किन्थ्यो ।

पारिजातको जीवन सङ्घर्ष र अभावै अभावले भरिएको थियो । विविध समस्याका बावजुद पनि आफ्नो कार्यलाई निरन्तर रूपमा अगाडी बढाउने एक संघर्षशील नारी प्रतिभा हुन् पारिजात । बाल्यकालमै आमाको मृत्यु भएकाले मातृ स्नेहबाट बञ्चित थिइन् । उनले आफ्नो एकमात्र दाजुलाई गुमाउनु परेको थियो । उनी बाबुको संरक्षण र रेखदेखमा

काठमाडौँ आई बसेकी थिइन् । जसरी मातृस्नेहबाट बञ्चित थिइन् त्यसरी नै पितृस्नेहरूबाट पनि २०२९ सालमा वञ्चित भइन् । ब्बाको मृत्यृ पछि उनलाई आर्थिक समस्या र रोगले आक्रमण गरेपछि उनले अत्यन्त कष्टपूर्ण जीवन जीउनु पऱ्यो । बुबाको मृत्युपछि उनको साथमा बहिनी सुकन्या मात्र थिइन् । सुकन्या स्नेह नारी थिइन् । उनले पारिजातलाई बिरामी परेका समयमा असाध्यै माया र सद्भावका साथ स्याहार गर्थिन् । यसरी पारिजातले विविध शारीरिक र मानसिक यातनासँग लड्दै भौतिक विपन्ताको चुनौतिलाई सामना गर्दै आफ्नो साहित्यिक यात्रालाई निरन्तर रूपमा अगाडि बढाउँदै लगिन् । जब बाह्र वर्षको उमेरदेखि नै शरीर दुख्ने व्यथाले ग्रसित थिइन् । उनी छब्बीस वर्षको भइन् तब हाडजोर्नीसम्बन्धी बाथ रोगले आट्यानमै थला पाऱ्यो । अवस्था भयो । यस बाहेक उनलाई क्षयरोग, दम र अल्सरले समेत च्यापेको थियो । उपचारका लागि नेपाल लगायतका भारतका विभिन्न अस्पतालमा समेत पुगिन् तर उनलाई रोगले छोड्न । उपाङ्ग शरीर, बेसाहारा, जीवन र आर्थिक कठिनाइ जस्ता चुनौतीपूर्ण अवस्थालाई पार लगाउँदै आफ्नो कार्यक्षेत्रमा निरन्तर रूपले लागेकै कारण फलस्वरूप नेपालकी शिखर प्रतिभावान् व्यक्तित्व बन्न पुगिन् । यसरी उनको जीवनीबाट जतिसुकै अभावमा पनि सिर्जना भन्ने कुरा कहिल्यै मर्दैन, प्रतिभा भन्ने कुरा ओइलाउँदैन भन्ने प्रेरणा पाउन सकिन्छ । उनी अशक्त भएर पनि साहस र आत्मबल भएकाले समाज र राष्ट्रका लागि उल्लेखनीय योगदान दिन सकिन्छ भन्ने कुरा उनको आफ्नो जीवन दर्शनबाट छर्लङ्ग पारेकी छन् । पारिजात साहित्यिक जगत्की एक उज्ज्वल नक्षेत्र बनी सबैका लागि प्रेरणकी स्रोत बनेकी छिन् ।

पारिजात जब कक्षा चारमा पढ्न थालिन् तबदेखि नै उनमा कविताका भावहरू छचल्किएर आउन थालिसकेका थिए । उनको बाल्यकालदेखि नै साहित्यप्रति अभिरुचि थियो । उनले २०१३ सालमा 'धरती' पत्रिकामा कविता प्रकाशन गरेर औपचारिक रूपमा साहित्य यात्राको बीजारोपण गरेकी हुन् । उनका बुबाले उनलाई डाक्टर बनाउन सपना देखेका थिए तर उनको भावुक र कल्पनाशीलताले उनी कला र साहित्यका फाटमै चर्चित बन्न सफल भइन् । उनले कविता विधाबाट साहित्यिक यात्राको प्रारम्भ गरे तापनि कथा र उपन्यास विधामा उनले विशिष्ट सफलता हासिल गरेकी छन् । वि.सं. २०२१ मा 'मैले नजन्माएको छोरो' प्रकाशन गरेर कथा विधाको क्षेत्रमा अवतरिक भएकी हुन् । उनका कथाहरू ('आदिम देश', 'सडक र प्रतिभा', 'साल्गीको बलात्कृत आसु', 'बधशाला जाँदा

आउँदा) जस्ता कथा सङ्ग्रह रहेका छन्, उनका कथामा पात्रका जीवनका जटिलताको चित्रण गरिएको पाइन्छ । साथै पछिल्ला कथाहरूमा निम्नवर्गका मानिसप्रति विशेष साहानुभूति प्रकट गरेकी छन् ।

पारिजात उपन्यासको क्षेत्रमा पनि उतिकै रूपमा कलम चलाएकी छन् यस क्षेत्रमा उनले विशिष्ट योगदान दिएकी छन् उनको 'शिरीषको फूल' (२०२२) उपन्यासको आधुनिक औपन्यासिक क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समेत अतुलनीय योगदान दिएको पाइन्छ । उक्त उपन्यासमा जीवनको अर्थहीनता, विसङ्गति रस निराशालाई मूल विषय बनाइ विसङ्गतिवादी अस्तित्ववादी विचार प्रस्तुत गरेकी छिन् । 'शिरीषको फूल' विविध भाषामा अनुवाद भइसकेको छ । अनुवादकै क्रममा अङ्ग्रेजी अनुवाद 'द ब्लु मिसोमा' अमेरिकाको मरिल्यान्ड विश्वविद्यालयमा समेत अधययन अध्यावन हुने गरेको पाइन्छ । यो बोहक 'महत्ताहीन', 'बैंसको मान्छे', 'तोरीबारी, बाटा र सपनाहरू', 'पारिभाष्ति आँखाहरू', 'अनिँदो पहाडसँग', 'बोनी' जस्ता उपन्यास लेखेर साहित्य जगतलाई जगमगाएकी छन् । यसका अतिरिक्त विभिन्न संस्मरणात्मक कृतिहरू र एकाङ्कीजस्ता क्षेत्रमा पनि कलम चलाएकाले उनलाई बहुमुखी प्रतिभाकी धनी भनेर चिन्न सकिन्छ । उनले साहित्यलाई चेतना र जागरणको आलोक मानेकी छन् । पारिजातले आफ्ना कृति मार्फत सामाजिक असमानता, विकृति र विसङ्गतिको विरोध गर्दै सामाजिक यथार्थको चित्रणलाई प्रष्ट रूपमा ओकालत गरेकी छन् । उनले यसरी आफ्ना कृतिमा मानवतावादी स्वर गुन्जाएकी छन् ।

पारिजात विभिन्न साहित्यिक, सांस्कृतिक, राजनीतिक र सामाजिक सङ्घ संस्थामा आबद्ध थिइन् । साथै उनले साहित्यिक आन्दोलनको नेतृत्वसमेत सक्रिय रूपमा गरेकी थिइन् । पारिजात शारीरिक रूपमा अशक्त भए पनि समाजको उत्थानका निम्ति निरन्तर लागि पर्ने एक समाजसेवी र सचेत नारीप्रतिभा पनि हुन् । उनले नेपाली भाषा र साहित्यका क्षेत्रमा दिएको योगदानको कदरस्वरूप २०२२ सालमा 'शिरीषको फूल' कृतिमा मदन पुरस्कार प्रदान गरिएको पाइन्छ । यसबाहेकका अन्य विविध गम्कीवसुन्धरा पुरस्कार, सर्वश्रेष्ठ पाण्डुलिपी पुरस्कारद्वारा सम्मानित गरिएको थियो ।

यसरी पारिजातले विविध सङ्घर्षमय जीवन जीउँदै भए तापनि नेपाली साहित्य जगत्लाई सफलताको शिखरमा पुऱ्याएकी छन् । उनी नेपाली साहित्य क्षेत्रकी एक उज्ज्वल नक्षेत्रका रूपमा स्थापित भएकी छन् । प्रेरक व्यक्तित्व पारिजात आजीवन अविवाहित नै रहेर

विविध बाधा अड्चनलाई पन्छाउँदै निरन्तर साहित्यमा तल्लीन थिइन् । उनलाई दिनप्रतिदिन रोगले झन्झन् नमोठी रहेको थियो । उनको शरीर सिथिल र जीर्ण हुँदै गएको थियो । अन्तत : वि.सं. २०५० बैशाख ५ गते उनी सदाका लागि यस धरतीबाट बिदा भइन् । उनी आज यस संसारमा नभए तापनि उनका अजर, अमर र अनमोल कृतिहरू हामीमाझ रहेकाले उनी अमर छिन् । उनका मानवतावादी विचारहरू र प्रेरणादायी जीवन दर्शनलाई हामी सबैले समानताका साथ आत्मसात् गर्नुपर्दछ । हामी सकैले पनि उनको प्रेरक उच्च प्रतिभावान् व्यक्तिलाई विर्सिन सक्दैनौ ।

**शब्दार्थ**

बल्ढ्याङ्ग्रा : ठूलाठूला गेडा हुने सिमिका ढाँचाको फल विशेष

जीवन्त : जीवित, सजीव

स्वाभिमानी : आफ्नो प्रतिष्ठा र महत्त्वमाथिको, गरिमा, आत्मागौरव

प्रवासी : परदेशमा रहने, विदेशमा बस्ने

विचरण : घुमफिर गर्ने काम, भ्रमण

भावुक : भावनामा डुब्ने

वञ्चित : पछिन्ने काम

संवेदनशील : मार्मिक भाव वा विचार अनुभव गर्ने

अन्तरमुखी : आफ्नै आन्तरिक संसारमा मग्न हुने

सङ्घर्षशील : सङ्घर्षमा लागेको, सङ्घर्ष गरिरहनु पर्ने

मातृस्नेह : आमाद्वारा पाइने माया वा स्नेह

पितृस्नेह : बुबाद्वारा पाइने माया वा स्नेह

पितृस्नेह : बुबाद्वारा पाइने माया वा स्नेह

बाथरोग : हाडजोर्नीसम्बन्धी रोग

क्षयरोग : एक कडा रोग, वा टी.बी.

अल्सर : आन्द्रा, आँखा र मुखमा हुने एक प्रकारको रोग

शिखर प्रतिभा : उच्च प्रतिभा

आत्मबल : भित्री बल

बहुमुखी : विभिन्न विषयको ज्ञान भएको

अपाङ्ग : शरीरको कुनै अङ्ग काम नलाग्ने अवस्था

**अभ्यास**

**सुनाइ**

१. पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) पारिजातको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) पारिजातको वास्तविक नाम के हो ?

(ग) पारिजातको बाल्यकाल कसरी बित्यो ?

(घ) पारिजातको माता पिताको नाम के हो ?

२. पाठको दोस्रो अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।

**बोलाइ**

३. तलका शब्द शुद्ध उच्चारण गर्नुहोस् :

अनमोल, सहानुभूति, दम, आलोक, मातृस्नेह, भावुक, संवेदनशील, जीवनदर्शन, विजारोपण

४. पारिजातले गरेका मुख्य मुख्य कामलाई बुँदागत रूपमा भन्नुहोस् ।

**पढाइ**

५. पाठका अनुच्छेदहरू पालैपालो पढ्नुहोस् :

६. तलको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

आजको विश्वमा मानव जातिका लागि मानव अधिकारप भन्ने कुरा अपरिहार्य विषय बन्न पुगेको छ । मानव अधिकारको अभावमा मान्छेको वैयक्तिक विकास सम्भव छैन । जब एउटा नागरिक आफ्ना अधिकारहरूबाट वञ्चित रहन्छ तब त्यसको असर समाज र राष्ट्रले समेत भोग्नु पर्ने हुन्छ । मानव अधिकार कुनै एउटा व्यक्ति वा कुनै एउटा राज्यको मात्र सरोकारको कुरा होइन । यसको सम्मानमा संसारका हरेक व्यक्ति, समाज, राज्य एवम् अन्तर्राष्ट्रियकै सहयोग अत्यावश्यक हुन्छ तापनि आफ्नो मुलुकमा मानव अधिकारलाई सम्मान गर्ने परिपाटी कायम गर्ने कि नगर्ने भन्ने विषय भने त्यस मुलुकको राज्य व्यवस्था वा सरकारमै निर्भर गर्दछ । यस अर्थमा मानव अधिकारको सम्मन गर्ने र त्यसलाई सुदृढ पार्ने सरकारको नै सबैभन्दा महत्त्वपूर्ण भूमिका रहनु स्वभाविक हो । जहाँ मानव अधिकारको सम्मान हुँदैन त्यहाँ प्रजातन्त्र पनि हुँदैन । जहाँ प्रजातन्त्र हुन्छ त्यहाँ मानव अधिकारको सम्मान गर्नु अनिवार्य हुन्छ । मानव अधिकारलाई गौण विषय ठानेर र त्यसलाई बेवास्ता गरेर प्रजातन्त्रको कुरा गर्नु निरङ्कुशतालाई आत्मसात् गर्नु हो । विश्वकाव कतिपय मुलुकहरूमा प्रजातन्त्रका नाममा मानव अधिकारको अवहेलना हुँदै आएको छ । मानव अधिकारप्रति सम्मान दर्साउने प्रजातान्त्रिक संविधानको निर्माण भएको भए पनि व्यवहारमा त्यसको पालना नगरिएका प्रशस्तै उदाहरणहरू पाइन्छन् । यसबाट के कुरा बुझ्न जरुरीहुन्छ भने संविधानमा मात्रै मानव अधिकारप्रति जाहेर गरेर वास्तविक रूपमा मानव अधिकारको सम्मान हुन सक्तैन । मानव अधिकारको सम्मानका लागि प्रजातान्त्रिक संविधान अनुसार स्थापित हुने सरकारको कार्यशैली पनि प्रजातान्त्रिक हुनु पर्दछ ।

**प्रश्नहरू**

(क) मानव अधिकार के का लागि हो ?

(ख) मानव अधिकारको सम्मान कसको सरोकारको विषय हो ?

(ग) प्रजातन्त्र र मानव अधिकारका बिचमा कस्तो सम्बन्ध छ ?

(घ) राज्यले मानव अधिकारको सम्मान कसरी गर्न सक्तछ ?

(ङ) 'अपरिहार्य' र 'निरङ्कुशता' शब्दले के के अर्थ बुझाउँछन् ?

**७. पाठको तेस्रो अनुच्छेद पढी त्यसको सारांश भन्नुहोस् ।**

**लेखाइ**

८. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

शिखर, बहुमुखी, दिनप्रतिदिन, मानवतावादी, अस्तित्ववादी, सङ्घर्षमय, अतुलनीय

९. तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :

(क) पारिजातलाई किन प्रेरणाकी स्रोत मानिन्छ ?

(ख) पारिजातको बाल्यकाल कसरी बित्यो ?

(ग) पारिजातले जीवनमा के कस्ता सङ्घर्ष भोग्नु पऱ्यो ?

(घ) पारिजातलाई किन बहुमुखी प्रतिभाकी धनी मानिएको हो ?

(ङ) पारिजातले आफ्नो जीवनकालमा के कस्ता पुरस्कार पाई सम्मानित भइन् ?

१०. 'पारिजात एक विशिष्ट नारी प्रतिभा हुन्' भन्ने कुरालाई पुष्टि गर्नुहोस् ।

**व्याकरण**

१. तल दिइएका वाक्यलाई कोष्ठमा दिइएका सङ्केतका सहायताले वाक्य परिवर्तन गर्नुहोस् ।

(क) कवि कविता रच्छन् । (स्त्रीलिङ्ग)

(ख) मेरो बुवा कार्यालय जानुभयो । (स्त्रीलिङ्ग)

(ग) होची आइमाई कपडा सिलाउँदै छे । (पुलिङ्ग)

(घ) दुलही घोडा चढेर आइ । (पुलिङ्ग)

(ङ) बाच्छो बारीमा दगुऱ्यो । (स्त्रीलिङ्ग)

(च) म पढ्न गएकी थिएँ । (पुलिङ्ग)

(छ) ऊ पहिला पहिला खुब पढ्थ्यो । (स्त्रीलिङ्ग)

(ज) हरिकी बहिनी रमाइ रमाइ नाच्छे । (पुलिङ्ग)

(झ) गुरुले हामीलाई पढाउनुभयो । (स्त्रीलिङ्ग)

२. तल दिइएका वाक्यलाई कोष्ठमा दिइएका सङ्केतका सहायताले वाक्य परिवर्तन गर्नुहोस् ।

(क) म विद्यालय गएँ । (बहुवचन)

(ख) तिमीहरू खेल खेल्छौँ । (एकवचन)

(ग) म धरहरा हेर्न जान्छु । (द्वितीय पुरुष)

(घ) हामी विद्यालय जान्छौँ । (तृतीय पुरुष)

(ङ) गोपाल पशुपतिको दर्शन गर्न गयो । (प्रथम पुरुष)

३. सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग गरी आफ्नो मिल्ने साथीका बारेमा एक अनुच्छेद लेख :

**सिर्जनात्मक अभ्यास**

तल दिइएका बुँदाका आधारमा एउटा छोटो जीवनी तयार पार :

नाम : लक्ष्मीप्रसाद देवकोटा

जन्म : वि.सं. १९६६, कार्तिक २७ गते, शुक्रवार, लक्ष्मीपूजाको रात, धोबीधारा, डिल्लीबजार, काठमाडौँ

न्वारानको नाम : तीर्थमाधव देवकोटा

माता: माता राज्यलक्ष्मी देवकोटा

पिता : तिलमाधव देवकोटा

शिक्षा : बी.ए., बी.एल. र अङ्ग्रेजीमा एम.ए. सम्मको अध्ययन ।

कृतिहरू : मुनामदन, भिखारी, चिल्ला पातहरू, शाकुन्तल, सुलोचना, कुञ्जिनी, सीताहरण, प्रमिथस, आकाश बोल्छ, दारिमको रुखहोर

मुख्य विशेषता : परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, स्वतस्फूर्त, सिर्जनशीलता, भावुक, काल्पनिक प्रचुरता, हार्दिक, कोमलता ररमरसम बौद्धिकता, प्राकृतिक आशु कवित्व, प्रकृति, ईश्वर र मानवताको त्रिवेणी गराई मानवतावादी आदर्श भावहरू प्रदर्शन गर्ने कविका रूपमा प्रसिद्ध ।

सम्मान : नेपाली साहित्यका महाकवि

मृत्यु: वि.सं. २०१६ भदौ २९ गते : पशुपति आर्यघाट, काठमाडौँ ।

## ४.१.४ **पाठ चार : कथा**

### कथाकार परिचय



विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) नेपाली साहित्यका एक प्रसिद्ध मनोवैज्ञानिक कथाकार हुन् । कानुन विषयमा स्नातक उपाधि प्राप्त गरिसकेपछि दार्जिलिङमा उनले वकालती कार्य प्रारम्भ गरे । त्यहीँ रहँदाबस्दा स्व. सूर्यविक्रम ज्ञवालीकाने प्रेरणा पाउर उनले नेपालीमा कथाहरू लेख्न थालेको थिए । त्यसभन्दा अघि उनले हिन्दीमा फाट्टफुट्ट कथाहरू लेखिसकेका थिए । हालसम्म उनका ‘दोषी चस्मा’ र ‘श्वेतभैरवी’ दूई कथासङ्ग्रहहरू प्रकाशन भएका छन् जसमा मानिसको मनमा विभिन्न स्थितिहरूको चित्रण गरिएको छ । विशेष गरेर यौन ता नर र नारीबीचको प्रेमाकर्षणसम्बन्धी मनोविज्ञानलाई आधार बनाएर उनले उत्कृष्ट कथाहरू लेखनेका छन् । यौन असन्तुष्टि वा यौनभावको दमनबाट उत्पन्न हुने समस्या वा विकृतिहरूलाई विषयवस्तु बनाएर उनले कर्नेलको घोडा, श्वेतभैरवी, मधेशतिर, पवित्रा जस्ता कथाहरू लेखेका छन् । सिग्मण्ड फ्रायडका मनोविश्लेषण सम्बन्धी सिद्धान्तको अनुसरण गर्ने भएकाले उनलाई फ्रायडवादी कथाकार भन्ने गरिन्छ ।

विश्वेश्वरप्रसाद कोइराला पात्रहरूको मनोलोकको गहिराइभित्र पसेर सूक्ष्म चेतना तन्तुलाई पकड्न सक्ने एक सशक्त मनोविश्लेषणवादी कथाकारका रूपमा चिनिन्छन् । उनको प्रस्तुत ‘शत्रु’ कथा पनि एक मनोवैज्ञानिक कथाको रूपमा रहेको छ ।

## 'शत्रु'

**- विश्वेश्वर प्रसाद कोइराला**

'आँखामा राखे पनि नबिझ्झाउने' भन्ने उखान कसैको निमित्त उपयुक्त हुन्थ्यो । भने कृष्ण रायको निमित्त हुन्थ्यो । ४३ वर्षका कृष्ण राय गाउँका सबैभन्दा भद्र मानिस थिए । तिनको यता १०/१२ वर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन् । यसैबाट तिनको शान्त स्वभावको परिचय हुन्छ । कसैलाई कर्जा दिनु तिनी आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे । तिनका मतअनुसार कर्जामा गएको रूपैयाँ आफू आउँदा झगडा बोकी ल्याउँछ । तर, दुःख परेको बेखतमा (राजद्वारे श्मशाने च तिनी गाउँलेको सहायतामा प्रस्तुत रहन्थे । जनककुमारीको एक्लो छोरो मर्दा जनककुमारीको पीर भन्दा तिनको सान्त्वनाले त्यहाँ भएका मान्छेहरूको आँखामा आँसु ल्यायो । गाउँलेहरूमा झगडा पर्‍यो भने तिनी नै मध्यमस्थ हुन्थे । तिनले गरेको फैसलाले कोही पनि असन्तुलन भएको देखिदैन्थ्यो । आफ्नो घरबाट तिनी कम निस्कन्थे र निस्केको दिन कित कसै कहाँ मृत्यु भएछ कि झगडा भए भनी ठान्नुपर्थ्यो सडकमा सब जना अदबसँग तिनको अभिवादन गर्थे ।

कृष्णरायलाई सब प्रकारको सुख थियो, धनको यसको र सम्मानको तिनको सन्तान थिएन, तर यसभावलाई तिनले आफ्नो एउटा टाढाको भतिजोलाई पाली पूर्ति गरेका थिए ।

एक रात तिनी खाईपिई सुत्ने प्रयत्न गरिहेका थिए । तिनका मनमा धेरै-धेरै प्रकारले विचार आउनु थाल्यो । तिनको जीवन कसैले असफल भन्न सक्तैन सानोतिनो पूँजी पनि कमाइहालेका थिए, रूपैयाँ जम्मा गर्दा अरूहरूको गरेजस्तो रैतीहरूलाई पीर पारेनन् । यही लिनका सन्तोषको ठूलो कारण थियो । ४५ वर्षको यात्रा लामो जीवनमा तिनले कसैलाई आफ्नो शत्रु बनाएनन् । यस कल्पनाले तिनको तन्द्राको सुख बढाइरहेको बेलामा तिनीमाथी लठ्ठीको प्रहार पर्‍यो । संयोगवंश लठ्ठीको मुख्य चोट तिनीमाथि परेन । प्रहारकर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामाथि - यो छुट्याउन गाह्रो थियो ।

कृष्णराय जुरमुरिदै उठे, तबसम्म आक्रमणकारी भागिसकेको थियो ।, 'मलाई कसले यसरी आक्रमण गर्‍यो होला ? तिनी विचार गर्न थाले । त्यस जीवनमा मैले कसैलाई आफ्नो शत्रु बनाइँन, झगडा- फसादमा रछिन् । कृष्णरायलाई पैले त कसैको आक्रमण गरेको हो भन्ने कुरामा विश्वास भएन, सब तन्द्रावस्थामा भ्रमजस्तो लाग्यो तर भितामा लागेको

भाँचिएको लठ्ठी टुक्रा त भ्रम हुन सक्तैन । कृष्ण रायले विछ्यौनाबाट निहुरीकन त्यस टुक्रालाई टिपे, गम्न थाले 'को शत्रु हुन सक्छ ?'

धेरै घोरिँदा तिनलाई यस रहस्यको सुइँको पाएको जस्तो लाग्यो । आजै बिहान एउटा काम बिगार्दा रामे भन्ने नोकरमाथि तिनी रिसाएका थिए । नोकरको के ठेगाना, त्यसमा पनि भोटे नोकरको, भोके उठ्यो होला र मालिकलाई छान्न हिँड्यो होला । नोकरसित झर्कदा तिनले नोकरको मुख रातो भएको देखेको थिए । उनलाई के थाहा रिसले रातो भएको रहेछ । तर उनले केही अचाक्ली गरी रिसाएको थिएन, यत्रो पुरानो नोकरले त्यति हप्की पाउँदा मालिकलाई मार्न नहिँड्नु पर्ने । रामले यो भन्न ठूलो-ठूलो गाली सहेको थिया र आजको झटनीले त्यसको धैर्यको अन्त नगर्नुपर्ने । तर मनुष्यको स्वभाव कसले जान्न सक्छ र ? रामे नभउ अरूको मेरो शत्रु होला ? हो न हो, यो तिनको काम हैन बलभद्रको काम हो । कारण, अस्ति हिसाब गोलमाल गरेर मालिकलाई ठग्न खोज्दा कृष्ण रायले तिनलाई फेला पारी लज्जित पारेका थिए । आखिर बलभद्रको समाजमा आदर थियो, गाउँलेहरू तिनलाई इज्जत गर्ने । कृष्ण रायले तिनलाई बेइज्जती गरेको तिनले सहज सकेनन् । होला र आज राति बदला लिन आएका होलान् । कृष्ण राय विचार गर्दै थिए । अस्तिको नोकरी खोज्दै आएको युवकको ध्यान तिनलाई आउन थाल्यो । विचारा खान नपाएर नोकरी खोज्दै आएको थियो, काममा लाउन छाडेर तिनले उसलाई उपदेश दिन थाले । 'कुरामा कुरा चल्दा कृष्ण रायले उसलाई अप्रिय शब्द भने त्यस युवकले यो निश्चय मन पराएन होला । त्यो बडो स्वाभिमानी होला जस्तो थियो त्यसलाई कठोर शब्द असाध्य बिझ्छ र धेरै दिनसम्म ईख लिइरहन्छन् । कृष्ण रायको एउटा अत्यन्त नराम्रो बानी छ । आफूलाई अकलुषित र दुर्गुणरहित भनी ठान्ने कृष्ण रायलाई आफ्नो एउटा ठूलो दोषको सम्झना आयो । समय असमयमा तिनी अर्कालाई आदेश र सल्लाह दिइरहन्छन् । नायक कृष्ण राय यस दुर्गुणबाट गुण ठानेर अङ्कमाल गरिरहेका थिए ।

कृष्ण राय धेरै झगडामा मध्यस्थ भएका थिए । यो बडो गर्वको कुरा हो, गाउँले तिनीमाथि नै विश्वास गरी तिनलाई झगडामा मध्यस्थ तुल्याउँथे । यसैले पनि तिनको गाउँमा धेरै सम्मान थियो । तर निश्चय नै यो कामले तिनलाई धेरैको मन नपरेको बनायो होला । एक दिनको घटना उदाहरणस्वरूप तिनको सामुन्ने आउन थाल्यो । गोविन्द पण्डित र गोरे जमदारको खेतका झगडा धेरै दिनदेखि चलिआएको थियो तर त्यस दिनको जस्तो

कुटामारी कैले भएको थिएन । कृष्ण राय सदाको जस्तो मध्यस्थ भए र बानीले प्रेरित भएझैं ती झगडियाहरूलाई झगडाको दुष्परिणाम बुझाउन थाले । हेर गोविन्द पण्डित हेर गोरे जमदार, झगडा गरेर के लाभ, आपसमा मिल, खाउपिऊ र ईश्वरको भजन गर । यति उपेदशमै तिनीहरू झगडा गर्न छाड्ने भए तिनीहरू कैले पनि झगडा गर्ने थिएनन् ।

तिनीहरू मिल्न मानेनन् र बिचारा, मध्यस्थलाई कर लागेर गोरे जमदारको पक्षमा न्याय दिनुपर्‍यो । यस झगडामा मध्यस्थ भएर तिनले निश्चय नै गोविन्दु पण्डितलाई आफ्नो शत्रु बनाएर होलान् । फेरि एउटा मास्टरकको र कैयाँको झगडामा न्याय कैंयाँको पक्षमा हुँदा मास्टरले रिसाएर भनेको थियो "हेर्नुहोस् कृष्ण रायजी, फैसलालाई त म आफ्नो शिरमा राख्छु तर कैयाँ कैयाँ हुन् काम लाग्ने छैनन् ।" एउटा झगडामा सबभन्दा निर्दोष काम हो, त्यो झगडाको मध्यस्थ हुनु तर कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्तैन । मध्यस्थले एउटा न एउटाको शत्रु हुनैपर्छ- कृष्ण रायले बिउँझेझैं यो ज्ञान आर्जन गरे ।

विचार गर्दागर्दै कष्ण रायले डिब्बामा भएको झगडा सम्झे, हातमा तिनीद्वारा धक्का खाई लडेको एउटा मान्छेलाई सम्झे, तिनले निकालिदिएका नोकरहरूलाई सम्झे, गरीब तर ईर्ष्यालु, दाजुभाईलाई जो तिनको उन्नति देखिसहँदेनेथे । अरूको त के कुरा आफ्नै पोष्य पुत्रमाथि पनि उनलाई भरोसा थिएन । चाँडै नै सम्पत्तिको मालिक हुन उसले जे पनि गर्न सक्छ आखिर आँफैले जन्माएको छोरो त ..... ।

घटनालाई बिर्सन प्रयत्न गर्दै कृष्णराय निदाउने निहुँले बिछ्योनामा बुङ्ग लडे । शत्रुता पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि भित्र हुँदैनन् सब शत्रु सबै वैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? माने अकरण सोही कसैको शुत्र हुँदैन, तर झगडाको निहू कति सजिलै पाइन्छ । कृष्ण रायले धेरैसँग सङ्गत गरेनन् तर जति सँग गरे सबैलाई तिनीसँग बाप बैर सोध्ने कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म निर्दोष कारमा पर्ना विषालु साँपजस्तो बैरी बनाउने साधन झुकिरहेको देखिन्छ ।

भोलिपल्ट यो घटनाको जाँच हुँदा पुलिसको इन्स्पेक्टरले तिनलाई सोध्यो- "तपाईलाई कसैमाथि शङ्का

कृष्ण रायले गम्भीर भएर उत्तर दिए "राम्रो केदर युवक, गोविन्द पण्डित, कन्हैया मास्टर, बुधे, लीला पुष्पराज रामचन्द्र पराजुली ।"

**शब्दार्थ**

भद्र : सभ्य, शिष्ट, असल

मध्यस्त : कसैको पक्षमा नलाग्ने, तटस्थ

यत्न : प्रयास

तन्दा : निदाउनु भन्दा पहिलेको अवस्था

सुइँको : पत्तो

हप्की : हप्काउने काम

अकलुषित : कुनै प्रकारको खराब भावना नभएको, स्वच्छ

बाहक : कुनै मतलविना विना सित्ति

आपस : आफन्त

कैयो : प्रायः व्यापारको काम गर्ने एक वर्ग वा जाति

पोस्यपुत्र : छोरा समान गरी पालन पोषण गरिएको व्यक्ति, धर्म पुत्र

अदब : आफू भन्दा ठुला बडा वा मान्य जनप्रतिको आदरभाव, नम, आचरण

**अभ्यास**

**सुनाइ**

१. पाठको पहिलो दोस्रो र तेस्रो अनुच्छेद सुन्नुहोस् र तल सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

(क) आँखामा राखे पनि नबिझाउने व्यक्ति को थियो ?

(ख) कृष्ण रायले सन्तानको रूपमा कसलाई पालेका थिए ?

(ग) समय समयमा कृष्ण रायले अरूलाई के दिन्छन् ?

(घ) गाउँलेले कृष्ण रायलाई कस्तो रूपमा हेर्दछन् ?

२. कथाको चौथो र पाँचौ अनुच्छेद श्रुतिलेखन गर्नुहोस् ।

३. पाठको  छैटौं अनुच्छेद सुनी त्यसमा व्यक्त गरिएका कुरालाई कक्षामा सुनाउनुहोस् ।

**बोलाइ**

४. तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :

विरुद्ध, संयोगवश, मध्यस्थ, पोस्यपुत्र, सिद्धान्त, अकलुषित, इन्स्पेक्टर, कन्हैया, तन्द्रावस्था

५. यस कथाको शीर्षक कत्तिको उपयुक्त छ ? आफ्ना तर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. कथाको पाँचौ अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।

**पढाइ**

७. पाठका अनुच्छेदहरू पालैपालो पढ्नुहोस् ।

८. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

लोकतन्त्रमा सूचनाका माध्यमहरूको व्यवस्थापन कसले र कसरी गर्ने भन्ने विषयमा खास सैद्धान्तिक विवाद छैन तर व्यावहारिक प्रयोगमा भने विभिन्नता पाइएका छन् । लोकतान्त्रिक देशहरूमा समेत प्रसारण माध्यमहरूको व्यवस्थापन सरकारका तर्फबाट हुने परिपाटी अझै पनि नभएको होइन तर छापा मध्यम भने प्रायः सरकारद्वारा सञ्चालित हुने गर्दैनन् । नेपालमा भने अहिले पनि छापा माध्यम सरकारले चलाई रहेको छ । लोकतन्त्रको पुनः स्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी नियन्त्रणात्मक र निर्देशनमुखी थियो । अपेक्षाकृत स्वतन्त्र रूपमा सूचना खोज्ने निजी क्षेत्रका माध्यमहरू समेत सरकारका तर्फबाट बारम्बार प्रताडित र प्रतिबन्धित हुने अवस्था थियो । लोकतन्त्रको स्थापनाले यस परिपाटीमा व्यापक र आधारभूत परिवर्तन ल्यायो । परिणाम स्वरूप निजी क्षेत्रका सञ्चार माध्यमहरू माथिको नियन्त्रित परिपाटी समाप्त गरे पनि सरकारी संस्थाहरूबाट सूचनाको प्रवाह गर्ने परिपाटीमा अपेक्षा गरे अनुसारको गुणात्मक परिवर्तन भने आउन सकेको देखिँदैन । जे जति परिवर्तन देखिन्छ त्यो व्यवस्थित र वैज्ञानिक सुधारका कारण नभएर व्यापक राजनीतिक परिवर्तनका कारण हुन पुगेको स्वभाविक परिमाण जस्तो मात्रै अनुभव हुन्छ ।

**प्रश्नहरू**

(क) लोकतन्त्रमा सञ्चार माध्यमको व्यवस्थापन कसरी गर्नु उपयुक्त हुन्छ ?

(ख) लोकतन्त्रको पुनः स्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी कस्तो थियो ?

(ग) लोकतन्त्रले सञ्चार क्षेत्रमा कस्तो परिवर्तन ल्यायो ?

(घ) नेपालमा सरकारी स्तरबाट के कस्ता सञ्चार माध्यमहरू सञ्चालित छन् ?

(ङ) 'प्रसार माध्यम' र 'छापा माध्यम' को अर्थ के हो ?

९. पाठको चौथो अनुच्छेद पढी मुख्य मुख्य बुँदाहरू टिप्नुहोस् ।

**लेखाइ**

१०. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

विरुद्ध, संयोगवश, मध्यस्थ, पोस्यपुत्र, सिद्धान्त, अकुषित, इन्स्पेक्टर, कन्हैया, तन्द्रावस्था

११. पाठको दोस्रो अनुच्छेद अनुलेखन गर्नुहोस् ?

१२. तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :

(क) कृष्ण रायले किन सबैलाई 'शत्रु' ठान्न पुगे ?

(ख) कृष्ण रायका चारित्रिक विशेषता के के हुन् ?

(ग) 'शत्रु' कथाको शीर्षकको सार्थकता देखाउनुहोस् ।

(घ) 'शत्रु' हुँदै नभएको मान्छे हुन्छ कि हुँदैन, निष्कर्ष दिनुहोस् ।

(ङ) 'शत्रु' कथाबाट पाइने सन्देश के हो ?

१३. 'शत्रु' कथाले कृष्ण रायका माध्यमबाट मानव मनको के कस्तो विश्लेषण गरेको छ विवेचना गर्नुहोस् ।

१४. सप्रसङ्ग व्याख्या गर्नुहोस् ।

(क) मध्यस्थले एउटा न एउटाको शत्रु हुनै पर्छ ।

(ख) दुनियाँमा कोही पनि मित्र हुँदैनन्, सबै शत्रु सबै वैरी नै हुन्छन् ।

**व्याकरण**

१. उदाहरणमा दिए जस्तै गरी तलका शब्दबाट पर्यायवाची शब्द लेख्नुहोस् ।

साथी - मित्र, सङ्गी

फूल - पुष्प, सुमन

नरम- कोमल, कमलो

पहाड - पर्वत, शैल

अति, अनल, उक्ति, देवता, जनक, विलास, प्रात, निर्धन, देवालय, पत्नी, दृश्य, असुर, गिरी, भुवन, सेवक, मुनि, दीप, मार्ग, उज्यालो, नभ, नलाउ, पहाड, जङ्गल, कापी, रुख

२. तल दिइएका शब्दहरूका विपरीतार्थक शब्द लेख्नुहोस् :

निम्न, जन्म, विपन्न, अँध्यारो, दिन, कालो, शिशु, कुदिन, हानि, पुष्ट, पाश्चात्य, उत्तर, गणनीय, जेठो, सन्चो, भलो, अर्थ, पर्ती, ठूलो, संश्लेषण, जोडी, सर्वज्ञ, नाफा, भलो, फेद, गोरी

३. तलदिइएका क्रियापदको धातु र क्रियामूलको रूप देखाउनुहोस् ।

काम्छ, सुन्छ, उर्लन्छ, फुट्यो, गुड्यो, बुझ्नेछ, रुँदैछ, आउँदैछ, लुक्छ, पढ्छ, गराउँछ, टुटाउँछ, पिर्छ, दुख्छ, हिर्कायो, लुकायो, गाएछ ।

४. तलका विस्मयादिबोधक शब्दहरूको प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् :

आत्था, स्याबास्, ओहो, राम राम, क्याबात्, आम्मै, ज्या, कठै, धिक्कार

**सिर्जनात्मक अभ्यास**

तलका बुँदाहरू समेटेर छोटो कथा लेख्नुहोस् :

एक जना बटुवा जङ्गलको बाटोमा हिँड्नु - भालुले झम्टनु - बटुवाले भालुको कम्पट समाई नियन्त्रण गर्नु - बटुवाको गोजीको पैसा छरिनु - बटुवालाई समाउन गाह्रो हुनु - दिन ढल्दै जानु - अर्को बटुवा त्यही बाटो हुँदै आउनु - छरिएको पैसा देखाउँदै पैसा छेराउँदै छु भनी दोस्रो बटुवालाई लोभ जगाउनु - दोस्रो बटुवाले भालुको कम्पट समाउनु - छरिएको पैसा बटुली पहिलो बटुवा बाटो लाग्नु - भालुले पैसा नछेर्नु - भालुले झम्टन खोज्नु- सन्देश लोभ गर्दा समस्यामा फसिन्छ ।

## पौराणिक कथा

## बुद्धि परीक्षा

### कथाकार परिचय

नाम थर : हरि खनाल, जन्मस्थान : मुरली भऱ्याङ्ग, - ६ घादिङ्ग, शैक्षिक योग्यता : एम . ए, एम फिल, प्रमुख प्रकाशित कृतिहरू : चटकी आमा (२०६३), भूतको कपर्दी (कथा सङ्ग्रह), साथी (उपन्यास), चर्चित पौराणिक कथाहरू (कथा सङग्रह, २०७०) आदि ।

### कथा

कथाकार हरि खनाल एक पौराणिक कथाकार हुन् । उनले यस कथामा पाण्डवहरू युधिष्ठिर भीम, अर्जुन र सहदेवमध्ये युघिष्ठिले चरासँग गरेको प्रश्न उत्तरलाई बौद्धिक परीक्षणका उपमा प्रस्तुत गरिएको छ । उसले पौराणिक विषयवस्तुलाई सरल भाषाशैलीमा प्रस्तुत गरेका छन् । यस कथामा चराले सोधेका सबै प्रश्नहरूको उत्तर निर्भिक रूपमा दिइए पछि चराले पक्षको रूप धारणा गरेर उनका सबै भाइहरूलाई ब्युँझाइ दिए । यसरी उक्त कथाबाट मानव भएर एक अर्काको मर्म बुझ्नुपर्छ । आफ्नो स्वार्थका पछाडि नलागि सबैका हितको निम्ति सधैँ लागि पर्ने सद्भावमूलक विचार व्यक्त गरिएको छ । सतकर्म, सतवृद्धिले जस्तो चुनौतिलाई पनि सामना गरी जस्तोसुकै समय र परिस्थिति र परीक्षणमा पनि सफल हुन सकिन्छ भने सन्देश कथाले व्यक्त गरेको छ । यसका अतिरिक्त मानव भएर मानवीय व्यवहार गर्नुपर्छ । भन्ने मानवतावादी सन्देश दिनुका साथै मानिस धैर्यशील हुनुपर्छ । धैर्यले लक्ष्यमा पुग्न सकिन्छ र सधैँ सत्यको पछि लाग्नु पर्छ ।

जुवाको राज्य हारेर सर्तअनुसार पाण्डवहरू बाह्र वर्षको वनवास र एक वर्षका गुप्तावासका लागि प्रस्थान कुरा हो । पाँचै भाइ सिकार खेल्न गएका थिए । धूपकाल थियो । पानी नजिक देखिएन । युधिष्ठर पानी प्यासले प्याकप्याक परेका थिए । उनले कान्छो भाइ सहदेवलाई पानीको खोजीमा पठाए । सहदेव पानी खोज्दै गए । निकै पर एउटा तलाउ भेटे र तलाउमा पुगेर आफू पानी खान के लागेका थिए एउटा अनौठो आवाज आया वनबाट ।

“ए मानिस ! तिमी पानी खान आएका हौला । पर्ख, मेरा प्रश्नको उत्तर दिएर मात्र यहाँको पानी खान पाइन्छ ” आवजले भन्यो

“मलाई प्यास लागेको छ र मेरो दाजुहरू पनि पानी प्यासले रन्थनाइरहेका छन् यस्तो बेला म तिम्रो प्रश्नको उत्तर दिन थालै ? पछि कुरा गरौला यस विषयमा” सहदेवले जवाफ दिए ।

“ए मूर्ख ! मेरो प्रश्नको उत्तर नदिइ म यहाँको पानी खान दिन्नँ, मनेनौ भने तिम्रो खैरियत छैन ।”

सहदेवले आवज आएपछि नजर घुमाए । नजिकैको रुखमा एउटा चरो थियो । “बेकारमा चरोले पानी खान पनि नदिएर समय खेर फालिदियो” सहदेवले मनमनै भनेर र तलाउको पानी भिकेर पिउदा आटे । उनी तत्काल बेहोस र ताउनको किनारमा लडखडाउँदै लडे । लामो समय सम्म भाइ नआएपछि युधिष्ठिरले नकुललाई पठाए । नकुल पनि त्यही पुगे भाइ बेहोस भएर लडेको देखेपछि नकुल निकै चिन्तित भए । यो कुरा दाजुहरूलाई सुनाउनु पुर्व पानीको प्यास त भेट्नै पर्‍यो भन्दै उनी पनि पिउन गए । सहदेवलाई जस्तै गरी उस्तै आवाज आयो र उही सर्त आयो । आवाजसँग रिसाएर नकुलले पनि पानी पिउन खोजे र उस्तै तरिकाले बेहोस भए । नकुल नआएर युधिष्ठिरले अर्जुनलाई पठाए । अर्जुन पनि तत्कालै त्यही उनले आफ्नो दुई भाइहरू बेहोस् भएको देखे । पानी नखाइकन उनी भाइहरूलाई बोलाउन चलाउन नसक्ने भइसकेका थिए । चर्चित योद्धा अर्जुनलाई पनि उही आवाजले रोकन खोज्यो । भाइहरूलाई बेहोस् बनाउने कसको होला भन्ने ठानेर अर्जुन रिसले आगो भए सबै भन्दा पहिला त पानी नै खानु पर्‍यो भन्दै उनी पानी उघौउन थाले । उनी पनि बेहोस भए ।

लामो समय सम्म अर्जुन नफर्केपछि युधिष्ठिरले भीमलाई पठाए । आफ्ना चार भइ बेहोस भएको देखेपछि भीम चकित परे । उनी पनि सबै भन्दा पहिला त पानी नै पिउनु पर्‍यो भन्दै तलाउको छेउमा पुगे । आवाज आए जस्तै गरी भाइहरूलाई पानी पिउन खोज्दा आएको थियो । आवाज सुनेर भीम अझै चकित क्रोधित भए । “दुष्ट ! त्यसो भएर मेरा भाइहरूलाई बेहोस बनाउने तै होस् हैन ? पर्खी म एक अञ्जुली पानी पिऊँ अनि देखाईदिन्छु तँलाई “यति भनेर भीम पनि पानी पिउन थाले । उनी पनि भाइहरूकै लहरमा बेहोस भएर लडे ! अन्तत सबै भाइहरू नफर्केपछि युघिष्ठर स्वयम् उनीहरूलाई खोज्दै आए । जब तलाउको छेउमा आइपुगे तब आफ्नो प्रिय भाइहरूको हालत देखे । उनी विष्मित भए । त्यस्ता बहादुर भाइहरूलाई कसले बेहोस बनायो हुँ ? उनी सोध मग्न भए ।

त्यसले शरीर जलिरहेकाले पहिला पानी पिउँ अनि कारण खोज्नुपर्ला भनेर तलाउको छेउमा उभिएर पानी पिउन खोजे पहिले भाइहरूलाई जस्तै गरी चेतावनीमूलक आवाज आयो ।

"पर्ख मैले सोध्ने प्रश्नको जवाफ नदिई पानी पियौ भने यसभन्दा अघि ढलेका नौजवानहरूको जस्तै हालत हुन छ" नजिकैबाट आवाज आयो । युधिष्ठिरले आवजतिर ध्यान दिए । रुखमा चरो थियो

"हे पक्षीँ ! के प्रश्न झुट्ट सोध" युधिष्ठिर बोले

प्रश्न : सूर्य के का आधारमा उदाउँछन् र आकाशमा चक्कर लगाउँछन् ।

युधिष्ठिर : आकाशमा सूर्य उदाउनु सर्यको कर्तव्य हो र प्रकृतिको नियमअनुसार आकाशमा चक्कर लगाउँछन् ।

प्रश्न : ज्ञान के हो ?

युधिष्ठिर : वेदको अध्ययन जसले गरेको छ

प्रश्न : बुद्धिमान को हो ?

युधिष्ठिर : जसले बुद्धजनको सेवा गर्छ

प्रश्न : ब्राह्मण कसरी देवता समान बन्छन् ?

युधिष्ठिर : वेदाध्यायन गरेर

प्रश्न : कस्तालाई सज्जन भनिन्छ ?

युधिष्ठिर : जो धर्मात्मा छ

प्रश्न : पापी को हो ?

युधिष्ठिर : दुर्जन पानी हो ।

प्रश्न : कुन काल ज्यादै उत्तम हुन्छ ?

युधिष्ठिर : वर्षायाम

प्रश्नः कुन जीवनको सेवा गर्नु सबैभन्दा बढी धर्म हो

युधिष्ठिर : गाइए

प्रश्न : पृथ्वी भन्दा पनि ठूलो को हो ?

युधिष्ठिर : जन्मदिने आमा

प्रश्न : हावा भन्दा पनि छिटो उड्ठो के हो ?

युधिष्ठिर : मन

प्रश्न : आकाशभन्दा पनि विशाल र उँचो के हो ?

युधिष्ठिर : पिता

प्रश्न : कसको आँखा सबै खुल्ला रहन्छ ?

युधिष्ठिर : मान्छेको

प्रश्न : कसको दिल हुँदैन ?

युधिष्ठिर : जड बस्तु अर्थात प्राण नभएका जीवहरूको

प्रश्न : यो संसारमा को खुसी हुन्छ ?

युधिष्ठिर : जसको तिर्नुपर्ने ऋण हुँदैन

प्रश्न : चाँडो उन्नति कसले गर्छ ?

युधिष्ठिर : नदीले गर्छन्

प्रश्न : कस्तोलाई क्षेत्रियतव भनिन्छ । असल क्षेत्री को हो ?

युधिष्ठिर : यज्ञ गर्नु क्षेत्रियत्व हो वीर व्यक्ति क्षेत्री हुन्छ । शास्त्र बोक्ने क्षेत्री हुन्छ र युद्धबाट भाग्ने क्षेत्री दृष्ट हुन्छ ।

आवाजले प्रश्न गरिरह्यो र युधिष्ठिरले धेरै प्रश्नका उत्तर दिए । चरोले पङ्खा फटफट गर्दै युधिष्ठिरलाई धन्यावाद दियो ।

"हे सज्जन ! म तिम्रा भाइहरूमध्ये एउटालाई मात्र जिदाइ दिन सक्छु भन कुन भाइलाई जियाइदिऊँ ?" चराले सोध्यो ।

"है विज्ञ । मैले एक भाइ रोज्नुपर्दा नकुललाई रोज्ने छु" युधिष्ठिरले भने । उनको कुरा सुनेर चराले आश्चार्य मान्यो ।

“हे सज्जन ‘गदाधारी एवम् महावली भीम, गाण्डीवधारी अर्जुनजस्तो वीरलाई नरोजेर तिमीले किन नकुललाई राज्यौ ? “चराले प्रश्न गऱ्यो ।

“हे विज्ञ ! तपाईको प्रश्न सही हो तर माता कुन्तीतिरको जेठो म छँदै छ ।” अब माता मादीतिरको एक भाइको पनि आवश्यक छ । माद्रीतिरको जेठो त नकुल नै हुन त्यसकारण मैले नुकललाई नै रोजेको हुँ युधिष्ठिरको कुरा सुनेर चरो तत्कालै यक्षको स्वरूपमा आयो । युघिष्ठिरले यक्षलाई झुकेर अभिवादन गरे ।

“हे महाराज ! तपाईजस्तो धर्मवीर यो संसारमा अरू कोही छैन ।” मैले सोधेका सारा प्रश्नको जवाफ दिएर मलाई खुसी तुल्याउनु भयो । तपाईको पछिल्लो प्रस्तावले त मेरो मनै छोयो त्यसकारण म तपाईका सबैजना भाइलाई किनारबाट निद्राबाट व्युँझिएझै उठे । यक्ष यहाँ थिएनन् । चरो तत्काल उडेर गयो ।

**शब्दार्थ**

वनवास- वनमा बस्ने काम, वनको वास

वेद- धार्मिक, साँस्कृतिक, आध्यात्मिक आदि दृष्टिले महत्त्वपुर्ण मानिने प्राचिन ग्रन्थ

वेदाध्ययन- वेद पढ्ने काम वेदको अध्ययन

सोचमग्न- सोचाइमा डुबेको विचार गर्नमा तल्लीन, चिन्तनशील

रन्थनाइ- रन्थन

योद्धा- युद्ध गर्ने व्यक्ति, लडाकु, बहादुर वीर, जोधाहा

यक्ष- पुराणमा वर्णित एक प्रसिद्ध जाति, एक देवयोनी

तलाउ- ठूलो पोखरी, ताल

धर्मात्मा- धर्ममा तल्लीन व्यक्ति, धार्मिक, पुणयात्मा

जड- गतिहीन, स्थिर, अचल

ब्यास- पानी आदि पाउने इच्छा, तिर्खा

चकित- आश्चार्यमा परेको, छक्क परेको, अचम्मित

युधिष्ठिर- महाभारत पुराण आदिका अनुसार पाण्डुराजाकी रानी कुन्तीका गर्भबाट जन्मेका तिन भाइ छोरामध्येका जेठा पञ्चपाण्डव मध्येका पहिला भाइ जेठा पाण्डव धर्मराजा

पाण्डव- महाभारत प्रसिद्ध पाण्डवक पाँच छोरा पञ्चपाण्डव ( युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव)

अभिवादन- आफूले मान्नु पर्ने ठुलावडा व्यक्तिहरूलाई आदर पूर्वक गरिने नमस्कार, प्रमाण

चक्कर- घुम्ने काम, घुमाइ, फेरोप, फन्को, परिक्रमा

विशाल- आकारका दृष्टिले धेरै फैलिएको, ठूलो आकारको

नजर- आँखा, नेत्र

अनौठो- अचम्मको, विचित्र, आश्चर्य लाग्दो, उदेक लाग्दो

## अभ्यास

### सुनाइ

१. पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र त्यस अनुच्छेदमा कुन कुन पात्रहरूको नाम उल्लेख भएको छ भन्नुहोस् ।

२. पाठको दोस्रो अनुच्छेद सुन्नुहोस् र जुवाको राज्य हारेको सर्तअनुसार पाण्डवहर कति वर्ष वनवास र कति वर्ष गुप्तावासका लागि गएका थिए भन्नुहोस् ।

३. पाठको अन्तिम अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।

### बोलाइ

४. तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस्

धूपकाल, धर्मात्मा, व्यास, चकित, मन गाई दुर्जन

५. तलका शब्दको अर्थ भन्नुहोस्

वनवास, गुप्तवास, तलाऊ, लडखडाउँदै, योद्धा, चेतावानीमूलक, क्षेत्रियत्व

६. युधिष्ठिरको चरित्र तपाईलाई कस्तो लाग्यो ? पाठका आधारमा भन्नुहोस् ।

७. तपाईंले सुनेको कुनै पौराणिक कथा छोटकरीमा सुनाउनुहोस्

**पढाई**

८. पाठका अनुच्छेदहरू पालैपालै पढ्नुहोस् ।

९. पाठको चौथो अनुच्छेद पढीतलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

क) रुखमा के थियो ?

ख) सहदेवले कुन ठाउँको पानी झिकेर पिउन आँटेका थिए ?

ग) नकुल नआएपछि युधिष्ठिरले कसलाई पठाएका थिए ?

घ) को रिसले आगो भएका थिए ?

१०. पाठको पाँचौ अनुच्छेद पढी मुख्य मुख्य चार ओटा बुँदाहरू टिप्नुहोस् ।

११. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस्:

नेपालको भूधरातल तराई पहाड र हिमालको विविधताले बनेको छ । तराईको भूभाग समतल छ र यो क्रमशः उत्तरतर्फ पहाड हुँदै उच्च हिमालसम्म पुग्दछ । तराईको समलत भूक्षेत्रको उचाइ समूद्रदेखि ६० मि. छ भने उत्तरको सगरमाथा हिमालसम्म पुग्दा धरालतको उचाय ८,८४८ मि सम्म पुग्दछ । सगरमाथा हिमालको यो उचाइलाई संसारको सबैभन्दा अग्लो उचाइ भएको क्षेत्र मानिन्छ । तराईदेखि हिमालसम्मको भूविविधता आजभन्दा १२ करोड वर्ष अगाडि भौगर्भिक उथलपुथल हुँदा सिर्जना भएको हो । उत्तरतर्फको युरेसियन प्लेट र दक्षिणमा रहेको भारतीय उपमाहादीपको प्लेट एक आपसमा ठक्कर खाँदा हिमाल बन्न गएको कुरा भुगर्भविद्हरू बताउँछन् । यिनै भूघरातलीय विविधतामा नेपालको जलवायु विविधता, जैविक विविधता, सांस्कृतिक विविधता एवम् ताल तथा सिमसारको विविधताको संरचना भई आएको छ । नेपालका विभिन्न भूभागमा विद्यमान तालतलैया, दह, कुण्ड, पोखरी एवम् सिमसार हाम्रा प्राकृतिक, आध्यात्मिक तथा सांस्कृतिक विकासका धरोहर हुन् । यस्ता स्रोतहरू पनि विकासका लागि आधार बन्दै आएका छन् । उदाहरणका लागि कास्की जिल्लाका फेवा तथा बेगनास तालहरूलाई लिन सकिन्छ जसले पोखराको सुन्दरतालाई प्रसिद्धिको शिखरमा पुऱ्याइदिइएका छन् भने यी तालहरू नै आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि आकर्षण गर्ने माध्यम पनि भएका

छन् । यसले गर्दा एकातिर स्थानीय बासिन्दाहरूको जिविकोपार्जनमा सहयोग पुगेको छ भने अर्कातर्फ पर्यटन प्रवर्धनमा सहयोग पुग्न गई देशको राष्ट्रिय आयमा पनि योगदान पुगेको छ ।

**प्रश्नहरू:**

क) हिमालको उत्पत्ति कसरी भएको हो ?

ख) नेपालको भूधरातलीय बनोटमा उचाइका दृष्टि

ग) विकासका धरोहरूहरू के के हुन् ?

घ) तालतलैया कुण्ड र सिमसारले कस्तो सहयोग पुऱ्याएका छन् ?

ङ) 'समतल' र भुगर्भविद्' शब्दको अर्थ लेख्नु होस् ?

**लेखाइ**

१२. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

सहदेव, स्वयंम्, अञ्जुली, चेतनामूलक, बुद्धिमान,

१३. पाठका पहिलो र दोस्रो अनुच्छेदको पुनर्लेखन गर्नुहोस् ।

१४. तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् ।

क) पाण्डवहरू को थिए र तिनीहरूको नाम के के थिए ?

ख) चरो यक्षका विचमा कस्ता प्रश्नोत्तर भए ?

ग) यक्षले किन युधिष्ठिरका सबै भाइलाई बचाइदिए ?

घ) 'बुद्धि परीक्षा' कथाले के सन्देश दिएको छ ?

१५. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

क) यज्ञ गनु क्षेत्रित्व हो, वीर व्यक्ति क्षेत्री हुन्छ ।

ख) तपाई जस्तो धर्मवीर यो संसारमा अरू कोही छैन ।

## व्याकरण

१. उदाहरणमा दिए जस्तै गरी तलका शब्दबाट धातु छुट्याउनुहोस :

| शब्द | धातु |
|---|---|
| गर्नु, बस्छ, हिँड्यो, लेख्नु मोटाउनु, थुप्रिनु, छोटिन्छ गराउनु, लेखाउन, पढाउँछ | गर, बस्, हिँड, लेख्, मोटाउ, थुप्रि, छोटि गराउ, लेखाउ, पढाउ |

हुनु बटार्नु, झार्छ, स्विकार्छ, दियो, बङ्ग्याउँछ, बाङ्गिनु, झर्छ, झस्काउँछ, लगाउनु, लाग्नु सुनाउँछ, सिकाउँछ, खुवाउनु, पठाउनु बसाउँछ

२) उदाहरणमा दिए जस्तै गरी तल दिइएका शब्दबाट धातुका प्रकार छुट्याउनुहोस् :

| शब्द | धातु | प्रकार |
|---|---|---|
| सुत्छन्, सुत्नु, हेर्नु, देखिनु | सुन्, सुत्, हेर, देख | सामान्य धातु |
| कुम्ल्याउनु, चिसिन्छ, भित्रियो | कुम्ल्याउ (कुम्लो + याउ)<br>चिसि (चिसो+ इ)<br>भित्रि (भित्र+ इ) | नाम धातु (नाम, विशेषण र अथय शब्दबाट बनेका धातु |
| सिकाउँछ, देखाउनु, बसायो | सिकाउ, देखाउ, बसाउ | प्रेरणार्थक धातु |

रहनु, मुन्टिनु, पहेँलिनु, बर्बराउनु, सुनाउनस, कस्नु, कसाउनु, बाट्नु, धिक्कार्छ, लियो, गर्नु, तोड्छ, हिँडाउनु, गराउनु

३. कोष्ठकमा दिइएको संकेतका आधारमा तलका वाक्यहरू परिर्वतन गर्नुहोस् :

क) हाम्रा काका परिश्रमी छन् । (स्त्रीलिङ्ग)

ख) उनी भोलि घर जान्छिन् । (पुलिङ्ग)

ग) उनीहरू लुम्बिनी गए । (एकवचन)

घ) पोखरामा सुन्दर ताल छ । (बहुवचन)

ङ)   म फूल मन पराउँछु । (द्वितीय पुरुष)

च)   तिमी असल छौ । (तृतीय पुरुष)

छ)   उहाँहरू भोलि आउँदै हुनुहुन्छ । (प्रथम पुरुष)

ज)   तँ घर जा । (मध्यम आदरार्थी)

झ)   तिमी आऊ । (उच्च आदरार्थी)

ञ)   तपाई यहाँ बस्नुहुन्छ । (सामान्य आदरार्थी)

४)   तलको अनुच्छेदमा रहेका विस्मयादिवोधक शब्दलाई रेखाङ्कन गर्नुहोस् :

"आहा ! क्या गजब ! राम्रो बनाउनुभएछ, करेसाबारी ।" भन्दै महेशजी एकाविहानै आइपुगे । ढोकामा आउनासाथ कुकुर भुक्यो । "धत् ! उता जा" भन्दै मुलद्वारमै उनी उभिरहे । मैले कुकुर धपाएर उनलाई भित्र बोलाएँ । कोठाभित्र आमालाई देख्नासाथ उनले "ओहो ! आमा नमस्कार" भन्दै हात जोडे । आमाले हाल खबर सोध्नुभयो । महेशले "अरू त ठिकै छ आमा, साहिँला भाइको भने मोटर साइकल दुर्घटनामा परेर खुट्टो मर्किएको छ" भने कठै ! कहिले नि ? आमाले सोहनुभयो ।

५.   तलका निपात प्रयोग गरी कुनै घटनाको चर्चा गर्नुहोस :

पो, त, पनि, रे, र, कि, ल, लौ, क्यारे

६.   तलका विस्मयादिबोधक शब्दहरूको प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् ।

विचरा, हरे, शिव, अहो, धन्यवाद, छिः छिः अत्था थुक्क, ला

**सिर्जनात्मक अभ्यास**

तलका बुँदाहरू समेटेर छोटो कथा लेख्नुहोस् :

भयङ्कर जसङ्गल ……… जङ्गलको राजा सिंह …… एउटा सानो खरायो …… सिंह र खरायोको भेट…….. खरायोको …… बुद्धिमानी …… सिँहको मूर्खता …… खरायोले सिंहलाई इनामार अर्को सिंह देखाउनु …… जङ्गलका पशुप्राणीको रक्षा ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

पाठ्यक्रम समग्र शिक्षण कार्यको औपचारिक अध्ययनको प्रमुख दस्तावेज हो । यो शिक्षा प्रणालीको मेरुदण्ड हो । पाठ्यक्रमका उद्देश्य पुरा गर्नका लागि पाठ्यपुस्तकको आवश्यकता पर्दछ । पाठ्यक्रम समय सापेक्ष परिवर्तन गर्नुपर्छ, सोहिअनुरूप पाठ्यपुस्तक पनि अद्यावधिक गर्नुपर्ने हुन्छ । यस अध्ययनमा 'कक्षा दशको नेपाली विषयको पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्री निर्माण' गर्दा विधाको क्षेत्र र क्रमलाई ख्याल गरी विधाको उपयुक्त र सान्दर्भिक तवरले छनोट र स्तरण गरिएको छ । विधाका पाठ अनुरूप चार ओटै भाषिक सिपको विकास गराउने उद्देश्यले सन्दर्भ सामग्री निर्माण गरिएको छ ।

पाठ्यक्रमका सिकाइ उपलब्धिहरूलाई कक्षाकोठामा कार्यान्वयन गर्नका लागि पाठ्यपुस्तक आवश्यक पर्दछ । भाषा पाठ्यपुस्तकका पाठमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपअन्तर्गत विभिन्न क्षेत्रमा आवश्यक मात्रामा रुचिका अभ्यास राखेर पाठ्यपुस्तक निर्माण गरिन्छ । यसै सन्दर्भमा प्रस्तुत शोधकार्य कक्षा दशको नेपाली विषयको पाठ्यक्रमका आधारमा सन्दर्भ सामाग्री निर्माण गर्न उपयुक्त ठानिन्छ । उक्त अध्ययनलाई पाँच अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोध परिचय र यसका उपशीर्षकहरू राखिएको छ । उक्त अध्ययनमा पाठ्यक्रम निर्माणसँग सम्बन्धित पक्षको विश्लेषण गर्नु कक्षा दशको नेपाली पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण गर्नु उद्देश्य राखिएको छ । अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा रहेको छ । प्रस्तुत अध्ययनका क्रममा उपयोग गरिएको स्रोत तथा विधिहरू र प्रक्रियाहरूलाई अध्याय तिनमा राखिएको छ । अध्याय चारमा पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण अन्तर्गत कथा, कविता, निबन्ध र जीवनीलाई राखिएको छ । उक्त अध्यायमा पाठ्यक्रमले निर्धारण गरे अनुरूपका विधा क्षेत्र र क्रमका आधारमा विविध विधाका पाठहरू समावेश गरिएको छ । भाषाका आधारभूत सिपको विकास हुने खालका नमुना अभ्यास, सिर्जनात्मक अभ्यास कार्यमूलक व्याकरण आदिलाई जोड दिएको छ ।

यसरी विभिन्न विधाहरूको समावेश गरी पाठ्यक्रमको उद्देश्यअनुरूप विधार्थीको रुचि, स्तर, तह, समय सापेक्ष आदिलाई ख्याल गरी कक्षा दशको नेपाली बिषयको पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्रीको निर्माण गरिएको छ । मूलतः भाषिक सिपको विकास गर्न र भाषा शिक्षणका आवश्यकता पूरा गर्नका लागि यसले सहयोग गर्दछ ।

## ५.२ निष्कर्ष

विद्यालय तहको शैक्षिक कार्यकलापमा नेपाली भाषाको अत्यन्तै महत्त्वपूर्ण योगदान रहेको छ । विद्यालय तहको प्रारम्भिक कक्षादेखि अनिवार्य रूपमा पठनपाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यवहारिक ढङ्गले शिक्षण गर्नुपर्छ जसका निमित्त उपयुक्त पाठ्यक्रम र पाठ्यसामग्री निर्माण हुनु जरुरी देखिन्छ । विद्यालयमा पढाइने नेपाली भाषाको मुख्य प्रयोजन भाषिक सिपको विकास गराउनु हो । यसका साथै विविध विधाका माध्यमबाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु आदि रहेको छ । पाठ्यक्रमका आधारमा सन्दर्भ सामाग्री निर्माण गर्नका लागि गरिने भएकाले सोहिअनुसार विषयवस्तु पाठ्यपुस्तकमा समावेश गर्नुपर्दछ । प्रस्तुत अध्ययनको निष्कर्ष निम्नानुसार रहेको छ :

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, परिमार्जित संस्करण २०७१, अन्तर्गत माध्यमिक तह कक्षा दशको नेपाली बिषयको पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्री निर्माण शीर्षकमा शोधपत्र तयार गरिएको छ ।

२. प्रस्तुत शोधपत्रमा कविता, कथा, निबन्ध, जीवनी गरी ४ ओटा विधाहरू छनोट र स्तरण गरी राखिएको छ ।

३. उक्त विधाहरूमा कविता शिक्षणका माध्यमबाट लयबोध, भाववोध र उच्चारण सिपको विकास गर्ने उद्देश्य राखिएको छ ।

४. कथा शिक्षणको मुख्य उद्देश्य विधार्थीहरूमा कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु रहेको छ । यस विधाका माध्यमबाट भाषाका सुनाइ, बोलाई, पढाइ र लेखाइ चार ओटै सिपको विकास गर्न सकिने निष्कर्ष निकालिएको छ ।

५. निबन्ध गधात्मक विधा भएकाले यसबाट बोध तथा अभिव्यक्ति क्षमताको विकास गर्नु पर्दछ ।

६. जीवनी विधा शिक्षणबाट भाषाका मौखिक र लिखित अभिव्यक्ति सिपको विकास गर्न सकिन्छ ।

७. कार्यमूलक व्याकरण शिक्षणबाट भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्न सकिन्छ ।

८. सिर्जनात्मक अभ्यासका माध्यमबाट अन्तरनिहित प्रतिभाको प्रस्फुटन गरी व्यक्तित्व विकासमा समेत टेवा पुग्दछ ।

९. भाषाका आधारभूत सिप र सुनाई, बोलाई, पढाई, लेखाई को विकास हुने खालका अभ्यासहरू निर्माण गरिएको छ ।

१०. व्याकरणलाई छुट्टै रूपमा नराखी पाठसँग एकीकृत गराएर कार्यमूलक र आगमनात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

प्रस्तुत कक्षा दशको नेपाली विषयको पाठ्यक्रमका आधारमा सन्दर्भ सामग्री निर्माण शोधकार्य सैदान्तिक पृष्ठभूमिमा आधारित भएर पनि प्रयोगउन्मुख विषयमा आधारित भएकाले भाषा शिक्षणका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिन सक्ने कार्यमूलक अनुसन्धानको रूपमा समेत लिन सकिन्छ ।

## ५.३ उपयोगिता

### ५.३.१ नीतिगत तह

१. पाठ्यक्रम निर्माता पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरका नीति निर्माताहरूलाई पाठ्यक्रममा सुधार संशोधन तथा परिमार्जन गर्न प्रस्तुत शोधकार्य उपयोगी हुन्छ ।

२. भाषा पाठ्यपुस्तक निर्माताहरूका लागि भाषा पाठ्यपुस्तकमा आवश्यक सुधार गर्न मदत पुग्ने छ ।

३. पाठ्यक्रम तथा पाठ्यपुस्तकको आधारमा सन्दर्भ सामग्री निर्माण गर्ने सन्दर्भमा प्रस्तुत अध्ययनमा समावेश गरिएका पाठहरूलाई सामग्रीको रूपमा उपयोग गर्न सकिने छ ।

४. भाषा पाठ्यपुस्तकमा प्रयोगमा हुने पाठ्य सामग्री निर्माता वा लेखकका लागि एउटा सुनिश्चित दृष्ट्रिकोण प्रदान गर्न प्रस्तुत अध्ययन उपयोगी देखिन्छ ।

**५.३.२ प्रयोगगत तह**

१. प्रस्तुत अध्ययन निति निर्माताका लागि मात्र नभई प्रयोगात्मक तहमा पनि अत्यन्त उपयोगी सावित हुनेछ । शिक्षक, विद्यार्थी, अभिभावक, अध्येता सबैका लागि महत्त्वपूर्ण देखिन्छ ।

२. प्रस्तुत अध्ययनलाई कक्षा दशका विद्यार्थी माझ पठनपाठन गर्न गराउन उपयोग गर्न सकिने छ ।

३. पाठ्यक्रम तथा पाठ्यपुस्तकको अभाव रहेको सन्दर्भमा यस अध्ययनमा समेटिएका सन्दर्भ सामाग्री बाट सुनाई, बोलाई, पढाई र लेखाई सिप अभिवृद्धि गराउन उपयोग गर्न सकिनेछ ।

४. प्रस्तुत अध्ययनले विधार्थीको रुचि र स्तर सुहाउँदो विषयवस्तु छनोट, सङ्गठन र अभ्यास लेखनका लागि शिक्षक, विद्यार्थी र अभिभावकलाई सहयोग पुऱ्याउने छ ।

५. वालवालिकाहरूमा सहयोगी, नैतिकवान, राष्ट्रभक्त, प्रकृतिप्रेमी, जीवन उपयोगी, विषयवस्तुमा धक नमानी कुराकानी गर्न सक्ने क्षमता विकासमा सहयोग पुऱ्याउने छ ।

६. भाषाका सुनाइ, वोलाइ, पढाइ, र लेखाइ सिप विकास गराउन प्रस्तुत अध्ययनमा समावेश गरिएका पाठहरू विद्यार्थी, शिक्षक र अभिभावकका लागि विद्यालयभित्र र वाहिर उपयोगी हुने छन् ।

## सन्दर्भसामग्री सूची


काफ्ले, दधिराम (२०७२), *कक्षा दशको नेपाली, विषयको नमुना पाठ्यपुस्तक निर्माण,* शिक्षा स्नातकोतर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खड्का, लालबहादुर (२०७४), *कक्षा एघारको अनिवार्य नेपाली भाषा विषयको नमुना पाठ्यक्रम निर्माण,* शिक्षा स्नातकोतर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.,कीर्तिपुर ।

ढकाल, लोकप्रसाद (२०७१), *कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तकका लागि नमुना पाठ निर्माण,* शिक्षा स्नाकोतर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र ढकाल, दुर्गाप्रसाद (२०६२), *भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

थापा,चेलीमाया (२०७२), *कक्षा चारको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण शिक्षा,* स्नातकोतर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

भट्ट, टिकेन्द्रप्रसाद (२०६७), *पाठ्यक्रम सिद्वान्त,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि.।

भट्टराई, रामप्रसाद (२०६३), *भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग,* काठमाडौँ :शुभकामना प्रकाशन प्रा. लि. ।

भण्डारी, पारसमणि र अन्य (२०७१), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा. लि.।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन र सम्पादन,* काठमाडौँ : विधार्थी पुस्तक भण्डार ।

भण्डारी,पारसमणि र अन्य (२०७५), *नेपाली शिक्षा पाठ्यक्रम दिग्दर्शन,* काठमाडौः विधार्थी पुस्तक भण्डार ।

निउरे, ध्रुवप्रसाद (२०७१), *पाठ्यक्रम अभ्यास,* काठमाडौँ : क्वेष्ट पब्लिकेसन प्रा.लि.।

नेपाल सरकार (२०७३), *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०) (२०७१),* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार (२०७४), *नेपाली कक्षा १०,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, माधवप्रसाद (२०६७), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँः हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा .लि.।

लम्साल, रामचन्द्र र अन्य (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, तुलसा (२०७३) *कक्षा पाँचको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण,* शिक्षा स्नाकोतर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मनप्रसाद र अन्य (२०५५), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सापकोटा, सरिता (२०७३), *कक्षा तिनको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६६), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : राज अफसेट प्रेस ।